# ओसारपसार

एटविनको अर्ध–वार्षिक प्रकाशन

अंक १५ कार्तिक २०७३ (November 2016)

**सल्लाहकार**
मीना बिष्ट

**सम्पादक**
विमला ज्ञवाली
अनिल अधिकारी
सोम कुमार राई
शान्ता खनाल
बेनु माया गुरूङ

**संयोजक**
भाविशा कोइराला

**व्यवस्थापक**
रूपा शर्मा

**आवरण/ले–आउट**
सचिन महर्जन

**मुद्रण**
द क्रिएशन, ललितपुर
९८५११४२२०९

**यस बुलेटिनमा प्रकाशित लेखहरू लेखकका निजी विचार हुन् ।**

## विषयसूची


- **अध्यक्षको कलमबाट**

**लेख**

- मानव बेचबिखन न्यूनीकरण तथा सुरक्षित स्थानागमनका लागि सञ्चार माध्यम – *विजय पौडेल* १
- मानव बेचबिखन नियन्त्रण समाज विकासको आधार – *टंक पन्त* ४

**अन्तर्वार्ता**

- मानव बेचबिखनलाई राष्ट्रिय समस्याको रुपमा सम्बोधन गर्नु पर्ने आवश्यकता ! – *सुनीता नेपाल* ७

**लेख**

- बाल यौन दुर्व्यवहार र मदिराको सम्बन्ध – *कुमार भट्टराई* ११
- व्यवसायिक यौन शोषणको अन्त्य र राज्यको दायित्व – *नेहा शर्मा* १५

**रिपोर्ट**

- स्रोत केन्द्रको ब्यूटीपार्लर र परामर्श सेवा – *अनिल अधिकारी* १८

**अन्तर्वार्ता**

- एचआईभी/एड्स संक्रमितहरूको अधिकार सुनिश्चित होस् ! – *नातीसारा (गोमा) राई* २२

**विश्लेषण**

- पत्रपत्रिकामा मानव बेचबिखन तथा ओसारपसार २५

**लेख**

- मानव बेचबिखन तथा ओसारपसार विरूद्धको उजुरी प्रक्रियाका समस्या र चुनौतीहरू – *दिलिप कोइराला* २७

**सदस्य संस्था परिचय**

- परिवर्तनका लागि कार्यरत महिला समूह (वाच) चिनारी २९

**ऐन दस्तावज**

- लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्ने सम्बन्धमा केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२ ३१

**एटविन गतिविधि**

- एटविनको संक्षिप्त प्रगति प्रतिवेदन ३६
- **संचारमा एटविन** ४१
- **संचारमा बेचबिखन** ४२


प्रकाशकः

AATWIN

**महिला तथा बालबालिका बेचबिखनविरूद्ध सहकर्मी समूह, नेपाल (एटविन)**

पो.ब.नं. : २४९६०
फोन नं. ४२२९७८७, ४२२०४७८, फ्याक्स नं. : ४२२९७८७
इमेलः aatwin@ntc.net.np, वेबसाइट : www.aatwin.org.np

प्रकाशन सहयोगीः

Global Fund for Women

**ग्लोबल फण्ड फर वुमन**

# अध्यक्षको कलमबाट



मानव बेचबिखन एक जघन्य र विश्वमै तेश्रो ठूलो संगठित अपराधको रुपमा रहदै आएको छ। यसको न्यूनीकरण गर्दै यसका विरुद्ध कार्यरत विभिन्न निकाय तथा सरोकारवालाहरू पनि संगठित भएर लाग्नु आवश्यक रहेको छ । एटविन गैससहरूको राष्ट्रिय संजालको रुपमा विभिन्न गैससहरूलाई संगठित गर्दे विभिन्न सरोकार वालाहरूसंग समन्वय र सहकार्यमा अभिवृद्धि गर्दे मानव बेचबिखनको न्यूनीकरणमा लागिदुई दशक देखि निरन्तर लागि रहेको छ । सवालहरुलाई उठान गर्न र सम्बन्धित निकायमा ध्यानार्कषण गराई न्यूनिकरण गर्ने क्रममा विभिन्न सरोकारवालामध्ये संचार माध्यमतथा संचारकर्मी पनि एक महत्वपूर्ण सरोकारवालाको रुपमा रहेको छ। मानव बेचबिखन न्यूनीकरणमा संचार माध्यम तथा संचारकर्मीले महत्वपूर्ण भुमिका रहेको कुरालाई मनन् गरि एटविनले यसपटकको ओसारपसारको यस अंकमा संचारकर्मी तथा संचारसंग सम्बन्धित विषयवस्तुमा केन्द्रित प्रकाशन गरिएको छ ।

संचारमाध्यमहरूले मानव बेचबिखनविरुद्धको सचेतना वृद्धिमा महत्वपूर्ण भुमिका निर्वाह गर्न सक्दछ । साथै समाजमा घटि रहेका मानव बेचबिखनविरुद्धको अपराधिक घटनाहरुलाई प्रकाशमा ल्याउने, कानूनी कारवाहीमा परेकाविभिन्न मुद्दाहरूलाई बाहिर ल्याउने तथा यस सम्बन्धी अनुसन्धानात्मक लेखहरू प्रकाशन गरेर मानव बेचबिखन न्यूनीकरणमा सहयोग गर्न सक्दछन । यसमा बेचबिखनबाट पीडित/प्रभावितहरूको गोप्नीयताको विशेष ख्यालगर्नु पर्दछ । मानव बेचबिखन न्यूनीकरणकालागि संचारमाध्यम तथा संचारकर्मीको भुमिका थप प्रभावकारी हुने अपेक्षा गरेको छू ।

अन्त्यमा, यो पुस्तक तयार गर्ने कममा लेख, रचनाहरु उपलब्ध गराई सहयोग गरीदिनुहुने लेखकहरुलाई हार्दिक कृतज्ञता प्रकट गर्न चाहन्छु । यसैगरी आर्थिक सहयोग गर्नुहुने विकास साझेदार संस्था ग्लोबल फण्ड फर वुमन, अन्तिम रुप दिन सहयोग गर्नहुने एटविन प्रकाशन समितिका सदस्य साथीहरुलाई पनि कृतज्ञता प्रकट गर्न चाहन्छु। एटविनका सम्पूर्ण कर्मचारीहरूले पुर्‍याउनु भएको सहयोगको उच्च मूल्याङ्कन गर्दै हार्दिक धन्यवाद ज्ञापन गर्दछु। मानवताविरुद्धको अपराधको रुपमा रहेको मानव बेचबिखन र ओसारपसार विश्वव्यापी रुपमा रहेको समस्याको न्युनिकरणका लागि एटविन निरन्तररुपमा लागिरहनेछ र सञ्जालले गरेका यस्ता अभियानहरुमा सधै झै सबै सरोकारवालाहरू र अधिकारवालाहरूको निरन्तर सहयोग र समन्वय रहिरहने छ भन्ने पूर्ण विश्वास गर्दछु ।

मिना बिष्ट
अध्यक्ष

# मानव बेचबिखन न्यूनीकरण तथा सुरक्षित स्थानागमनका लागि सञ्चार माध्यम



विजय पौडेल

'राहत बाँड्ने बहानामा अस्थायी शिविर पुगेका दलालले बालबालिका हेर्ने काम लगाइदिने भन्दै डेढ दर्जन नेपाली युवतीहरुलाई यौन बजारमा लगेर बेचेको खुलासा' २०७२ साल जेठ २७ गते नागरिक दैनिकमा छापिएको यो समाचारले नै बताउँछ मानव बेचबिखन तथा ओसारपसार जस्तो निकृष्ट अपराधबाट हाम्रो देशकति जेलिएको छ र यसको दायरा कति फराकिलो हुँदै गएको छ भनेर । २०७२ साल वैशाख १२ गते आएको भूकम्प र त्यसपछिका लगातारका परकम्पले मानव बेचबिखनको जोखिम ह्वात्तै बढेको भन्ने कुरालाई पनि यो समाचारले थप पुष्टि गरेको छ। यो समाचारले अर्को के तथ्यलाई पुष्टि गर्छ भने नेपालीको वाध्यता बनेको वैदेशिक रोजगारीको आडमा पनि मानव बेचबिखनको शृंखला बढिरहेको छ ।

विकिपिडियाका अनुसार अहिले मानव बेचबिखन विश्वमै तीव्र गतिमा फैलिरहेको आपराधिक उद्योग (Criminal Industry) मध्ये एक हुन पुगेको छ। पहिला किशोरी तथा महिलालाई यौनजन्य क्रियाकलापका लागि मात्र बेचबिखन गरिने अपराधका रुपमा मानव बेचबिखन परिभाषित थियो । तर पछिल्लो समयमा यो अपराधको दायरा मानव अंग बेचबिखन हुँदै शिक्षा, स्वास्थ्य र रोजागारका लागि मानिस विदेशिने क्रम बढेसँगै असुरक्षित आप्रवाशनसम्म फैलिएको छ ।

मानव बेचबिखन सम्बन्धी संयुक्त राष्ट्र संघीय सन्धि र यसको Protocol to Prevent, Suppress and Punish Trafficking in Persons Especially Women and Children का अनुसार कुनैपनि व्यक्तिलाई धाक धम्की दिएर, बल प्रयोग गरेर, प्रभावमा पारेर, अपहरण गरेर, पैसा वा कुनै प्रकारको लेनदेन गरेर काममा लगाउनु, ओसारपसार गर्नु, वेश्यावृत्ति वा अन्य यौनजन्य कार्यमा लगाउनु, दास बनाउनु वा मानव अंग निकाल्न उपयोग गर्नु मानव बेचबिखन (trafficking in persons) हो भनिएको छ ।

नेपालमा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ ले कुनै पनि उद्देश्यले मानिस किन्ने वा बेच्ने, कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने, प्रचलित कानुन बमोजिम बाहेक मानिसको अंग झिक्ने र वेश्यागमन गर्ने कार्यलाई मानव बेचबिखन भनी परिभाषित गरेको छ ।

अशिक्षा, बेरोजगारी र सहरी चमकदमकका पछि बुझेर वा नबुझीकन लाग्नेहरुको असुरक्षित आप्रवासन बढ्दै जाँदा मानव बेचबिखनको अपराध पनि बढ्दै गएको छ। गतवर्ष वैशाख १२ गतेको महाविनाशकारी भूकम्पपछि घरवारबिहिन भएकाहरुको संख्या बढेकाले यसमा झन् बढोत्तरी भएको छ । संगठित अपराधका रुपमा बढ्दै गएको मानव बेचबिखन तथा ओसारपसारको रुप र दायरा जति फराकिलो छ त्यसको अनुपातमा सरकारी, गैरसरकारी संयन्त्र, सञ्चार माध्यमको पहलकदमी एवं जनमानसमा चेतानाको स्तर भने साँघुरो छ ।

सञ्चार माध्यमहरुले समाचार र लेखहरु मार्फत यो विषयको गाम्भिर्यतालाई उजागर गर्ने गरेका छन् । महिला तथा मानव बेचबिखन विरुद्ध नेपाल सहकर्मी समूह (एटविन) ले केही मुख्य मुख्य दैनिक पत्रिकाहरुमा प्रकाशित समाचारमा गरेको In-House Media Monitoring को तथ्यांक अनुसार २०७२ साल वैशाखदेखि चैत मसान्तसम्ममा मानव बेचबिखन र सुरक्षित स्थानागमन सम्बन्धी समाचारहरु कान्तिपुरमा २५ वटा, नेपाल समाचारपत्रमा १९ वटा, नागरिकमा ११ वटा, राजधानीमा १० वटा र गोरखापत्रमा ९ वटा छापिएका थिए । यी समाचार मध्ये १६ प्रतिशत प्रथम पृष्ठमा छापिएका छन् भने सम्पादकीय एउटा पनि

छैनन् । समाचारको फरम्याटका आधारमा ४४ प्रतिशत समाचार हार्डन्यूजका रुपमा छापिएका छन् भने ५२ प्रतिशत सफ्टन्यूजका रुपमा छापिएका छन् ।

त्यसैगरी दृष्टिकोण पृष्ठमा ४ प्रतिशत ओपिनियन आर्टिकलका रुपमा छापिएका छन् । छापिएका समाचारका आधारमा हेर्ने हो भने मानव बेचबिखनका कारणहरुमा गरिबी ३९ प्रतिशत, पारिवारिक विवाद १ प्रतिशत र भूकम्प लगायतका प्राकृतिक विपत्तिका कारण १५ प्रतिशत छन् भने ४५ प्रतिशतमा कारण खुलेका छैनन् ।

माथि उल्लेखित तथ्यांकहरुबाट के विश्लेषण गर्न सकिन्छ भने मानव बेचबिखनको अपराधको संख्या र सञ्चार माध्यममा कभरेजको संख्यामा निकै भिन्नता छ । वरिष्ठ पत्रकार टंक पन्त मानव बेचबिखनको परिवर्तित सन्दर्भलाई मिडियाले बुझ्न र बुझाउन नसेकेका कारण कभरेजमा कमी आएको तर्क गर्नुहुन्छ ।

राष्ट्रिय मानव अधिकार आयोगका सदस्य एवं प्रवक्ता मोहना अन्सारी सञ्चार माध्यमले रिपोर्ट त गर्छ तर खोजपूर्ण र पूरा (investigative and detail) हुँदैन भन्नुहुन्छ । महिला तथा मानव बेचबिखन विरुद्धको सहकर्मी समूह एटविनका अध्यक्ष मिना विष्ट सञ्चार माध्यममा मानव बेचबिखनको समाचार कभरेज त भएको तर जति मात्रामा हुनुपर्ने हो त्यो नभएको र प्राथमिकता निर्धारणमा पनि समस्या रहेको बताउनुहुन्छ।

मानव बेचबिखन, वैदेशिक रोजगारी तथा सुरक्षित आप्रवासनका सम्बन्धमा छापिएका समाचार, समाचार लेख्ने पत्रकार, अधिकारकर्मी, पीडित लगायतसँगको कुराकानी विश्लेषण गर्दा के भन्न सकिन्छ भने,

- समग्रमा मिडियाकर्मीहरुमा विषयको गाम्भीर्यताको बुझाइमा कमी छ । महिलाको मात्र मुद्दा हो भन्ने बुझाई छ ।
- यो सञ्चार माध्यमको पनि विषयवस्तु हो भन्ने भन्दा पनि एनजिओ, आइएनजिओको विषय हो भन्ने बुझाइ हाबी भएको अनुमान गर्न सकिन्छ ।
- समाचारहरु कुनै घटना भएका बेला मात्र आउने र लगातार फलोअप नहुने समस्या छ ।
- यदि कुनै पत्रकारले लगातार फलोअप गरेमा कत बाट पैसा खाएको छ भन्ने आरोप हचुवाका भरमा लगाउने गरेको पनि पाइन्छ ।
- लगातारको प्रयासपछि धेरै पत्रकार सचेत भएपनि केही अवस्थामा सञ्चार माध्यम एवं सम्पादक समूहले गम्भिरतापूर्वक नलिइदिदा पनि समस्या हुने गरेको छ ।
- आइएनजिओ र एनजिओ पनि यस्ता विषयमा गम्भीर भएर लामो समय कलम चलाउनका लागि long term क्षमता अभिवृद्धी भन्दा पनि short term लेखनवृत्ति र परियोजना रिपोर्टका लागि मात्र कभरेजमा केन्द्रित भएको पाइन्छ । यसका कारण कहिलेकाहीँ पत्रकारमा यो विषय थप केही पारितोषिक र देश विदेश भ्रमणको औजार मात्र हो भन्ने भ्रम पनि पर्न गएको छ ।
- सरकारका तर्फबाट ऐन कानुन, नीति, निर्देशन, कार्ययोजना आदि बनाउन निकै ध्यान दिइए पनि यस्तो संवेशनशील विषयमा रिपोर्टिङका लागि पत्रकार केन्द्रित ठोस कार्यक्रम वा कार्ययोजना बनाउने गरेको पाइँदैन ।
- सञ्चार माध्यम पनि सामाजिक उत्तरदायित्वका रुपमा पर्ने यस्ता विषयमा चेतना जगाउने समाचारतर्फ भन्दा पनि घटना केन्द्रित समाचार प्रकाशन र प्रसारणमा मात्र बढी केन्द्रित छन् ।
- कतिपय समाज वा समुदायले छोरीले कमाएर पठाएकी छ भनेर मानव बेचबिखनलाई समेत सहज रुपमा लिनु, परिवारका सदस्यले नै लगेर बेचबिखन गर्नुले पनि न्यूनीकरण गर्न समस्या छ ।
- वैदेशिक रोजगारी कतिपय अवस्थामा रहर मात्र नभएर बाध्यता पनि बन्नुले नक्कली कागजपत्र बनाएर भए पनि विदेशिन खोज्नेको संख्या बढ्दै जाँदा सही सूचना पाउन नसक्ने समस्या थप बल्झिएको छ ।
- समाचार संकलनका क्रममा सही सूचना प्रदान गर्न राज्य, राज्य संयन्त्र, समाज, परिवार र पीडित समेत चुक्दा पत्रकारलाई समाचार लेखनमा समस्या हुने गरेको छ ।
- मानव बेचबिखन संगठित अपराध भएकोले यसमा आर्थिक, सामाजिक, राजनीतिक क्षेत्रका व्यक्ति एवं

सरकारी तथा गैरसरकारी क्षेत्रका व्यक्तिहरु संलग्न भएको भन्ने तथ्यांकहरु बाहिर आइरहँदा पत्रकारमा त्रास बढ्नुका साथै प्रभावमा पर्ने सम्भावना नकार्न सकिँदैन ।

- कतिपय अवस्थामा पत्रकारले मानव बेचबिखन विरुद्धको समाचार लेखे बापत मानसिक र शारिरीक धाकधम्की समेत व्यहोर्नु परेको छ ।

**आगामी पहल**

मानव बेचबिखन, यसका आयामहरु र यसले समाज एवं राष्ट्रलाई पारिरहेको गम्भिर असरका बारेमा सञ्चारकर्मी एवं सञ्चार माध्यमलाई सचेत गराइ यो दिनहुँ लेखिने समाचारको विषयभन्दा बढी हो भन्ने बुझाउन जरुरी छ ।

सञ्चार माध्यममा यस सम्बन्धी समाचार वा यो विटको समाचारलाई पनि अन्य विट सरह प्राथमिकतामा राख्नुपर्ने, यो विषयमा लगातार फलोअप समाचार, खोजि समाचार, विश्लेषणात्मक समाचार, लेख, अन्तरवार्ता लगायत प्राथमिकताका साथ प्रकाशन प्रशारण गरिनुपर्दछ ।

मानव बेचबिखनमा आर्थिक, सामाजिक, राजनीतिक सबै क्षेत्रका व्यक्ति र सरकारी तथा गैरसरकारी क्षेत्रका व्यक्ति समेत संलग्न भएको देखिएको हुँदा पत्रकारहरुको सुरक्षाका लागि सबै पक्ष गम्भिर हुनुपर्ने देखिन्छ ।

सरकारी तथा गैरसरकारी संस्थाहरुले पनि यो विषयमा सञ्चार माध्यमलाई सँगसँगै लैजाने गरी कार्ययोजना बनाउनु पर्ने र विषयको गाम्भिर्यता अनुसार पत्रकारको क्षमता अभिवृद्धिका लागि पनि काम गर्नुपर्ने देखिन्छ ।

सरकारी तथा गैरसरकारी संस्था तथा नागरिकहरुले पत्रकारलाई सही र तथ्यसंगत सूचना उपलब्ध गराउनुपर्ने, सञ्चार माध्यमले पनि सामाजिक उत्तरदायित्वका रुपमा यस्ता समाचारलाई प्राथमिता पूर्वक सम्प्रेषण गर्नु जरुरी छ ।

मानव बेचबिखन न्यूनीकरण गर्न र आप्रवासन सुरक्षित बनाउन राज्य, राज्य संयन्त्र, समाज, परिवार, व्यक्ति, आइएनजिओ, एनजिओ, एटविन जस्ता सामाजिक सञ्जालहरु र पत्रकार तथा पत्रकार महासंघ जस्ता छाता संगठनहरु एवं सञ्चार माध्यम समेतको सामूहिक सञ्जाल, प्रयास, पहल र व्यवहारमा देखिने काम गर्ने प्रतिवद्धता हुनु जरुरी छ ।

*लेखक ब्रोडकाष्ट जर्लनालिस्ट तथा प्रशिक्षक हुनुहुन्छ ।*

# बधाई ज्ञापन



**एटविनका पूर्व अध्यक्ष (सन् २००९–२०१०) तथा सदस्य संस्था शक्ति समूहका संस्थापक सदस्य तथा कार्यकारी निर्देशक श्री सुनीता दनुवारज्यूलाई मानव बेचबिखन तथा ओसारपसार विरूद्ध जन जागरण र उद्धार एवम् पुनर्स्थापना कार्यमा पुऱ्याएको योगदानको कदर गर्दै मानव बेचबिखन विरूद्धको दशौं राष्ट्रिय दिवस, २०७३ भदौ २० को उपलक्ष्यमा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको तर्फबाट प्रमुख अतिथि सर्वोच्च अदालतका मुख्य न्यायधीश माननीय शुशीला कार्कीज्यूबाट सम्मान पत्र प्रदान गरिएकोमा हार्दिक बधाई ज्ञापन गर्दछौं ।**

**मिना बिष्ट**

**अध्यक्ष तथा समस्त एटविन परिवार**

# मानव बेचबिखन नियन्त्रण समाज विकासको आधार



टंक पन्त

मैले नजन्माएको छोरो यो पारिजातको कथाको पात्र होइन । यो त भर्खरै बजारमा आएको सुनिता दनुवारको आंशुको शक्ति भित्रको यथार्थ घटना हो । घोष्ट राइटिङ नेपालद्वारा प्रकाशित म आफैले लेखन संयोजन तथा सम्पादन गरेको पुस्तकमा समावेश यो हेडलाईनले मेरो मन निकै समय चसक्क पारिरयो । सो पुस्तकको दोस्रो संस्करणलाई परिमार्जन गर्ने सन्दर्भमा पनि त्यो हेडलाइन भित्रको सामग्री स्मरणमा आइरहन्छ । हुन त पुस्तकका हरेक अंश र बिषयहरु उत्तिकै मर्मस्पर्सी छन् । मानव बेचबिखन नियन्त्रण, लैगिंक हिसा अन्त्य र महिला अधिकारका लागि कलम चलाइरहेको हुनाले पनि मैले सुनिता दनुवारको पुस्तक मानव बेचबिखन विरुद्ध काम गर्ने देखि राज्यका जिम्मेवार निकाय सम्मका लागि उपयोगी रहेको छ ।

किनकी सुनिता दनुवारको पुस्तक रियल स्टोरी हो । दनुवार मानव बेचबिखनमा परेकी चेली हुन । किताबमा मानव बेचबिखनपछिको दुःख र परिवर्तन भएकी सुनीताको कथा छ । आज र हिजो पनि मानव बेचबिखन मानव कलंक हो भन्ने कुरा राज्य देखि जिम्मेवार निकायसम्मलाई जानकारी नभएको होइन तर, त्यो अनुसार जिम्मेवारी बोध भएको अनुभूति गर्न सकिएको छैन । निर्णायक ठाउँमा हुनेले मानव बेचबिखनलाई गम्भीर अपराधको रुपमा स्वीकार पनि गर्छन् त्यो स्वीकारोक्तिले ऐन नियम कानुनको प्रभावकारी कार्यान्वयन हुनुपर्छ भन्ने मान्यता दर्शाउँछ र पनि त्यो व्यवहारमा लागु हुन सकेको छैन । एकातिर गरिबी, अशिक्षाका कारण मानव बेचबिखन भैरहेको छ भने अर्कोतिर शिक्षित परिवारका सदस्य पनि बेचबिखनमा परेका छन् । यसको मुख्य कारण भनेको मुलुक सँधै गरीब र यहाँ रोजगारीको अभाव हुनु हो ।

गरिब परिवारका सदस्यलाई अनेक बहाना बनाएर बेचबिखनमा पार्ने गरिएको छ भने सचेत परिवारका सदस्यहरु रोजगारीका लागि भौतारिदै गर्दा रोजगारीकै आशा र अपेक्षाले गर्दा बेचबिखनमा पर्ने गरेका छन् । त्यसैले केही समय यता मानवबेचबिखनको स्वरुपमा परिवर्तन भएको छ । मानव बेचबिखन भन्ने बित्तिकै आज भन्दा १० -१५ बर्ष अगाडि सम्म मानवबेचबिखन त्यसमा पनि महिला र बालिकाहरुको यौन शोषणका लागि हुने गर्थ्यो, अहिले भने यसको स्वरुप फेरिएको छ ।

लेबनान र कुबेतमा काम गर्न भनेर जानेहरु पनि बीचैमा फन्दामा पर्ने गरेका छन । खास गरी राजधानी जस्तो ठाउँबाट स्थानान्तरण गरेर रोजगारीका लागि विदेश जाने सिलसिलामा पनि यौनशोषणका लागि बेचबिखनमा परेको समाचार आउने गरेको छ। बिडम्बना नै भन्नुपर्छ हाम्रो मुलुकमा पढेर पनि रोजगारी नहुदाँ कैयौ महिला र पुरुष समेत अबसर र रोजगारीको खोजीमा विदेश जानुपर्ने बाध्यता छ यहि बाध्यताको फाइदा कतिपय दलालहरुले उठाएका छन ।

पहिले देखि बेचबिखनमा पर्ने नेपाली महिलाहरुको सख्या भारतमा मात्रै २ देखि ३ लाख सम्म भएको मानव बेचबिखन विरुद्ध काम गर्ने नागरिक संगठनहरुको तथ्यांकले बताउँछ । यो कहाली लाग्दो तथ्यांक हो र पनि अहिले केही बर्ष यता त्यसरी यौन शोषणकै लागि भनेर लैजाने संख्यामा कमी आएको दाबी पनि तिनै नागरिक संगठनका जिम्मेवार पदाधिकारीको छ ।

१० बर्ष अगाडिसम्म बर्षेनी १३ हजारको हाराहारीमा मानव बेचबिखन हुने गर्थ्यो भने अहिले करिब ८ हजार बेचबिखनमा पर्ने गरेका छन् । यद्यपि अहिले वैदेशिक रोजगारीका लागि हुने बेचबिखन भने बढेको छ ।

अरब मुलुक देखि अन्य बिकसित मुलुकमा वैदेशिक रोजगारीका लागि जाने महिला पुरुषको संख्या बढ्दो छ। त्यसरी जाने महिला पुरुषहरु अनेक खाले शोषणमा पर्ने गरेका छन् । कतिपय महिलाहरु यौन शोषणमा पनि पर्ने गरेका छन् । तर कति यौन शोषणमा पर्ने गरेका छन भन्ने तथ्यांक छैन् तर सयौ महिलाहरु त्यो जोखिममा रहेको फर्केर आउने प्रभावित महिलाहरुले बताउने गरेका छन् ।

सचेत महिलाहरु पनि त्यो जोखिमममा किन परिरहेका छन् त भन्ने प्रश्न हाम्रो मुलुकका लागि गम्भीर र लाज मर्दो नै हो। त्यसको कारण भने राज्यले शिक्षा अनुसार रोजगारी सिर्जना गर्न नसक्नु नै हो। स्रोत साधनले धनी भएपनि त्यसको उपयोग गर्न नसक्दा मुलुक जहिले पनि गरीबको गरिब हुने अवस्था रहनु नै त्यसको मुख्य कारण हो । मुलुकको गरिबीको फाइदा मुलुक भित्रकै टाठा बाठाहरुले उठाइरहेका छन त्यसैले पनि जति मुलुक गरिब हुदैछ त्यति टाठा बाठाहरु धनी हुदैछन । मुलुक गरिब हुदै जाने सामन्त र सभ्रान्तहरु मोटाउदै जाने प्रवृत्तिको विकास भैरहेको छ । जति बेथिति र दण्डहीनता बढाउन सक्यो त्यति राष्ट्रको उन्नति भन्दा आपनो मात्र हित चाहनेहरुले फाइदा ठान्दारहेछन भन्ने कुरा हरेक निर्णायक ठाउँमा देखिने गरेको छ। त्यसैले भएका ऐन नियमको प्रभावकारी कार्यान्यवयन हुदैन । भएका ऐन नियम कार्यान्यवयन नहुनु, रोजगारी, अवसर र विकासका लागि जति पनि प्रतिवद्धता र योजना बनाइन्छ तिनको व्यवहारमा कार्यान्वयन नहुनु पनि मानव बेचबिखनका लागि सहयोगी बनेका छन। मानव बेचबिखनको न्यूनीकरणका लागि राज्य लगायत सबै जिम्मेबार पक्षको त्यसतर्फ ध्यानाकर्षण हुनुपर्ने खाँचो छ।

नेपालमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन २०६४ले कुनै पनि उद्देश्यले मानिस किन्ने, कुनै प्रकारको फाइदा लिइ वा नलिइ बेश्याबृत्तिमा लगाउने, प्रचलित कानुन बमोजिम बाहेक मानिसको अङ्ग झिक्ने र बेश्यागमन गर्ने भनी परिभाषित गरेको छ। त्यसैगरी अमेरिकाको मानव बेचबिखन प्रतिबेदन २०१६का अनुसार नेपाल बाध्यात्मक श्रम र यौन ब्यबसायका लागि पुरुष महिला एवं बालबालिकाको बेचबिखनका निम्ति स्रोत, पारबहन तथा गन्तब्य राष्ट्र बनेको छ वैदेशिक रोजगारीको खोजीमा दर्ता नभएका निकायमा भरपर्दा कामहरु बाध्यात्मक श्रम र यौन बेचबिखनको उच्च जोखिममा पर्ने गरेका छन । आइएलओका अनुसार तथ्यांक अनुसार करीब झण्डै २४ लाख महिला किशोरीहरु मानव बेचबिखनका कारण जबर्जस्ती अनिच्छित काममा लगाइएका छन । यो तथ्यांकले के भन्छ अब मुलुकमा प्रभावकारी कदम नचालिए यस्ता घटनाहरु देखा परिरहन्छन । जुन देशमा जादाँ पनि नेपालीको अवस्था कहाली लाग्दो देखिनु भनेको देशकै बेइज्जति हो । देशको बेइज्जत हुनु भनेको हामी सबै नेपालीको शीर निहुराउने कुरा हो ।

नेपालको सविधान २०७२ ले सबै नागरिकलाई समान रुपमा रुपमा लिएको छ । तर व्यवहारमा त्यस्तो हुन सकेको छैन त्यसैले नै आज पनि मुलुकमा भेदभाव कायम छ । देशमा हुने सबै खाले भेदभाव अन्त्यका लागि विकास जरुरी छ । विकासका लागि मुलुकलाई सिस्टममा चलाउनुपर्छ, मुलुकलाई सिस्टममा चलाउन दण्डहीनता अन्त्य हुनु पर्छ । जब सम्म दण्डहीनता अन्त्य हुदैन तब सम्म हामी सकारात्मक सोचको अपेक्षा गर्न सक्तैनौ । आज मानव बेचबिखन भन्नुस या महिला विरुद्ध हुने सबै खाले हिसा अन्त्य गर्ने कुरा गर्नुस त्यसका लागि प्रत्येक नागरिकमा सकारात्मक सोचको विकास हुनुपर्छ र प्रत्येक नागरिकले आफुबाटै परिवर्तनको शुरुवात गर्नुपर्छ । परिवर्तनको शुरुवात पनि राज्यका निर्णायक तहबाट गर्नुपर्छ । जब सम्म जिम्मेबार तहमा बसेकाहरुले आपनो जिम्मेबारी बोध गर्देनन तब सम्म हामी सुधारको अपेक्षा गर्न सक्दैनौ ।

मानव बेचबिखन न्यूनीकरणका लागि राज्यले निर्माण गरेका ऐन कानुन र नियम कार्यान्वयन र त्यसमा रहेका कमीकमजोरी सुधार गरेर जानुपर्ने एवं जिम्मेवार ब्याक्तिले जिम्मेबारीबोध गर्ने काम गर्नुपर्ने खाँचो छ । त्यो खाँचो पुरा गर्न राज्यका जिम्मेबार तह देखि सबै तह अर्थात पत्रकारिता लगायत सबै तह तप्काले सकारात्मक सोचाइ बनाउनु पर्छ । पत्रकारिता क्षेत्रले पनि मानव बेचबिखनलाई समाचारका रुपमा भन्दा पनि मानव बेचबिखन न्यूनीकरणका लागि जसरी फिचरको बिकास गर्न सकिन्छ त्यसरी नै भुमिका

निर्वाह गर्नुपर्ने हुन्छ । राजनीतिक दल देखि राजनीतिक दलका प्रत्येक भातृ संगठनहरुलाई मानव बेचबिखन समाज विकासको बाधक हो भने शान्ति र परिवर्तनको पनि शत्रु हो भन्ने रुपमा परिचालन गर्न गराउनु पर्छ । निश्चय नागरिक संगठन र राज्यका कतिपय सोच र नीतिले गर्दा मानव बेचबिखन विरुद्ध केही पनि नभएको होइन नागरिकहरुमा सचेतनाको विकास भएको छ, सकारात्मक अभियानहरुले समाजलाई केही न केही परिवर्तन गर्न त खोजेको छ तर हामीले अन्तरराष्ट्रिय रुपमा गरेका प्रतिबद्धता एवं ऐन नियम र एक्सन प्लानहरु अनुसार राज्यका संयन्त्रहरु जति प्रभावकारी हुनु पर्ने हो भएका छैनन् । त्यो हुन नसक्नुमा एउटा सकारात्मक सोचको विकासको अभाव छ भने अर्को मुलुक कमजोर हुनु हो ।

धेरै सुनिताहरु आज पनि विभिन्न बहानामा बेचिएका छन् । त्यो रोक्ने दायित्व हाम्रो हो । म पुनः दोहोऱ्याउन चाहन्छु हामी सबै जिम्मेवार हौं र परिवर्तनको शुरुवात आफैबाट प्रारम्भ गर्नुपर्छ भन्ने हामीले बुझेमा मानव बेचबिखनको लामो सिडी भत्काउन सकिने छ ।

*वरिष्ठ पत्रकार टंक पन्त एटविनका सल्लाहकार हुनुहुन्छ ।*

## बधाई ज्ञापन




एटविनका सदस्य **श्री ग्रामीण महिला सिर्जनशील परिवार**, सिन्धुपालचोकलाई मानव बेचबिखन तथा ओसारपसार विरुद्ध जनजागरण र उद्धार एवम् पुनर्स्थापना कार्यमा पुऱ्याएको योगदानको कदर गर्दै **मानव बेचबिखन विरुद्धको दशौं राष्ट्रिय दिवस**, २०७३ भदौ २० को उपलक्ष्यमा महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयको तर्फबाट प्रमुख अतिथि सर्वोच्च अदालतका प्रधान न्यायधीश माननीय सुशीला कार्कीज्यूबाट सम्मान पत्र प्राप्त गरिएकोमा **हार्दिक बधाई ज्ञापन** गर्दछौं ।

**मिना विष्ट**
**अध्यक्ष तथा समस्त एटविन परिवार**

# मानव बेचबिखनलाई राष्ट्रिय समस्याको रूपमा सम्बोधन गर्नु पर्ने आवश्यकता !



सुनीता नेपाल

श्री सुनिता नेपाल महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयको उप-सचिव हुनुहुन्छ । वहाँ सो मन्त्रालयको मानव बेचविबखन तथा ओसार पसार नियन्त्रण शाखाको प्रमुखका रुपमा विगत ३ वर्षदेखि कार्यरत हुनुहुन्छ । श्री नेपालसँग महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय अन्तर्गत रही मानव बेचबिखन तथा ओसारपसारका विषयमा ७ वर्ष काम गरेको अनुभव छ । मानव बेचबिखन र ओसारपसार, यसका आयामहरू र मन्त्रालयका नीतिगत तहका विषयमा श्री सुनिता नेपाल अन्तर्वार्ता यहाँ प्रस्तुत गरिएको छ ।

- **मानव बेचविखनको विषयमा काम गर्नू भएको कति बर्ष भयो ?**

मानव बेचबिखन तथा ओसारपसारको विषयमा मन्त्रलयमा रही काम गरेको सात वर्ष भयो तर विषयगत शाखा प्रमुखको रुपमा काम गरेको तीन वर्ष भयो ।

- **मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण शाखामा काम गरिरहँदा मानव बेचबिखन तथा ओसारपसारको अवस्था कस्तो पाउनु भयो ?**

यो नयाँ अपराधको रुपमा नभई विगत देखि हाम्रो समाजमा घटिरहने अपराध हो । समयसँग सँगै मानव बेचबिखनको अवस्था झन झन जटिल र यो समस्यालाई निराकरण गर्नु चुनौतीपूर्ण भएको पाइन्छ । यो समस्यालाई महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयको मात्र नबनाई राष्ट्रिय समस्याको रुपमा लिई सम्बोधन गरिनु पर्ने देखिन्छ । पीडित/प्रभावितहरू फरक फरक सामाजिक, आर्थिक, सांस्कृतिक र भौगोलिक परिवेशबाट आएका हुन्छन् । घरबाट भागेका बालबालिका, किशोरी, युवा र महिला, जबरजस्ती करणीमा परेका महिला तथा किशोरी, घरेलु हिंसा लगायत विभिन्न प्रकारका लैङ्गिकतामा आधारित हिंसामा परेका महिला तथा किशोरीहरू र द्वन्द्वबाट प्रभावित महिला तथा बालबालिकाहरू बेचबिखन तथा ओसारपसारको बढी जोखिममा पर्ने गरेको हामीले अनुभव गरेका छौं । कतिपय अवस्थामा परिवारका सदस्य, सबैभन्दा नजिकको मान्छे, आफन्त, छिमेकी, साथीहरू र चिनजानका व्यक्तिहरू नै मानव बेचबिखन तथा ओसारपसारमा मुख्य दलालका रूपमा संलग्न रहेको पाइन्छ । कतिपय अवस्थामा अनभिज्ञता रहेको हुन्छ भने कतिपय अवस्थामा त उनीहरूको मिलोमतो हुने हुँदा धरै जसो घटनाहरूघरको इज्जतको नाममा, प्रलोभनमा र डर धम्कीका कारण कानुनको दायरामा नै आउँदैन ।

- **विगतका वर्षहरुमा मानव बेचबिखन तथा ओसार पसारको स्वरुपमा केही परिवर्तन पाउनु भएको छ ? यदि छ भने कस्तो परिवर्तन हो ?**

महिला तथा बालिकाहरूको बेचविखनको अवस्थामा पुरानो शैलीमा परिवर्तन आई नयाँ स्वरूपमा देखा परिरहेको छ । मानव बेचबिखन तथा ओसार पसारका दृष्टिले नेपाललाई मुख्यतः प्रमुखतः स्रोत (ओरिजिन) मात्र नभई पारवहन (ट्रान्जीट) का साथ साथै गन्तव्य (डेस्टीनेशन) समेत बन्न पुगेको छ । आन्तरिक बेचबिखनको समस्यालाई केलाउँदा उद्योग कलकारखाना अन्तर्गत इँटा भट्टा, जरी उद्योग, गलैंचा, तयारी पोशाक आदि, मनोरञ्जन क्षेत्र अन्तर्गत डान्स, बार, दोहोरी साँझ, क्याबिन, रेष्टुराँहरू, सेवा क्षेत्र अन्तर्गत मसाज पारलर, यातायात, पर्यटन, घरेलु श्रम आदि एवं परम्परागत कृषि प्रणालीहरूमाः हरूवा-चरूवा, कमैया, कमलरी, हलिया आदिका नाममा व्यवहारमा नेपाली महिला तथा बालबालिकाहरू श्रम तथा यौन शोषणका लागि मानव बेचबिखन तथा ओसारपसारको जोखिममा रहेको पाइएको छ । यसरी व्यावसायिक यौन, सर्कस तथा अङ्ग प्रत्यारोपण समेतका

लागि छिमेकी मुलुकहरूमा हुने गरेको बेचबिखनका साथै वैदेशिक रोजगारी, अन्तरदेशीय विवाह तथा सांस्कृतिक/सांगितिक कार्यक्रमका नाममा समेत यौन तथा श्रम शोषणमा परी बेचबिखनको जोखिममा वृद्धि हुँदै गएको देखिन्छ । केही विदेशी दलालहरूको संलग्नतामा विदेशी नागरिकहरूसँग विवाह गराई दिने बहनामा नेपाली युवतीहरूको बेचबिखन भएको घटनाहरू पनि सार्वजनिक हुन थालेका छन् ।

- **मानव बेचबिखन तथा ओसारपसार न्यूनीकरणका लागि मन्त्रालयबाट नीतिगत रुपमा के कस्तो प्रयासहरू भईरहेको छ ?**

मानव बेचबिखन तथा ओसारपसार न्यूनीकरणका लागि मन्त्रालय सहित नेपाल सरकारले समयानुकुल विभिन्न नीतिगत प्रयासहरू गर्दै आइरहरेको छ । जसमध्ये हामीले नेपालको संविधानमा राखिएको शोषण विरुद्धको हकलाई लिन सक्छौ । त्यसै गरि बि.स. २०६४ सालमा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ र नियमावली २०६५ कार्यान्वयनमा ल्याईएको छ । महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय र मानव बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय समितिलाई मानव बेचबिखन तथा ओसारपसार मुद्दाका लागि सम्पर्क निकायको रुपमा तोकिएको छ भने मन्त्रालयमा यस विषयलाई हेर्ने छुट्टै मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको शाखा गठन गरिएको छ। मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसार पसार विरुद्धको राष्ट्रिय कार्ययोजना, २०६८, राष्ट्रिय कार्ययोजनाको कार्यान्वयन योजना २०७१, पुनर्स्थापना केन्द्र संचालन निर्देशिका २०६८, मानव बेचबिखन तथा ओसारपसारबाट पीडित प्रभावितहरूको हेरचाह तथा संरक्षणमा राष्ट्रिय न्यूनतम मापदण्ड २०६८ लगायतका कानुनी दस्तावेजहरू कार्यान्वयनमा ल्याइएको छ। त्यसै गरि कानुनले व्यवस्था गरे बमोजिमको मानव बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय तथा जिल्ला समिति र विगत दुई वर्ष देखि स्थानीय स्तरमा वडा, गा.वि.स र न.पा समितिहरू गठन तथा परिचालन हुँदै आएको छ।

- **यसका लागि मन्त्रालयको आगामी कार्यक्रमहरू के के रहेका छन् ?**

मन्त्रालयले मानव बेचबिखन विषेश गरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारसार विरुद्धको राष्ट्रिय कार्ययोजना, २०६८, राष्ट्रिय कार्ययोजनाको कार्यान्वयन योजना २०७१ ले तय गरेका मन्त्रालयलाई प्रमुख जिम्मेवारी दिएका विषय, आवधिक योजनाले औंलाएका विषहरूलाई प्राथमिकतामा राखेर मानव बेचबिखन समाजमा हुनै नदिनका लागि निरोधका कार्यक्रमहरू, त्यसै गरि प्रभावितहरूको सरंक्षण, पुनर्स्थापनाका कार्यक्रमहरू नै मुख्य रुपमा संचालन गर्दै आएको छ। ती कार्यक्रहरूको विस्तार गर्दै महिला सशक्तिकरणको माध्यमवाट महिलालाई सुरक्षित र आत्मनिर्भर बनाउने उद्देश्यले विभिन्न कार्यक्रमहरू तय गरिएको छ ।

- **मानव बेचबिखन तथा ओसारपसार न्यूनीकरणसँग सम्बन्धित अन्य सरोकारवालाहरूसँग यस मन्त्रालयको समन्वय र सहकार्य कस्तो छ र यसलाई थप प्रभावकारी कसरी बनाउन के गर्न सकिन्छ ?**

नेपाल सरकारले यस विषयको सम्पर्क निकायको रुपमा महिला तथा बालबालिका तथा समाज कल्याण मन्त्रालयलाई जिम्मा दिएको छ । तर यस विषयमा मन्त्रालयले निरोध र संरक्षणको कार्यक्रम मात्र आफै संचालन गर्न सक्ने र उद्धार, स्वदेश फिर्ती, अनुसन्धान, कानुनी कारवाही तथा अभियोजन जस्ता कार्यमा यस मन्त्रालयको समन्वयकारी भूमिका मात्र रहदै आएको छ । तर पनि कानुनी व्यवस्था नभएको हुँदा सबै सरोकारवाला निकायहरूलाई राष्ट्रिय कार्ययोजनाले तय गरे बमोजिमको पाँच प्राथमिकता क्षेत्रहरूको सबै रणनीतिहरूलाई कार्यरुप दिन सकिरहेको अवस्था छैन । समन्वय र सहकार्यलाई थप प्रभावकारी बनाउनको लागि स्थानीय देखि केन्द्र सम्म रिपोर्टिङ प्रणालीको विकास गरिनु पर्दछ । हरेक गै.स.स.ले जिल्लाहरूमा कार्यक्रम संचालन गर्नु अगावै कार्यक्रम तर्जुमाको चरणबाट नै जिल्ला महिला तथा बालबालिका कार्यालयमा समन्वय गरेको खण्डमा कार्यक्रम दोहोरोपना नआउने र नयाँ क्षेत्रमा कार्यक्रम बिस्तार गर्दै लैजान सकिन्छ ।

- **हाल मानव बेचबिखन विरुद्धका प्रभावितहरूका लागि सरकारले के कस्ता सेवाहरू उपलब्ध गराएका छन् ?**

नेपाल सकारले मानव बेचबिखन तथा ओसारपसारमा प्रभावितहरूको उद्धार, स्वदेश फिर्ती साथै पुनर्स्थापना केन्द्र संचालन निर्देशिका, २०६८ मा प्रावधान भएका सम्पूर्ण सेवाहरू उपलब्ध गराउदै आएको छ। जस अर्न्तगत प्रभावितहरूको उद्धार, औषधि उपचार, पारिवारिक पुनर्मिलन, कानुनी उपचार, शिक्षा-दिक्षा, प्रशिक्षण तथा सीपमूलक तालिम, जीविकोपार्जन अनुदान, भोजन, लत्ताकपडा तथा मनोविमर्श खर्च आदि दिदै आएको छ। तर यी सबै सेवाहरू नेपाल सरकारले विभिन्न स्थानीय गैर सरकारी संस्थाहरू सँगको सहकार्यमा सन्चालित आठ वटा पुनस्थापना केन्द्रहरू (झापा, पर्सा, रुपन्देही, चितवन, काठमाण्डौ, सिन्धुपाल्चोक, बाँके र कैलाली) र मंगला सहाना दिर्घकालीन पुनर्स्थापना केन्द्र काठमाण्डौ मार्फत प्रदान गर्दै आएको छ । त्यसै गरी पुनर्स्थापना रकम आठ जिल्लाहरूमा संचालित पुनर्स्थापना केन्द्र, दिल्ली, थाईल्याण्ड, आवुदाबी स्थित कुटनैतिक नियोग र कोलकोत्ता स्थित महावाणीज्य दुतावासमा प्रभवितहरूलाई विभिन्न सेवाहरू प्रदान गर्नको लागि मागको आधारमा रकम उपलब्ध गराइँदै आएको छ । अदालतको अन्तिम निर्णय पश्चात पुनर्स्थापना कोषबाट पीडितहरूलाई मनासिव क्षतिपूर्ति भराई दिने व्यवस्था कार्यान्वयनको लागि जिल्लामा महिला तथा बालबालिका कार्यालयमा निवेदन पर्न आएमा जिल्लास्थित तत्काल उद्धार कोषवाट प्रक्रिया पुरा गरी रकम उपलब्ध गराउदै आएको छ ।

- **के यी सेवा सुविधाहरू प्रभावकारी छन् ?**

मैले यस विषयलाई हेर्दै आएको अनुभवको आधारमा यी सेवाहरु प्रभावकारीनै रहेको ठान्दछु । कुनै पनि कुराको सुधारको लागि ठाउँ सधै रहिरहन्छ । यस सन्दर्भमा पनि त्यो कुरा लागू हुन्छ । हाल नेपाल सरकारले दिंदै आएको सुविधालाई सहज र सरल बनाउन सबै जिल्लाहरूमा पुनर्स्थापना केन्द्रको स्थापना गर्नु पर्ने देखिन्छ । साथै, पुनर्स्थापना केन्द्रलाई न्यूनतम राष्ट्रिय मापदण्ड बमोजिम संचालन गर्नको लागि केन्द्रको आफ्नै प्रभावित मैत्री भवनहरूको पनि निमार्ण गर्दै जानु पर्ने देखिन्छ ।

- **मानव बेचबिखन विरुद्धको राष्ट्रिय कार्ययोजनाको कार्यान्वयनको प्रभावकारी कार्यान्वयनका लागि के गर्न आवश्यक छ ?**

मन्त्रालयले आफ्नो क्षेत्राधिकारमा पर्ने अधिकांश विषयहरुमा केही न केही प्रयासहरू थालेको छ। तर अन्य मन्त्रालयहरूको हकमा भन्दा यो विषय प्राथमिकतामा नपर्दा कार्यक्रहरुले कार्यरुप पाउन सकेको अवस्था देखिदैन । यस कार्ययोजनालाई प्रभावकारी कार्यान्वयन गर्ने हो भने यसलाई एउटा आयोजनाको रुपमा विकास गरी बजेटको सुनिश्चितता हुन आवश्यक छ ।

- **मानव बेचबिखन विरुद्धको राष्ट्रिय तथा जिल्ला समितिहरूको अवस्था कस्तो पाउनु भएको छ ?**

मानव बेचबिखन तथा ओसार पसारको राष्ट्रिय समितिले केन्द्र स्तमा उठेका विभिन्न विषयहरूमा निकास निकाल्ने र सरोकारवाला निकायहरू बीच समन्वय गर्ने कार्यमा अत्यन्त सक्रिय रहेको छ । वार्षिक रुपमा तय गरेको कार्यक्रमहरू सबै जिल्ला समितिहरूले सम्पन्न गर्ने गरेको पाइन्छ । तर पनि सबै जिल्ला समितिहरु समान रुपमा सक्रिय रहेको पाईदैन ।

- **मानव बेचबिखन अन्त्यका लागि थप के के गर्न आवश्यक छ ?**

निरोध र संरक्षणका कार्यक्रमलाई महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयले महिला तथा बालबालिका कार्यालय मार्फत स्थानीय स्तरमा महिला समूह, महिला सहकारी, लैगिंक हिसां निगरानी समूह, बाल क्लब, मानव बेचबिखन विरुद्धको स्थानीय समिति मार्फत विभिन्न कार्यक्रम तर्जुमा गरी संचालन गर्नुका साथै स्थानीय स्तरमा हुने हरेक क्रियाकलापहरूको निगरानी गरी मानव बेचबिखनको जोखिमलाई न्यूनीकरण गर्दै आईरहेको छ । यस प्रत्येक वडा स्तर मा बिस्तार गर्नुपर्ने आवश्कता छ । व्यक्ति, परिवार र समाजलाई नै यस जघन्य अपराध घट्न नदिनका लागि सचेत गराउन जरुरी छ भने आप्रवासनलाई सुरक्षित बनाउनको लागि पनि लक्षित वर्गहरूमा सुरक्षित आप्रवासनका उपायहरू अवलम्बन गर्न सुझाउनु पर्ने देखिन्छ । सानो लापरवाहीले पनि ठुलो दुर्घटनालाई निम्त्यताउने हुँदा विभिन्न अवसरहरूको

खोजिमा जन्म थलो छोडी अन्यत्र बसाई सराई गर्ने देखि लिएर वैदेशिक रोजगारीमा जानेहरूले सहजै अपरिचित मानिसको प्रलोभनमा पर्दा मानव बेचबिखनको शिकार हुन सक्छन् । तसर्थ आगामी दिनहरूमा सञ्चालन हुने कुनै पनि महिला लक्षित कार्यक्रमहरूमा यस विषयमा पनि उनीहरूलाई जानकार बनाउने हिसाबले योजना बनाउनु पर्ने देखिन्छ ।

त्यसै गरी प्रभावितहरूलाई पुनः मानव बेचबिखन तथा ओसारपसारमा पर्न सक्ने जोखिमलाई ध्यानमा राखी पुनर्स्थापना पछिको अनुगमन तथा सहायताका कार्यक्रमहरू पनि अघि बढाउनु पर्छ । यसका लागि राष्ट्रिय कार्ययोजनाले तय गरेका रणनीतिहरूलाई सरोकारवाला सबै निकायहरूले आ-आफ्नो कार्यक्षेत्र भित्र पर्ने कार्यक्रमहरू मार्फत सम्बोधन गर्नु जरुरी छ । यस विषयलाई सबै सरोकारवाला निकायहरूले प्राथमिकता दिदै यस मुद्दालाई राष्ट्रिय मुद्दाको रुपमा अघि बढाउनु पर्ने देखिन्छ । यस विषयमा आम नागरिकलाई सचेत गराउन र सत्य तथ्य बाहिर ल्याउनको लागि आम संचार माध्यमहरूसँग सहकार्य गर्दै अभियानको रुपमा कार्यक्रलाई गति प्रदान गर्नुपर्छ देखिन्छ । नेपाल सरकारले तय गरको नीतिगत व्यवस्था बमोजिम नै सरकार सँग समन्वय र सहकार्य गरी सबै निकायहरू अघि बढ्न सकेमा मात्र हामी सबैले लिएको लक्ष्य पूरा हुन सक्छ भन्ने मलाई लाग्दछ ।





# बाल यौन दुर्व्यवहार र मदिराको सम्बन्ध



कुमार भट्टराई

**१. आरम्भ बुद्ध वचनबाट,**

हे मानव,
तिमी बाघको छेउमा पुग्दा
भयभीत नहुनु,
यो तिम्रो बहादुरीको परीक्षा हो ।
तिमी तरबारको छेउमा पर्दा
भयभीत नहुनु
यो तिम्रो शौर्य देखाउने अवसर हो ।
तिमी पर्वत शिखरबाट पातालमा फाल हाल्नु पर्दा
भयभीत नहुनु,
यो तिम्रो तपको तागत जाँच्ने मौका हो ।
तिमी अग्नी ज्वालाको छेउमा पुग्नु पर्दा पनि
भयभीत नहुनु
यो तिम्रो धैर्य देखाउने बेला हो ।
तर,
तिमी मदिरा र लागू पदार्थबाट
सदैव भयभित रहनु

किनकी यिनै कुराहरू नै समाजमा घट्ने अप्रिय घटना, गरिबी र दुराचारका जननी हुन् ।

दोलखा जिल्लाको टासिछिमे ग्याछल गुम्बाबाट साभार गरिएको प्रस्तुत बुद्ध बचन अनुसारहामीलाई भयभीत बनाउने कुनै पनि कुराको सामना गर्न सकिन्छ तर मदिराको लतमा लागिसकेपछि मानिस गलत दिशा तर्फ अग्रसर हुन्छ र मदिराको हानिकारक प्रयोग नै समाजमा व्याप्त गरिबी, दुख, हिंसा, दुराचार, बलत्कार, मानव बेचबिखन आदि सबैको कारक तत्व हो भन्न खोजिएको छ । पञ्चशीलमा बुद्धले मदिरा तथा लागुपदार्थको सेवनलाई बर्जित गर्नु भएको छ । आजभन्दा २५ सय वर्ष अगाडि लेखिएका यी साहित्यहरूमा मदिराको नकारात्मक असरका बारेमा चर्चा गरिनुले त्यसैबेला यसबाट व्यक्ति र समाजलाई पर्ने नकारात्मक असरका बारेमा राम्रो अध्ययन भएको पुष्टि हुन्छ ।

जसरी आजभन्दा २५ सय वर्ष अगाडि मदिराको हानिकारक प्रयोगबाट समाजमा बेथिति उत्पन्न हुन्थ्यो, अहिले पनि सोही स्थिति कायम छ । अहिले पनि मदिराको हानिकारक प्रयोगबाट व्यक्तिको स्वास्थ्य, पारिवारिक सद्भाव र समग्र समाज तथा राष्ट्रको विकासमा नै नकरात्मक असर परिरहेको तथ्यहरूले पुष्टि गरिसकेकाछन् । अध्ययन्हरूले बालबालिका तथा महिला विरूद्धका हिंसा तथा यौन दुर्व्यवहारको प्रमुख कारण मदिराको हानिकारक प्रयोग हो भन्ने पनि पुष्टि भै सकेको छ ।

**२. मदिरा सम्बन्धी केही तथ्यहरू,**

मानव सभ्यताको इतिहासमा मदिराले कहिले देखि प्रवेश पायो ? यो कहिले र कहाँ बन्यो र संसारभरि फैलियो भन्ने बारेमा एकिन तथ्य पाउन कठिन छ । तर पनि यसको इतिहास कोट्याउने प्रयास यसरी गरिएको छ,

- ❖ हिन्दु धर्म शास्त्रहरूमा आयुर्वेदिक औषधी र सोमरसका रूपमा यसलाई प्रयोग गरिने भनी उल्लेख गरिएको छ ।
- ❖ नौ हजार बर्ष भन्दा पहिले उत्तरी चीनको हेनानको जेहाउमा भन्ने ठाउँमा रसाइन विश्लेशणका लागि चामल, मह र फलफूल मिसाई भाडोमा राखिएको थियो भन्ने तथ्य उपलब्ध छ । यसलाई चीनमा मदिरा निर्माणको शुरूवात हो कि भनेर मान्नेहरू प्रसस्त भेटिन्छन् । सोही समयमा मध्य पूर्वी देशहरूमा भने जौ र अंगुरको वाइन प्रयोगमा थियो ।

अरू कतिपय जातजातीहरूमा मदिरा अर्थात् मदिरालाई आ-आफ्ना धर्म संस्कृतिका हरेक महत्वपूर्ण अवसरहरूमा प्रयोगमा ल्याउने गरेको पाइन्छ ।

- विश्वका सबै धर्महरूले मदिराको प्रयोगलाई निरूत्साहित गरेका छन् ।
- विश्व व्यापीकरण, सञ्चारले ल्याएको आमूल परिवर्तन र भूमण्डलीकरणसँगै देशमा घरेलु, राष्ट्रिय देखि बहुराष्ट्रिय कम्पनीहरूले मदिराको उत्पादन र प्रयोग अत्याधिक रूपमा वृद्धि हुँदै गइरहेको देखिन्छ ।
- नेपालमा मदिराको प्रयोग धार्मिक, सास्कृतिक, सामाजिक र परम्परावादी ढंगबाट मात्र नभई धनी र मध्यम वर्गमा जन्मदिन, विवाह भोज, शुभकार्य, बिदाई आदि कार्यमा समेत आडम्बर देखाउने साधनका रूपमा स्थापित भइरहेको छ ।

**३. बालयौन दुर्व्यवहारको स्थिति,**

तथ्यहरूले नेपालमा बालयौन दुर्व्यवहार दिनानुदिन बढिरहेको देखाएको छन् । तल दिइएका तथ्यांकहरूले पनि सोही कुरालाई पुष्टि गरेको छ ।

- सिविनको सूचना तथा श्रोत केन्द्रमा उपलब्ध विगत पाँच वर्षको तथ्यांकहरूलाई अध्ययन् गर्दा १८ वर्ष भन्दा कम उमेरका ६० प्रतिशत र १० वर्ष भन्दा कम उमेरका २५ प्रतिशत बालिकाहरू बलात्कार वा यौन दुर्व्यवहारमा पर्ने गरेको देखिएको छ । यस तथ्यांकबाट हाम्रा कलिला बालिकाहरू दिनानुदिन बलत्कार एवम् यौन हिंसाको शिकार बनिरहेको प्रष्टिएको छ ।
- सरकारी तथ्यांक अनुसार बलात्कारको सिकार हुनेमा १६ वर्ष मुनिका बालिकाहरू धेरै छन् । आर्थिक वर्ष २०६९/७० मा भएका ६८ बलात्कारका घटना मध्ये ५२ जना १६ मुनिका बालिकाहरू थिए । आर्थिक वर्ष २०७०/७१ मा १३२६ बलात्कारका घटनाहरू दर्ता भएका थिए । जबकि त्यसको अघिल्लो वर्ष ६७७ मात्रै त्यस्ता घटनाहरू सार्वजनिक भएका थिए । यसरी यौन दुर्व्यवहारमा पर्ने अधिकांश पीडित बालिकाहरू दलित र जनजाति समुदायबाट रहने गरेका छन् ।

**४. मदिरा सेवन र यौन हिंसा**

मदिरा सेवन र यौन हिंसाको प्रत्यक्ष सम्बन्ध रहेको छ । समाजमा घटिरहेका बलात्कार, यौन दुर्व्यवहार, मानव बेचबिखन लगायतका घटनाहरूमा कतै न कतै मदिरा सेवनको हात रहेको भेटिन्छ । मदिरा सेवन पछि आफूलाई बिच्छिप्त पारेर एउटा बाबु आफ्नै छोरीको बलात्कार गर्न उदृत भएको घटना हाम्रै समाजमा छ । एउटा मामा आफ्नै भान्जीलाई बेच्न वा यौन शोषण गर्न सक्तछ । प्रहरी प्रतिवेदनमा पनि बालयौन दुर्व्यवहार लगायत मानव बेचबिखनको पृष्ठमूमिमा मदिराको संलग्नतालाई औंल्याइएको छ । मानव बेचबिखनमा संलग्न सबैजसो दलालहरू मदिरा सेवन गर्ने खालेका तथ्यहरू रहेका छन् ।

यसरी मदिरा सेवनसँग गाँसिएका अमानवीय घटनाका उदाहरणहरू हाम्रा सामु छताछुल्ल छन् । महिला तथा बालबालिका बेचबिखन विरूद्धकी अभियन्ता एवम् भर्खरै सार्वजनिक भएको आँसुको शक्ति नामक बहुचर्चित पुस्तकका लेखक सुनिता दनुवारले आफू बलात्कृत भएको घटना उल्लेख गर्ने सन्दर्भमा मदिराको प्रसंग पनि जोड्नु भएको छ । पुस्तकमा वहाँले भन्नु भएको छ, उनले रक्सी धोक्न बसेका सुरमा “तिमीसँग मेरो भाइको कान्छी छोरी विवाह गराइदिन्छु” भनेर श्यामलाई हौस्याएका रहेछन् । त्यति मात्र होइन त्यही बहानामा श्यामबाट पाँच हजार भारू पनि लिएका रहेछन् । भर्खर बाह्र तेह्र वर्षकी मेरो विवाह त्यो चालिस टेक्दै गरेको बाहुनसँग गरिदने भन्दै पैसा समेत खाएर साहिंलो बुवा उता नेपालतिर लागेका रहेछन् भने यता त्यो श्याम मेरो पछि लाग्न थालेको रहेछ । (सोमत नभएको श्याम शिर्षक, पेज नं. ४५, पहिलो अनुच्छेद) ।

**५. मदिराको विषय बालअधिकारको पनि विषय**

बालबालिकाको समग्र विकासमा मदिराबाट परेको असरलाई देखाउने दुइवटा उदाहरणहरू तल दिइएको छ ।

क) मेरा बाबा मलाई र मेरो बहिनीलाई कुनै गल्ती नगरिकन नै गल्ति गर्ने र पिट्ने गरिरहनु हुन्छ । उहाँलाई हामीले खाए नखाएको र स्कुल गए नगएको पनि मतलब छैन । बिहानै देखि रक्सी खान पाएपुग्छ । उहाँ जहिले पनि आमासँग पैसा मागि रहनुहुन्छ । यदि आमाले दिन सक्नु भएन भने उहाँ आमालाई गाली गर्ने, तर्साउने र पिट्ने

समेत गर्नु हुन्छ । बिचरी आमाले कताबाट पैसा ल्याउने ? त्यो पनि रक्सी खानका लागि ।
काठमाडौं स्थित कुनै सुकुम्बासी बस्तीकी दशवर्षे बालिका ।

ख. दोलखा जिल्लाको कालिन्चोक गाविसकी ८ वर्षिया सरस्वतीको दाहिने खुट्टाको नलिहाड भाच्चिएको एक वर्षसम्म पनि उपचार हुन सकेन । सामान्य उपचारबाट ठिक हुनसक्ने सरस्वतीको खुट्टा बाहिर उछिट्टिएर औंसा पर्ने अवस्थासम्म आइपुग्यो । खल्ल्याङ्ग खल्ल्याङ्ग खोच्याएर हिड्ने उनलाई त्यसबेला भेट्दा छेउमा नै जान नसक्नेगरी घाउ दुर्गन्धित अवस्थामा थियो । हामीले तत्कालै काठमाडौंमा लगेर अर्थोपेडिकमा उपचार गऱ्यौं । डेढ महिनालामो उपचार पछि उनी ठिक भइन् । सरस्वतीको उपचार हुन नसक्नुमा बाबुको रक्सीको लत थियो । रक्सी खान जताबाट पनि पैसा आउने तर छोरीको उपचारका लागि पैसा नपुग्ने । माथि उल्लेखित उदाहरणहरूका प्रतिनिधी बालबालिकाहरुको बालअधिकार महासन्धि १९८९ ले सुनिश्चित गरेको बालबालिकाको बाँच्न पाउने, सबै प्रकारका कष्ट तथा शोषणबाट संरक्षण हुन पाउने, विकास गर्न पाउने र सहभागी हुन पाउने अधिकारलाई कुण्ठित गरेको छ । महासन्धिको धारा ३३ मा व्यवस्था भएको बालबालिकालाई लागू पदार्थको प्रभावबाट संरक्षण गर्नुपर्ने अवधारणाको ठाडो उल्लघंन भएको छ । विश्व स्वास्थ्य संगठनले २०१० मा पारित गरेको ग्लोबल स्ट्राटेजी टु रिड्युस हार्मफुल यूज अफ अलकोहलमा औंल्याइएको बालबालिकालाई मदिराको हानिकारक असरबाट जोगाउनु पर्दछ भन्ने सिद्धान्तलाई पनि लत्याएको छ । यसरी मदिराको विषय बालअधिकारको विषय पनि हो ।

### ६. बालयौन दुर्व्यवहार रोक्न मदिराको हानिकारक प्रयोग नियन्त्रण आवश्यक

बालयौन दुर्व्यवहारका घटनाहरूमा हामी अपराधीलाई कार्वाही गर्ने/गराउने तर्फ लाग्दछौं । यो आवश्यक पनि हो । तर यस्ता घटनाहरू दोहरिन नदिन यस्ता प्रवृत्तिलाई निरूत्साहित गरिनु पर्दछ । यसको मूल कारणमा मदिराको हानिकारक प्रयोग पहिल्याइएको अवस्थामा सो को न्यूनीकरण अत्यावश्यक भएको छ । यदि मदिराको हानिकारक प्रयोगलाई सामान्य न्यूनीकरण वा नियन्त्रण गर्न सकियो भने बालयौन दुर्व्यवहार लगायत समाजका थुप्रै समस्याहरू आफैं न्यूनीकरण हुँदै जाने प्रष्ट छ ।

### ७. मदिरा नियन्त्रणका चूनौतिहरू

दोलखा जिल्लाका उत्तरी आठ गाविसहरू (आलम्पु, बिगु, कालिञ्चोक, खोपाचागु, चिलंखा, बाबरे, लामीडाँडा र लादुक) मा गरिएको एउटा अध्ययनले समुदायमा मदिरा प्रयोगको अवस्थालाई देखाउँदछ । यसले मदिरा नियन्त्रणमा आइपर्ने चुनौतिहरूको पनि संकेत दिन्छ । सन् २०१३ मा सिविन नेपाल तथा ग्रामीण विकास टुकी संघद्वारा गरिएको अध्ययनबाट भएका खुलसाहरू यस्ता छन्,

- ❖ रक्सी बिक्री हुने स्थानहरू १३० वटा
- ❖ वार्षिक रक्सी बिक्री ६ लाख ८६ हजार ७७३ लिटर
- ❖ एक वर्षको अवधिमा भएका घरेलु हिंसा र झगडाका घटनाहरू ४,५४८ वटा
- ❖ एक वर्षको अवधिमा भएका सामाजिक झै झगडा र हिंसाका घटनाहरू ३१५ वटा
- ❖ एक वर्षको अवधिमा बिगु प्रहरी चौकीमा मदिराजन्य घटनामा परेको उजुरी संख्या २ वटा
- ❖ एक वर्षमा एकघरले औसतमा धार्मिक, सामाजिक, सांस्कृतिक र चाडपर्वमा खर्च हुने रक्सीको परिणाम २५३ लिटर
- ❖ वार्षिक रक्सीमा खर्च रू. २५ प्रति लिटरका दरले जम्मा रू. १ करोड ७२ लाख ६८ हजार

माथिको अध्ययनहरूले गाउँहरूबाट कति ठूलो परिमाणमा रक्सी खरिद बिक्रीका लागि पैसा बाहिर गइरहेको देखाउँछ भने रक्सीको प्रयोगबाट बालबालिकामाथि पर्ने प्रभावका बारेमा अनुमान लगाउन सकिन्छ । यो परिमाणमा प्रयोग हुने मदिराबाट व्यक्ति तथा समाजको स्वास्थ्यमा पर्ने असरसम्बन्धमा छुट्टै अनुसन्धान आवश्यक छ ।

मदिराको हानिकारक प्रयोगको व्यापकतालाई हेर्दा मदिरा नियन्त्रण त्यति सजिलो काम होइन । हामीसँग विद्यमान मदिरा नीति तथा कानुनहरू ज्यादै कमजोर खालका छन् । गाउँघरतिर जुनसुकै पसलमा पनि रक्सी पाउन सकिन्छ । बालबालिकाहरूलाई रक्सी खरिदमा कुनै बन्देज छैन । गैरकानुनी र कमसल रक्सीमा कुनै अनुगमन छैन । रक्सीका कारखानाहरूले साङ्गितीक तथा खेलकुदका कार्यक्रमहरूलाई प्रायोजन गरेर खुलेआम रक्सीको विज्ञापन गरिरहेका छन् । नीति निर्माताहरूपनि कडा कानुन तथा नीतिहरू ल्याउन आतुर देखिन्नन् ।

कतिपय समुदायका लागि मदिरा आफ्नो सांस्कृतिक एवम् धार्मिक पहिचानको विषय पनि रहेको छ । वास्तवमा यीनै कुराहरू नै मदिरा नियन्त्रणका चुनौतीहरू हुन् ।

**८. मदिराको हानिकारक नियन्त्रणमा बालसहभागिता**

मदिराको हानीकारक प्रयोगबाट बालबालिका स्वयम् नै प्रताडित रहेका छन् । तर पनि यसको नियन्त्रणमा उनीहरूसंवाहकका रूपमा काम गर्न सक्तछन् । उनीहरूलाई मदिराको हानिकारक प्रयोगबारे सचेत गराउने, बालक्लबहरूमा आवद्ध गराएर विभिन्न अतिरिक्त क्रियाकलापहरू सडक नाटक, चित्रकला, निवन्ध प्रतियोगिताका माध्यबाट चेतना अभिवृद्धि गराउन सकेमा उनीहरू समाजमा रूपरिवर्तनका संवाहक बन्न सक्दछन् ।

**९. मदिराको हानिकारक प्रयोगको नियन्त्रणमा समुदाय परिचालन**

मदिराको हानीकारक प्रयोगको नियन्त्रणमा समुदायको प्रमुख भूमिका रहनु पर्दछ । कुनै कार्यक्रममा उनीहरूको सहभागिता र संलग्नता हुनु पर्दछ । उनीहरूलाई मदिराले बालबालिका, महिला र समग्र समाजको विकासमा पर्ने हानिकारक असरबारे सचेत गराइनु पर्दछ । शिक्षक, गाउँका धार्मिक गुरूहरू र समुदायका अगुवाहरूलाई विशेष रूपमा जन चेतना अभियानका अगुवाका रूपमा विकास गरिनु पर्दछ ।

गाउँमा क्रियाशील आमा समूह, युवा क्लब जस्ता समुदायमा आधारित संस्थाहरूलाई जनचेतना अभियानमा लगाउन सकिन्छ । मदिराको प्रयोग अनादि कालबाट चलिआएको र कतिपय समुदायका लागि सांस्कृतिक रूपमा नै स्वीकारिएको अवस्थामा यसको न्युनीकरणका लागि जनचेतनामूलक कार्यक्रममा बढी जोड दिइनु पर्दछ । ध्याम्पा फुटाउने जस्ता जोरजबरजस्तीका अभियानहरू नेपालमा सफल नभएको कुरा हामीलाई ताजै छ । यसक्रममा युवाहरूले मदिरा सेवन नगर्ने युवा, असल युवा जस्ता उदाहरण प्रस्तुत गर्न सकिने कार्यक्रयमहरू सञ्चालन गर्न सक्दछन् ।

**१०. केही थप सुझावहरू**

बालसंरक्षण र बालअधिकारको सम्बर्द्धनका लागि मदिराको हानिकारक प्रयोग न्यूनीकरण आवश्यक छ र यसका लागि माथिको आलेख तथा अनुभवका आधारमा निम्नलिखित सुझावहरू दिनसकिन्छ ।

क) नेपाल सरकारका तर्फबाट मस्यौदाका रूपमा रहेको राष्ट्रिय मदिरा नीति अविलम्ब पारित गरी कार्यान्वयनमा ल्याइनु पर्दछ ।

ख) एकीकृत ग्रामीण विकासका कार्यक्रमहरूका साथमा मदिराको हानिकारक प्रयोग विरूद्धको जन चेतनामूलक कार्यक्रम समावेश गरिनु पर्दछ ।

ग) मदिरा नियन्त्रणका लागि जिल्ला जिल्लामा सहायक प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा गठित जिल्ला स्तरीय मदिरा नियन्त्रण समितिलाई क्रियाशील गराइनु पर्दछ । यसकार्यका लागि मदिरा न्यूनीकरणमा क्रियाशील संघसंस्थाहरूले सकरात्मक भूमिका निर्वाह गर्नु पर्दछ ।

घ) एटविन जस्ता सञ्जालहरूले राष्ट्रिय मदिरा नीति सञ्जाल (नापा)तथा मदिरा नियन्त्रणमा काम गरिरहेका भए आफ्नै सदस्य संस्थाहरूका अनुभवहरूलाई उच्चतम प्रयोग गर्नुपर्दछ ।

**सन्दर्भ सामग्री,**


१. आफ्नै अनुभवहरू

२. सिविन तथा फोरूट नर्वेद्वारा प्रकाशित अध्ययन् प्रतिवेदन तथा अन्य सामग्रीहरू


*(लेखक सिविन-नेपालका कार्यक्रम निर्देशक एवम् प्रवक्ता तथा शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (एनसिइ-नेपाल) का अध्यक्ष हुनुहुन्छ ।)*

# व्यवसायिक यौन शोषणको अन्त्य र राज्यको दायित्व



नेहा शर्मा

भगवानले दिएको सबैभन्दा ठूलो वरदान हो आमा । त्यही आमाको कोखले मलाई संसार हेर्ने मौका दियो तर विडम्वना आमाको न्यायो स्पर्श, अनि संरक्षणलाई मैले सँधै आफूलाई बाँध्न खोजेको महसुस गरे । आमाले सधै मलाई जीवनमा आइपर्ने चुनौतीको बारेमा सम्झाउन खोज्नुहुन्थ्यो, म भने वहाँको कुरालाई साङ्गले बारले आफूलाई घेर्न खोजेको अनुभव गर्थे । मलाई पटक्कै मन पर्थेन वहाँले सम्झाएको, बुझाएको ।

मलाई फोटो सेसन गर्न एकदमै मन पर्थ्यो तर परिवारले यसमा कहिल्यै सहयोग गरेन । एकदिन फोटो सेसनको लागि कपडा लिएर जान खोज्दा नाच्न जान लागेकी भनेर आमाले हप्काउनु भयो । यस्तो लाग्यो मेरो परिवारले मेरो सपनालाई निमोठ्न खोज्दैछ । आ, यस्तो बन्धनमा को बस्छ बरू काठमाडौ तिर जान्छु र काम खोजेर एक्लै बस्छु भन्ने लाग्यो । मेरो फुपुदिदी म भन्दा एक बर्ष मात्र जेठी हुनुहुथ्यो वहाँ काठमाडौं बस्नुहुन्थ्यो । वहाँकै सहयोगमा म घर छाडेर हिंडे ।

रामेछापकी १६ वर्षिया अर्पना अधिकारीले घर छाड्नुको कारणलाई यसरी कोट्याइन् । काठमाडौंमा आएपछि फाईनान्समा काम गर्न थाले तर त्यहाँकाम गर्दा पनि खासै राम्रो व्यवहार भएन अनि साथीको लहैलहैमा डान्सवारमा पुगें । त्यहा त ग्राहकहरुले हामी जस्ता काम गर्नेलाई छुने चलाउने गर्दा रैछन् । डरले गर्दा मैले त्यहाँ काम छाडें तर काठमाडौंमा बाच्नै पर्‍यो । म फेरि चावहिलको एक डान्सवारमा काम गर्न थाले । त्यहाँको साहुले काम गर्ने केटीहरूलाई कुटीकुटी ग्राहकसँग पठाउने रैछ । त्यहा काम गर्नेलाई गलफ्रेन्ड बनाउने अनि त्यही गलफेन्डलाई ग्राहकसँग पठाउने ।

एकदिन राति काम सकेर घर जाने बेला साहुले मलाई पुर्‍याईदिन्छु भन्यो । रातको १२ बज्न लागेको थियो । बाटोमा पुगेपछि उसले एक्कासि मलाई छुन चलाउन थाल्यो । म डरले कराएँ चिच्चाएँ तर उसले छाडेन । म गाडीको ढोका खोलेर हाम्फालेर बाचें । अहिले त्यो साहुलाई प्रहरीले थुनेर राखेको छ । मैले आफ्नो अस्मिता त जोगाएँ तर म अहिले भोकभोकै हिंड्न बाध्य छुँ । घर फर्केर आमाको अगाडि मुख देखाउने हिम्मत छैन ।

अर्पनाको भन्दा अलि फरक छ सन्ध्या अधिकारीको कथा । छोरी मान्छेलाई किन वाउआमाले बाजा बजाएर रुवाउँदै अर्काको घर पठाउछन् होला जस्तो लाग्थ्यो । छोरीलाइ उमेर मै अर्काको घर पठाउनुपर्छ भन्दै मलाई पनि १५ वर्षकै उमेरमा आमावुवाले विहेको नाममा अर्काको घर लखेटे ।

विहे भनेको त अरुको घरको लोग्ने मान्छेलाई ओछ्यानमा दिने सन्तुष्टि र उसको परिवारलाई रिझाउने बन्धन पो रैछ । उमेर सानै भएर होला मैले त्यति मात्र बुझे र त्यसैलाई निभाउने प्रयास गर्दै गएँ । रातभर श्रीमान रिझाउथे झिसमिसे उज्यालो भएपछि उसको परिवार खुशि पार्ने होडमा आफूलाई नै बिर्सन्थे । मेरा दिनचर्या त्यसैगरी बित्दै थियो ।

श्रीमान् खुसि नै थिए आखिर नहुनुपनि किन मैले हरेक रात आफ्ना निद्राहरुलाई मारेर उनको सेवा पनि त गर्थे ।

विहे गरेको एकवर्ष ठिकैसँग बित्यो तर अर्को बर्ष मेरो जेठाजु एक्कासि बित्नु भयो । वहाँ बितेको दोष मेरो टाउकोमा आइलाग्यो । मलाई घरमा सबैले हेला गर्न थाले । जेठाजु बित्नु भएपछि परिवारको भरणपोषण गर्न मेरो श्रीमान विदेश जाने तयारी गर्न थाल्नु भयो । विहे गरेर श्रीमान् श्रीमतिबीचको सम्बन्ध अनि माया प्रेम अलि अलि बुझ्न के लागेकि थिएँ, मेरो श्रीमान् ल, राम्रोसँग बस है भन्दै विदेश जानुभयो । जेठाजु मरेको

दोष टाउकोमा लिएर म सासु ससुरा रिझाउने प्रयासमै थिएँ। एक वर्षपछि एक्कासि मेरो श्रीमान् बितेको खबर आयो।

एकातिर आफ्नो जीवन साथीले रोपेको मायाको बिउ म भित्र उम्रदै थियो अर्को तिर सासु ससुराको दुईवटै छोरा मारेको आरोप।

बाँच्नुको औचित्य नै देख्दिनथे। श्रीमान्लाई सम्झेर रातभरी रुन्थें, चिच्याउँथे मलाई पनि तिमीसँगै लैजाउ भन्थे, तर काल नआई कहाँ जान पाईदो रैछ र ! घरमा बस्नै दिएनन् र म बाध्य भएर काठमाडौं आएँ र एउटा कपडा फ्याक्ट्रिमा काम गर्न थाले। पाँच हजार तलब हुन्थ्यो। तर त्यतिले के खाने ? कोठाभाडा तीन हजार थियो। विकल्प खोज्दै जाँदा एकजना गीत गाउने साथीले दोहोरीमा टिप्स पाइन्छ भनेकीले; म गोंगवुको एक दोहोरीमा काम गर्न थालें। अहिले मेरो तलव ३५०० छ। टिम्स पाउन त ग्राहकसँग बसेर लट्ठ हुनेगरी पिउनु पर्छ। साहुले पनि धेरै पिउनेलाई मात्र माया गर्छन् किनकि त्यसबाट टिप्स धेरै आउछ। हामिलाई पनि धेरै पिएपछि ग्राहकले गरेको दुर्व्यवहारलाई आखाँ चिम्लिएर उसलाई खुशी पार्न अलि सहज हुँदो रैछ।

त्यति गर्न पाएपछि ग्राहकपनि हामिलाई प्रयोग गर्न आइराख्ने भए। साहूले पनि पैसा कमाइराख्ने भए। लुटिने हामी हो लुटिइनै राख्छौ।

यो पेशामा खुशि भएर कोही नआउँदो रैछ। विकल्प नहुनेहरू बाध्यताले नै आउँदा रैछन्। टिप्स नपाएको खण्डमा जीवन धान्नकै लागि गेष्टसँग जाने रहेछन्।

अर्पना र सन्ध्या जस्ता व्यवसायिक यौन दुर्व्यवहारमा पर्नेहरुको जमात मनोरन्जन क्षेत्रमा प्रशस्त भेट्न सकिन्छ।

राजधानीमा काम गर्ने किशोरीहरूबढि मात्रामा सिन्धुपाल्चोक, नुवाकोट, धादिङ्ग, काभ्रे, गोरखा, रामेछाप, दोलखा जिल्लाहरूका बढि रहेका छन्। जुन जिल्लाहरू भूकम्पले बढि क्षतिग्रस्त भएका जिल्लाहरू हुन्। राजधानीकै कुरा गर्नुपर्दा मनोरन्जनका क्षेत्रहरूसञ्चालित स्थानहरू गोंगबु, सामाखुशी, ठमेल, सोह्रखुटे लगायतका स्थानहरूपनि भूकम्पले क्षतिग्रस्त बनेका छन्। यसरी हेर्दा मनोरन्जन क्षेत्रमा काम गर्ने किशोरीहरू दोहोरो रुपमा प्रभावित छन् एकातिर प्राकृतिक प्रकोपले अर्कोतिर व्यवसायिक दुव्यर्वहारले।

जसले गर्दा उनीहरू साँझ विहानको जोहो गर्न नसक्दा कतिपय अवस्थामा बुझेर पनि व्यवसायिक यौन दुर्व्यवहारमा पर्ने गरेको घटनाहरू छन्।

व्यवसायिक यौन दुर्व्यवहारको स्वरुपलाई हेर्ने हो भने यसका विभिन्न प्रकारहरू रहेका छन्। भूकम्पमा परिवार सबै गुमाएकी एक किशोरीलाई जागिर दिने प्रलोभनमा एकजना महिलाले काठमाडौंको डान्सबारमा पुऱ्याएको र उनी आफूले काम गर्ने ठाँउको मालिक लगायत ग्राहकबाट पटक-पटक यौन हिंसा सहन बाध्य भएको बताएकी छन्।

'खान लाउन नपुगेर म काठमाडौं आएकी हुँ तर अहिले म प्रहरीकै ओछ्यान बन्न बाध्य छु। तपाईहरू कारवाहीगर्न हिम्मत गर्नुहुन्छ भने मेरो गोपनीयता कायम गरिदनुस् म नाम दिन तयार छु' राजधानिमा आयोजित एक गोष्ठिमा उनले खुलेरै यसो भनिन्।

डान्सवार, रेस्टुरेन्ट, मसाज पार्लर, खाजा घर, होटल, गेष्ट हाउस तथा ईट्टाभट्टाहरुमा बालबालिकाहरू तथा किशोरीहरूको प्रयोगको स्थिति हेर्दा आर्थिक रुपमा विपन्न वर्गका मानिसहरूनै विभिन्न प्रकारको यौन शोषणमा पर्ने जोखिम प्रतिदिन बढिरहेको देखिन्छ। यसलाई आधुनिक दासताको स्वरुपको रुपमा लिन सकिन्छ।

विश्वको परिवेशलाई हेर्ने हो भने सन् २०१४ मा नेपालमा आधुनिक दासहरुको संख्या दुई लाख २८ हजार ७ सय रहेको अनुमान छ।

जुन समाजमा बढी विभेद छ , त्यस समाजमा आधुनिक दासता तथ्याङ्क उच्च रहेको अध्ययनले देखाएको छ। नेपालको सन्दर्भमा सन् २०१३को तुलनामा सन् २०१४ मा आधुनिक दासता सूचकांकमा केहि सुधार आएपनि नेपाल आधुनिक दासता भएका सूचिमा अझैपनि माथि नै छ। संभ्रान्त र मध्यम सहरिया वर्गहरुले गरिबका छोराछोरीहरूलाई गाउँघरबाट ल्याएर घरेलु

कामदारको रुपमा राख्ने गरका छन् । कतिपय घरमा उनीहरुको श्रम मात्र नभई शारीरिक शोषण समेत हुने गरेको छ । कमैया प्रथा कानुनी रुपमा अन्त्य भएपनि घरेलु कामदारको रुपमा नाम मात्रको पारिश्रमिकमा बालबालिकाहरूको श्रम शोषण गरी नवकमलरी बनाउनु आधुनिक दासताको नमुना नै हो ।

भारतीय घर मालिकहरूको शोषणमा परी नारकीय जीवन बिताउने किशोरीहरुको संख्या पनि दिनप्रतिदिन बढ्दै गइरहेको छ । नेपालीहरूलाई ललाईफकाई भारतका कोठीहरूमा लगी बेच्ने मात्र नभई भारतको बाटो हुदै अवैध रुपमा साउदी अरब, कुवेत र यमनजस्ता खाडी मुलुकहरूमा घरेलु कामदारको रुपमा लगिएका नेपाली चेलीहरूको दर्दनाक कथा हामीले पढ्ने र सुन्ने गर्छौ ।

यति मात्र नभएर मलेसिया, तथा अफ्रिकाका डान्सबार हरूमा थुप्रै नेपाली युवतीहरूलाई पठाउने संजाल सक्रिय रहेको पाइन्छ भने त्यस्ता युवतीहरुलाई देह- व्यापारमा लगाइने गरेको पाइन्छ । चरम गरिबी र वेरोजगारी, घरवार विहिनता, सम्पति विहिनता, सामाजिक विभेद, न्यून जीवनस्तर, न्यून उत्पादकत्व, सुविधामा पहुँच नहुँनु, शिक्षा र चेतनाको स्तरमा कमी, कमजोरी, स्वास्थ्य स्थितिहरू, नै आधुनिक दासतातिर समाजलाई धेकेल्ने प्रमुख कारक तत्वहरू मान्न सकिन्छ ।

राजधानी छिर्न बाध्य र कुनै न कुनै रुपमा यौन दुर्व्यवहारमा परिसकेका बालबालिका तथा किशोरीहरुलाई उद्धार र पुनर्स्थापनाको प्रयास सँगसँगै तिनीहरूलाई गाँउबाटै ती सहरसम्म आउनुपर्ने बाध्यतालाई कम गर्नका लागि आर्थिक सशक्तिकरणका कार्यक्रमहरू गाँउगाँउसम्म पुऱ्याउनु जरुरी छ । वर्तमान परिवेशलाई हेर्ने हो भने भूकम्प पश्चात विस्थापित भएर सहरतिर पसेका बालबालिकाहरूको संख्या पनि बढेको देखिन्छ । राज्यले आफ्नै देशभित्र रोजगारीको वातावरण सिर्जना गरिदने, आर्थिक उन्नति र प्रत्येक नागरिकमा यसको समतामूलक वितरण गर्न सकेको खण्डमा आधुनिक दासताको जोखिममा रहेकाहरुलाई धेरै हदसम्म बचाउन सकिन्छ ।

सरकारले राहत तथा पुर्ननिर्माणको लागि अरवौ रुपियाँ जम्मा गरेपनि त्यो रकम लक्षित समूहसम्म पुऱ्याउन नसक्नु र भूकम्प प्रभावितहरुको लागि स्थानीय तहमा सीपमूलक तालिम प्रदान गर्न नसक्नुले पनि महिला, किशोरी तथा बालबालिकाहरू बढी जोखिममा परेका हुन् ।

सरकारले भूकम्प पछिको पुननिर्माणमा ८ खर्ब ३८ अर्ब रुपैया बजेट अनुमान गरी पुननिर्माणको खाका सार्वजनिक गरेपनि भूकम्प पछिको आवश्यकता मूल्याङ्कन प्रतिवेदनले अनुमान गरेभन्दा एक खर्ब ६९ अर्ब बढिको लागत सहितको पुननिर्माण रणनीति सार्वजनिक गरी सोहि अनुसारको कार्यक्रम अगाडि बढाएको छ । तर पुननिर्माण प्रक्रियामा महिला तथा किशोरीहरूलाई स्थानिय तहमा कसरी परिचालन गर्ने भन्ने स्पष्ट रुपमा राखिएको छैन ।

जिल्ला, नगरपालिका र गाउँहरूमा महिलाहरूले स्वास्थकर्मीको रुपमा, बचत समूह र आमा समूहका सदस्यका रुपमा, जेटिएको रुपमा काम गरी स्थानीय अर्थतन्त्रमा टेवा पुऱ्याएका छन् । तसर्थ महिला तथा किशोरीहरूलाई राज्यले उनीहरूको आवश्यकताको पहिचान गरी स्थानीय तहदेखि नै परिचालन गर्न सकेको खण्डमा आर्थिक अवस्था कमजोर भएका घरवारविहिन, अशिक्षित परिवारका बालबालिका तथा किशोरीहरू घर छाडेर कामको खोजीमा शहर छिर्नपर्ने बाध्यतामा कमी आउने देखिन्छ ।

रोग लागेपछि उपचार गर्नु भन्दा रोगनै लाग्न नदिनु बेस भने झै किशोरीहरूलाई स्थानीय तहमै क्यास फर वर्क अर्थात काम गरे वापत नगद पाउने काममा, घर भत्काउने, बनाउने, सिकर्मी, डकर्मी, प्लम्बर, इलेक्ट्रिसीयन, बीउ उमार्ने, बेच्ने जस्ता परम्परागत काममा प्रयोग गर्न सकिएको खण्डमा महिला तथा किशारीलाई स्थानीय स्तमै रोजगार प्रदान गर्न सकिन्छ जसले गर्दा उनीहरुलाई कामको खोजीमा सहर पस्नुपर्ने बाध्यता रहँदैन । अन्ततः यसले दिर्घकालिन रुपमा व्यवसायिक यौन दुर्व्यवहारको जोखिमलाई घटाउदै लैजाने देखिन्छ ।

*लेखक पत्रकारिता तथा सामाजिक सेवामा आवद्ध हुनुहुन्छ ।*

रिपोर्ट

# स्रोत केन्द्रको ब्यूटीपार्लर र परामर्श सेवा



*अनिल अधिकारी*

'आम ब्यूटी पार्लर भन्दा फरक हो हाम्रो', शक्ति रिसोर्स एण्ड कन्ट्याक्ट सेन्टरकी सामाजिक परिचालक सुनिता गुरुङ भन्छिन्, 'अरुले सौन्दर्यतामै मात्र ध्यान दिन्छन्, हामी महिलाको मानव अधिकार र सामाजिक विषयवस्तुमा पनि केन्द्रित छौं ।

'शक्ति समूहको एउटा भिन्दै प्रयास हो शक्ति रिसोर्स एण्ड कन्ट्याक्ट सेन्टर', शक्ति समूहकी प्रोजेक्ट कोअर्डिनेटर नर्बदा सोराली मगर भन्छिन्, 'गोंगबु क्षेत्र हब हो मनोरञ्जनको । राजधानीको मुख्य बसपार्क भएकै कारण गोंगबु क्षेत्रमा दर्ता भएका र नभएका गरी अनुमानित २०० वटा गेष्टहाउस, होटल, डान्सबार, दोहरी र गजल रेस्टुरेण्ट, क्याबिन रेस्टुरेण्टहरू सञ्चालित छन् । आफूले काम गर्ने ठाउँ पनि नजिक भएको र सबैलाई पायक पर्ने ठाउँमा नै रिसोर्स सेन्टर हुनुपर्ने आवश्यकता अनुरुप गोंगबुमा सन् २०११ मा रिसोर्स सेन्टर स्थापना गरिएको नर्बदा बताउँछिन् ।

भन्छिन्, 'रात्रिकालिन काम गरेर महिला कामदारहरू दिउँसो सुत्छन्, टाढा भयो भने सेन्टरसम्म आउन गाह्रो मान्छन्, स्रोत, समय सबैको हिसाबले टाढा व्यवहारिक पनि हुँदैन ।'

'रिसोर्स सेन्टरमा आउनु भनेको सीप विकासका लागि हो', रिसोर्स सेन्टरकी अर्की सामाजिक परिचालिका रसिला ठोकर भन्छिन् । उमेर छउँन्जेल, यौवन र जोश जाँगर रहेसम्म, अधिकांशत् महिलाहरूले मनोरञ्जन क्षेत्रमा ३० वर्षको उमेर सम्म काम गर्ने गरेको रसिला र सुनिताको अनुभव छ । रसिला भन्छिन्, 'मनोरञ्जन क्षेत्रका महिला दिदीबहिनीहरूका लागि ब्यूटीपार्लर एउटा वैकल्पिक व्यवसाय हुनसक्छ भनेर सुसूचित गर्छौं ।' उमेर पुगेपछिको बाटो बनाउन सहयोग गर्ने पनि हो, त्यसका लागि सीप दिने, उनीहरूको क्षमता अभिवृद्धि गर्ने, भित्रैदेखि बलियो बनाउन वहाँहरूलाई सघाउँछ रिसोर्स सेन्टरले ।



'यसलाई हामीले ड्रपिङ सेन्टर पनि भन्छौं', सुनिता अर्थ्याउँछिन् । यहाँ मनोरञ्जन क्षेत्रका दिदीबहिनीहरू आउने जाने गर्नुहुन्छ । निसंकोच मनको बह पोख्न सक्नु हुन्छ । 'हाम्रो लागि बोल्ने कमसेकम कोही त छ भन्ने भावना यहीं आएर वहाँहरूमा विकास हुन्छ । यो ठूलो कुरा हो', सुनिता भन्छिन् ।

भावना तामाङ शक्ति रिसोर्स एण्ड कन्ट्याक्ट सेन्टरकी परामर्शदाता र ब्यूटीसियन हुन् । शक्ति समूहको सदस्य उनले काउन्सील फर टेक्निकल एजुकेशन एण्ड भोकेसनल ट्रेनिङ (सिटिईभिटी) बाट ब्यूटिसियन तालिम लिएर २ वर्ष ओमनको

५ तारे होटलमा समेत काम गरिसकेकी छिन् । 'रिसोर्स सेन्टरमा मनोरञ्जन क्षेत्रका दिदीबहिनीहरूलाई निशुल्क सौन्दर्यताको सेवा, सीप र तालिम त दिइन्छ नै', भावना भन्छिन्, 'अनुहार र सौन्दर्यताको उपचार गर्दै सँगसँगै मनोरञ्जन क्षेत्रका दिदीबहिनीहरूलाई मित्रवत व्यवहार गर्दै मनोरञ्जन क्षेत्रको पेशाको अप्ठेरोका बारेमा सोधखोज गर्ने र परामर्श दिने गरेकी छु ।'

रिसोर्स सेन्टरबाट तालिम लिएर एकजना अमेरिका गई 'सेटल' भइसकेको र अर्को एकजना झापा मै ब्यूटी पार्लरमा काम गरिरहेको भावना सुनाउँछिन् । 'हाम्रो उद्देश्य पनि महिलाहरूलाई यसरी नै आत्मनिर्भर तुल्याउन सघाउँदै जाने हो', भावना भन्छिन् । 'रिसोर्स सेन्टरबाट दिने सेवा र तालिम सबै निशुल्क हो । तर सेवा मनोरञ्जन क्षेत्रका महिलाहरूका लागि मात्र लक्षित गरिएको छ । 'हाम्रो उद्देश्य मनोरञ्जनको क्षेत्रमा आवद्ध बढी भन्दा बढी महिलाहरूलाई सीपका साथै परामर्श दिने हो ताकि एकातिर वहाँहरू आत्मनिर्भर भएर वैकल्पिक पेशा वा व्यवसाय अपनाउन सक्नुहोस्, अर्कोतिर जोखिम न्यूनीकरण पनि गर्ने हो', सुनिता भन्छिन् ।

बारा निजगढकी सिर्जना (नाम परिवर्तन) डान्सबारमा वेटर छिन् । उनी भन्छिन्, 'मनोरञ्जन क्षेत्रमा शोषण र यातनाको कथा भनी साध्ये छैन ।' सिर्जनाले डान्सबारमा डान्सर महिलाहरूलाई ग्राहकहरूको सामुन्ने नङ्ग्याएको, पुलिसले नै लगाएको लुगा खोल्न लगाएको, राती साहूले आफैसँग राख्ने, दिउसो ग्राहकसँग पठाउने सम्म देखेकी र भोगेकी छिन् । 'मनोरञ्जन क्षेत्रमा अझैपनि त्यस्ता सञ्चालकहरु क्रियाशिल छन् जो नेपाल सरकारको होटल, लज, रेष्टुराँ तथा रिसोर्ट, बार तथा पथ प्रदर्शक नियमावली २०३८ र सर्वोच्च अदालतको निर्देशिका २०६५ लाई लत्याएर श्रमिकहरुको मानव अधिकार हनन् गर्ने, महिला श्रमिकहरुको यौन शोषण गर्ने र उनीहरुलाई यौन दुव्र्यवहार गर्छन् । तिनलाई कानुनको दायरामा ल्याउनु नितान्त जरुरी छ', सिर्जना भन्छिन्, 'यसको वाबजुद केही राम्रा पनि छन् ।'

मनोरञ्जन क्षेत्रमा जोखिममा परेका महिलाहरूको उद्धार गर्न सुरक्षा निकायको सहयोगी भूमिका रहनेमा सुनिता, रसिला, भावना र बंदाको एकमत देखिन्छ । एकजना इन्सपेक्टर पूर्णिमा चन्दले मनोरञ्जन क्षेत्रमा फरक ढंगले काम गर्ने सोंच बोकेर आएको स्मरण गर्छिन् सुनिता र रसिला । 'राम्रो गर्दै हुनुहुन्थ्यो, ७ महिनामै सरुवा गर्‍यो वहाँको । महिला हिंसा विरुद्ध हामीले सँगै कार्यक्रम गरेका थियौं गत वर्ष', रसिला ठोकर भन्छिन्, 'छोटो लुगा नलगाउनुस्, तपाईंहरूसँग भएको समस्या सोझै मलाई भन्नुस् भन्नुहुन्थ्यो । नियमित अनुगमन गर्ने, मनोरञ्जन क्षेत्रका महिलाहरूसँग अन्तर्कृया र छलफल गर्नुभाथ्यो ।'

'पूर्णिमा चन्द जस्तो प्रहरी अधिकृत यस क्षेत्रमा चाहिन्छ, र प्रशासनले कम्तीमा २, ४ वर्ष काम गर्न दिनुपर्छ केही परिवर्तन हेर्नलाई', नर्मदा भन्छिन्, 'मनोरञ्जन क्षेत्रमा धेरै फोहर छ । त्यहीं भित्रै गएर फोहर सफा गर्न पाए त्यहाँको वातावरण सफा र स्वच्छ हुने थियो तर त्यसो गर्न जनशक्ति, सुरक्षा, स्रोत सबै चाहिन्छ ।'

नेपाल सरकारको मनिटरिङ एक्सन कमिटि (म्याक) अन्तर्गत सिडिओ कार्यालयका दुई-दुईजना सहायक सिडिओहरू, महिला विकास कार्यालय एवं महानगरीय प्रहरी प्रतिनिधि लगायतले, रिसोर्स सेन्टरले जोखिमपूर्ण भनी सुझाएका केही निश्चित दोहरी, डान्सबार, क्याबिन लगायतको निरिक्षण भ्रमण गरेपछि कतिपय क्षेत्र सर्वोच्चले जारी गरेको मनोरञ्जन क्षेत्रलाई मर्यादित र व्यवस्थित गर्न बनेको निर्देशिका २०६५ अनुरुप छैन भनी निश्कर्ष निकालेको नर्बदा स्मरण गर्छिन् ।

'समितिमा सम्बन्धित सरोकारवाला गैससहरूलाई भने सहभागी गराइएको छैन', उनी भन्छिन् ।

**रिसोर्स सेन्टर**

शक्ति रिसोर्स एण्ड कन्ट्याक्ट सेन्टरलाई ड्रपिङ सेन्टर भनेर पनि बुझ्न सकिन्छ । मनोरञ्जन क्षेत्रका दिदीबहिनीहरू दिउसो आउने, दिनभरि छलफल, तालिम, अन्तर्कृयामा सहभागी हुने र बेलुकी फर्कन्छन् । यहाँ आवासीय सुविधा हुँदैन ।

❖ मनोरञ्जन क्षेत्रमा कार्यरत् महिला दिदी बहिनीहरूको एक आपसमा सञ्चार, समन्वय, भेटघाट, छलफल र अनुभव आदान प्रदान हुन्छ ।

- मनोरञ्जन क्षेत्रमा के कस्ता समस्याहरू, अप्ठेरा, जोखिमहरू भोग्नु परिरहेको छ, सो का बारेमा सेन्टरमा कार्यरत् सामाजिक कार्यकर्ताहरूद्वारा सोधखोज गरिन्छ ।
- सामाजिक कार्यकर्ताहरूले गोंगबु आसपासका होटल, रेस्टुरेण्ट, दोहरी र गजल रेस्टुरेण्ट, क्याबिन, डान्सबारमा अनुगमन र भ्रमण गर्छन्, सञ्चालकहरूसँग अनुमति लिएर त्यहाँ कार्यरत् महिलाहरूसँग भेटघाट गरी उनीहरूलाई ड्रपिङ सेन्टरमा आएर सदस्यता लिन अभिप्रेरित गर्छन् ।
- मनोरञ्जन क्षेत्रमा कार्यरत महिलाहरूलाई यहाँ दिगो व्यवसायिक तालिम दिइन्छ ।
- निशुल्क ब्यूटीसिएन तालिम दिइन्छ र सौन्दर्यता प्रदान गरिन्छ । सँगसँगै उनीहरूको कार्यक्षेत्रको अवस्था, हिंसा, मानव अधिकारको अवस्था पनि बुझ्ने कोशिस गरिन्छ ।
- समूह विभाजन, मासिक वैठक, बचत संकलन, ऋण परिचालन गरिन्छ ।
- अनौपचारिक शिक्षा कक्षा सञ्चालन गरिन्छ ।
- मनोसामाजिक, आत्मरक्षा एवं कानुनी परामर्श दिइन्छ ।
- मनोरञ्जन क्षेत्र सम्बन्धि निर्देशिकामा छलफल गरिन्छ ।

**दोहरी रेस्टुरेण्टले सोख त पूरा गर्दथ्यो तर यसरी नै करियर चल्दैन**

दोहरी रेस्टुरेण्टमा पहिलो पटक गाउँदा धादिङकी सबिता गुरुङलाई साहुले गेष्टकै सामुन्ने माइकले हिर्काएको थियो । 'शायद राम्रो गाउन सकिन कि !', सबिता भन्छिन्, 'एकजना गाउँले दाईले इख लिएर काम गर भन्नु भो । पछि साहुले तलब बढाइदिन्छु भन्याथ्यो, मनै मर्‍यो ।' सबिताले त्यो साहुको मुखै नहेरी जागिर छाडेर हिंडिन् । धादिङकी उनले अर्कै दोहरी रेस्टुरेन्टमा गाउन थालिन् । अहिले दोहरी गीतको दुइवटा अल्बम समेत निकालेकी छिन् । सानैदेखि गीत गाउने सौख भएकोले गाउने पेशा उनलाई ठीकै लाग्छ ।

गोर्खाकी २४ वर्षिया सम्झना रानापनि दोहरी गायिका हुन् । सबिताले नै सम्झनालाई आफैले काम गर्ने दोहरीमा काम लगाइदिन् । सम्झना बिए पास छिन् । यिनको चाहना पनि सानै देखि गीत गाउने नै थियो । 'आफ्नो पढाई अनुशार जागिरै पाइँन, बरु सोख नि पूरा हुने भन्ठानेर दोहरीतिर आएँ', सम्झना सुनाउँछिन् ।

'गायिका भएर आफूहरू स्टेजमा बस्ने भएकोले होला दुर्व्यवहार सहनु परेको छैन', उनी भन्छिन्, 'तर वेट्रेसहरूले अहिलेपनि यौन दुर्व्यवहार सहेका छन् ।'

सम्झना दिदीसँग काठमाण्डौमा बस्छिन् । घरबाट आमाले 'त्यत्रो पढिस्, अरु नै काम गरेको भए हुन्थ्यो' भन्ने गरेको सम्झना बताउँछिन् । 'दोहरी नै गाएर जीवन सँधै चल्छ जस्तो उनलाई लाग्दैन ।

'वैकल्पिक उपाय खोज्दै छु । ड्रपिङ सेन्टरबाट ब्यूटीसीयन तालिम लिइरहेको छु', सम्झना भन्छिन् ।

दोहरीमा आएपछि आफूमा निकै परिवर्तन आएको सम्झनाको अनुभव छ । उनी भन्छिन्, 'शुरुशुरुमा मान्छेको सामुन्ने बोल्नै डर लाग्थ्यो ।

दोहरीमा मानिसहरूसँग अन्तरकृया गरिरहने हुँदा आत्मविश्वास बढेको छ ।' महिलाहरूमाथि मनोरञ्जन क्षेत्रहरूमा हिजो नि हिंसा हुन्थ्यो र आज पनि भइरहेको सम्झनाले अनुभव गरेकी छिन् । ड्रपिङ सेन्टरको संगतले कुराहरू बुझ्ने भएको सम्झना बताउँछिन् । सबिताको अनुभव पनि त्यस्तै छ । 'दोहरीमा महिलामाथि हिंसा, यौन दुर्व्यवहार हुँदा शुरुशुरुमा 'कस्तो बदमास मान्छेहरू, बिचरीलाई के गर्‍या होला' जस्तो मात्र सोच्थ्यौं, अहिले दिदी बहिनीहरूमाथि हिंसा भए, उनीहरूको मानव अधिकार, मर्यादित पेशा गर्न पाउने अधिकार हनन् भइरहेको छ, उनीहरूलाई तत्काल उद्धार गरिनुपर्छ भन्ने मनमा आउँछ । र ड्रपिङ सेन्टरमा आएर यस्तो भयो, के गर्ने होला भनेर छलफल गर्छौं ।', सबिता भन्छिन् । 'मेरो सोंच र बुझाई पनि उही हो', सम्झना भन्छिन् ।

दोहरी, डान्सबार, गजल रेस्टुरेण्ट लगायतका मनोरञ्जन क्षेत्रहरूमा पेशागत मर्यादा हुनुपर्ने, यौन

दुर्व्यवहार रोकथाम हुनुपर्नेमा सबिता र सम्झनाको एकमत रहेको छ । 'देवी घर्ती मगर, ज्योति मगर, बिष्णुथापा मगर, मुना थापा, पशुपति शर्मा, रेखा थापाजस्ता राष्ट्रिय स्तरका कलाकारहरू गीत संगीत र चलचित्रमा स्थापित छन् जसलाई मनोरञ्जन क्षेत्रले नै जन्माएका भन्दा फरक नपर्ला', सम्झना भन्छिन्, ' मनोरञ्जन क्षेत्र पनि एउटा पेशा हो, यहाँ महिलाहरूले स्वाभिमान, इज्जत, मर्यादा र सुरक्षित वातावरणमा काम गर्ने अवसर हुनुपर्छ ।'

जे भएपनि शक्ति समूहले बेचबिखन र यौन हिंसाको जोखिममा पर्न सक्ने सम्भावना भएका महिलाहरूको मुद्दालाई रिसोर्स सेन्टरका माध्यमबाट संस्थागत गर्न प्रयास गरिरहेको कदम सह्रानीय मान्नुपर्छ । ब्यूटीपार्लर र परामर्श बाहेक रिसोर्स सेन्टर अन्तर्गत ४ वटा भिन्दा भिन्दै महिला समूहहरू गठन भई परिचालित छन् : प्रगतिशिल, मिलीजुली, कन्याम र नयाँ किरण । 'समूहले मानिस भेला आयोजना गर्छ, सदस्यहरूले मासिक बचत गर्छन् र ऋण लिन्छन्', सेन्टरकी अर्का सामाजिक परिचालक रसिला ठोकर भन्छिन् । समूहमा साक्षर, अर्ध-साक्षर र निरक्षर गरी तीन तहका सदस्यहरू छन् । रिसोर्स सेन्टरले निरक्षर र अर्ध साक्षर महिलाहरूलाई लक्षित गर्दै साक्षरता कक्षा सञ्चालन गर्दछ । समूह सदस्यहरूलाई सेन्टरले मनोसामाजिक एवं र आत्मरक्षा परामर्श तालिम, कानुनी परामर्श एवं अभिमूखिकरण पनि दिने गरेको छ । मनोरञ्जन क्षेत्रमा कतिपय महिलाहरू यौनजन्य हिंसाका शिकार हुन गई मानसिक आघात (ट्रमा) बाट गुज्रेका हुन्छन् । उनीहरूको आत्मसम्मान र आत्मबल बढाउने, परिस्थितिबाट नभागी मुकाबीला गर्न हिम्मत दिने, कानुनी प्रावधानका बारेमा सुसूचित गराउने काम मनोसामाजिक, आत्मरक्षा र कानुनी तालिमहरूले गर्ने सुनिता र रसिला बताउँछन् । 'पराई ठाउँमा दिदी बहिनीहरूको काँध थपथपाउने काम हामीले गरेका छौं । वहाँहरूले पनि हाम्रो लागि हो भनेर सेन्टरप्रति अपनत्वको भावना दर्शाउनु भएको छ', रसिला भन्छिन् ।

*लेखक स्वतन्त्र पत्रकार तथा टेका समूह नेपालका अध्यक्ष हुनुहुन्छ ।*



# एचआईभी/एड्स संक्रमितहरूको अधिकार सुनिश्चित होस् !



नातीसारा (गोमा) राई

नातीसारा (गोमा) राई शक्ति मिलन समाजको संस्थापक अध्यक्ष तथा हाल शक्ति मिलन समाजको कार्यकारी निर्देशक हुनुहुन्छ । शक्ति मिलन समाज HIV/AIDS बाट संक्रमित महिलाहरुको संस्था हो । यसको स्थापना २००६ मा भएको हो । उहाँ स्थापनकाल देखि नै यस संस्थाको नेतृत्व तहमा रहदै आएको छ । नातीसारा राईसँग एचआइभी/एड्स संक्रमितहरूको अवस्थाहरूको बिषयमा एटविनले गरेको कुराकानीको सार यहाँ प्रस्तुत गरिएको छ ।

◆ **आफ्नो छोटो परिचय दिनुहोस् न ।**

मेरो जन्म खोटाङ्ग जिल्लाको दुक्षिम गा.वि.स को रातमाटे भन्ने गाउँमा भएको हो । ग्रामिण परिवेश, घरको गरिबी र अन्य घरायसी समस्याका कारण बाल्यकालमै म मेरो भविष्यको खोजीका लागि काठमाण्डो पुगें । त्यतिबेला म १२ वर्षको थिएँ । पहिलो पटक देशको राजधानीलाई देख्दा सुन्दर र सुगम लाग्यो । तर जबाम काठमाण्डौको परिवेशमा भिज्न थालें यो शहर मैले सोचेको भन्दा विपरित पाएँ । बाल्यकालमा बाल गृहमा पढ्दै, सिक्दै खेल्दै र विभिन सीपमूलक कामहरू गर्दै बिताएँ । चौध वर्षको उमेरमा प्रौढ कक्षा पढेर आफ्ना नामको पहिलो अक्षर लेख्न र प्रस्तुत गर्न सिकें ।

◆ **अहिले के गर्दै हुनुहुन्छ ?**

एच.आईभि संक्रमितहरूले नेतृत्वगरेको संस्था शक्ति मिलन समाजसँग आबद्ध रही हाल सो संस्थाको कार्यकारी निर्देशकको भूमिकामा कामगर्दै आइरहेको छु। यस संस्था मार्फत आफूले सिकेका सीप र ज्ञानहरूलाई, देखेका र भोगेका चित्रणहरूलाई प्रभावितहरूसँग साट्ने, बाँचिरहेका प्रभावित दिदी बहिनीहरूलाई हौसला दिने र साथसाथै सामाजिक रूपान्तरण र परिवर्तनको लागि समन्वाय, सञ्जाल र पैरवी पनि गर्ने गरेकी छु ।

◆ **शक्ति मिलन समाजसँग कसरी आबद्ध हुनुभयो ?**

म जस्तै दुःख र अप्ठेरोमा परेका धेरै महिलाहरू शिक्षाको अँध्यारो घामबाट टाढा रहेको परिणाम स्वरूप बेचविखन र एच.आई.भि संक्रमण जस्तो विकराल समस्या पर्ने गरेको विदितै छ । आफूजस्तै सञ्जालमा आवद्ध दिदीबहिनीहरूका बारेमा अनेकौ सोंचहरू आए, त्यही अनेकौ सोंचहरूको बीचमा एउटा पाइला र दर्शनको भाव सिर्जनाभयो । त्यही सिर्जनाको पाईला र दर्शनहरू बोक्दै अघि सर्ने क्रममा म जस्तै सोच्ने, म जस्तै भाव दर्शाउने दिदीबाहिनीहरूलाई भेट्दै गएँ । परिवर्तनको चाहना बोकेर हिंडेका दिदीबहिनीहरू जसको भावना, सोंच उद्देश्य एकै थियो, संगठित भएर शक्ति मिलन समाजको निर्माण भयो । संक्रमित महिलाहरूको विकराल समस्यालाई निर्मुल पार्ने हेतुले महिलाहरूको निम्ति महिलाहरू कै संगठन हो शक्ति मिलन समाज हो र म सुरूवाती दिन देखि नै यस संस्थामा आवद्ध छु ।

◆ **तपाइँ शक्ति समूहसँग पनि आबद्ध हुनुहुन्छ हैन ?**

शक्ति समूहको संस्थापक सदस्य हुँ । सन् १९९६ देखि नै आवद्ध छु ।

◆ **शक्ति मिलन समाजको स्थापनाका उद्देश्यहरू के थियो ?**

एचआईभी संक्रमित महिलाहरू सामान्य अरू सरह नै बाँच्न पाउनु र भेदभाव रहित समाजको परिकल्पनालाई साकार बनाउनु नै शक्ति मिलन समाजको मुख्य उद्देश्य हो । संक्रमित महिला तथा बालबालिकाहरूको हक अधिकार स्थापित गर्ने, बेचविखनमा परेको महिलाहरू मात्र नभई एचआईभी संक्रमितहरू अझ बढी पीडित रहेका छन् र समाजले हेर्ने दृष्टिकोण अन्य साधारण महिलाको भन्दा संक्रमित महिलाहरूको हितमा आकाश पातालको फरक छ। समाजको बुझाइमा त एचआईभी

कोठीबाट फैलेन्छ, प्राणघातक रोग हो, वेश्यावृत्ति बाट सर्छ, यो रोग लागेका व्यक्तिहरू धेरै बाच्दैन भन्ने रहेको छ । यस्ता भ्रमहरूलाई चिर्दै समाजको हेराईमा आमुल परिवर्तन गर्ने र संक्रमित महिलाहरूले पनि अन्य सरह बाँच्न पाउँछन् भन्ने मान्यतालाई स्थापित गर्ने उद्देश्य हो शक्ति मिलन समाजको । साथै, संक्रमितहरूको आवाजलाई बुलन्द गरी संक्रमितहरूको हक अधिकारलाई स्थापित गर्ने र राज्य पक्षलाई ध्यानाआर्कषण गर्ने पनि यसको उद्देश्य हो ।

- **नेपालमा एचआईभी/एड्सबाट सङ्क्रमित महिला तथा बालबालिकाहरूको अवस्था कस्तो छ ?**

नेपालमा विगतको तुलना भन्दा केही हदसम्म सकारात्मक परिवर्तन आएको पाइएतापनि अपेक्षित अनुपातमा समुदायमा भेदभाव अझै पूर्ण रूपमा भने हटिसकेको पाईदैन । सक्रमितहरूमाथि अझै भेदभाव र पूर्वाग्रह छ ।

- **यस विषयमा काम गर्दा कस्ता कस्ता चुनौतिहरू सामना गर्नुपरेको छ ?**

अझै पनि सामाजिक अनकूलनको अभाव छ। समाजमा वास्तविकता लुकाएर बाँच्नु पर्ने अवस्था छ। खुलेर अझै बाँच्न सकिरहेको अवस्था छैन । मानसिक संक्रमणको वृद्धि भइरहेको मैले अनुभव गरेकी छु।

- **यस क्षेत्रका महिला तथा बालबालिकाहरूका मुख्य समस्याहरू हरू के के छन् ?**

महिला तथा बालबालिकाहरूमा अशिक्षा व्याप्त छ । उनीहरू कमजोर आर्थिक अवस्थाबाट गुज्रिइरहन परेको छ । एचआईभी/एड्स प्रभावितहरूको ठूलो सङ्ख्या बेरोजगारीको मार झेल्न बाध्य छ। समाजमा अझैपनि प्रभावितहरूप्रति हेयको दृष्टिले हेरिन्छ। सीप र क्षमता भएपनि उनीहरूलाई अरु नागरिक झैं समान अवसर छैन ।

- **यस विषयमा नीतिगत रूपमा के के गर्न आवश्यक छ ?**

आमा बुवा नभएका एच.आई.भी संक्रमित बालबालिकाहरूको उज्वल भविष्य, उनीहरूको उच्च शिक्षा, स्वास्थय, सुरक्षित गाँस, वास र कपासमा कसरी स्थायित्व दिन सकिन्छ भन्ने सवालमा निरन्तर पैरवी आवश्यक छ । अझैपनि निम्न कुराहरूको यथोचित व्यवस्था हुनुपर्दछ :

- संक्रमितहरूको पनि सरकारी जागिरहरूमा सुरक्षित कोटाहरू हुनुपर्छ ।
- संक्रमितहरूको संख्या सून्यमा पुऱ्याउने २०३० को विश्वको लक्ष्यलाई प्रभावकारी कार्यान्वयन हुनु अति नै आवश्यक छ ।
- संक्रमितहरूको अधिकारको कुरालाई सुनिश्चित गर्नु र संक्रमितहरूको आवश्यकता परिपूर्ति का लागि समयानुकूल नीति निर्माणको आवश्यक छ ।

- **सरोकारवाला सरकारी निकायको भूमिका कस्तो पाउनु भएको छ ?**

ठिकै छ ।

- **यस विषयमा काम गर्ने संघसंस्थाहरू बीच समन्वय र सहकार्यको अवस्था कस्तो छ ?**

हिजोको अवस्थाभन्दा केही परिवर्तन भएको छ यस विषयमा तर समन्वय र सहकार्य अझै धेरै खाँचो छ ।

- **व्यक्तिगत रूपमा तपाईंले बेचबिखनबाट प्रभावित, एचआइभी/एड्सबाट सङ्क्रमित र त्यस माथि पनि महिला भएको कारणले के कस्ता चूनौति र समस्याहरू भोग्नुपऱ्यो ?**

नेपाली समाजमा महिलाहरूलाई दोस्रो दर्जा दिइन्छ । त्यसमाथि एचआईभी/एड्स संक्रमितहरू तथा बेचबिखन प्रभावित महिलाहरूको अवस्थात झन् दयनीय छ र व्यवहारिकतामा पनि भोग्दै आइरहेको छु।

- **यो क्षेत्रमा तपाइँको यति लामो संघर्ष रह्यो । के कुराले अझैपनि तपाइँलाई अघि बढ्न समस्या पुऱ्याएको छ ? यस क्षेत्रमा उपलब्धिहरू के के हासिल गर्नुभयो ?**

समस्या भन्नु पर्दा, शिक्षा नहुनाले वस्तुपरक हिसाबले तर्क गर्न कठिनाई छ, भाषामा समस्या छ। उपलब्धिको हकमा आत्मबल बढेको छ र विषयवस्तुलाई बुझ्न सक्ने भएको छु।

- **तपाइँले आफूजस्ता महिलाहरूलाई आफ्नो भोगाई र सिकाईको आधारमा कस्तो सन्देश दिन चाहनुहुन्छ?**
  संक्रमित हुनु जीवनको अन्त्य होइन, बरु जीवनको सुरूवात चाहिँ हो । अतः सघर्ष गर्न नछाडौं । असम्भव भन्ने केही रहेनछ यदि निर्स्वाथ भावनाले अघि बढ्ने हो भने सफलता अवश्य मिल्दो रहेछ । यो नै मेरो जीवनको सिकाई हो ।

**राज्यसँग तपाइँले के अपेक्षा गर्नुहुन्छ ?**

अरू महिला सरह अवसर र समान व्यवहार दिनुहोस् । एचआईभी/एड्स संक्रमितहरूलाई हेयको दृष्टिले हेर्नु भएन । प्रभावितहरूको अधिकारको सुनिश्चितता होस् ।

**अन्तिममा तपाइँले भन्नु पर्ने विषयवस्तु केही छन् कि !**

राज्य लगाएत समाज अनि परिवारले एच.आई.भी. संक्रमित महिला तथा बालबालिका र मानव बेचबिखनमा परेकाहरुलाई विशेष ब्यक्ती सरह सम्मान गर्दै जुन अवस्था मैले भोगेको थिएँ, अबका भावी पिढीँहरुले यस्तो अवस्थाबाट गुज्रिनु नपरोस । मानव बेचबिखन गर्ने ब्यक्तीहलाई कानुनको कठघरामा उभाउन सकियोस र कानुनी कारबाहिमा ल्याएर आगामी दिनमा यस्ता बेचबिखन रोकियोस । एच.आई भी. संक्रमण र मानव बेचबिखन समाजकै समस्या भएकाले परिवार र समाज यस्ता समस्या प्रति सजग हुनुपर्दछ ।






# नेपालमा मानव बेचबिखन तथा ओसारपसार

## पत्रपत्रिकामा प्रकाशित समाचार तथा लेखहरूको विश्लेषण

## (बैसाख २०७२–चैत्र २०७२) एटविन

### १. परिचय

महिला तथा बालबालिका बेचबिखनविरूद्ध सहकर्मी समूह नेपाल (एटविन) मानव बेचबिखनविरूद्ध र मानवअधिकारको संरक्षणमा कामगर्ने संस्थाहरूबीच लामो समय सम्म वृहत्त छलफल, बिचार विमर्श, अध्ययन र गहन चिन्तन पश्चात जुन ६, १९९७ मा स्थापना भएको हो ।

एटविनका विविध क्रियाकलापहरू मध्ये अनुसन्धान तथा अभिलेखिकरण एक प्रमुख क्रियाकलाप हो । एटविनले अभिलेखिकरण क्रियाकलाप अन्तर्गत काठमाडौँबाट प्रकाशित हुने प्रमुख पत्रपत्रिकाहरूमा प्रकाशित मानव बेचबिखन, मानवअधिकार तथा महिला हिंसा सम्बन्धी समाचार र लेखहरूका क्लिपहरूलाई अभिलेख एवं व्यवस्थापन गर्दै आएको छ । यो अध्ययन् काठमाडौँबाट प्रकाशित पत्रपत्रिकाहरूमा प्रकाशित मानव बेचबिखन सम्बन्धी समाचार तथा लेखहरू विश्लेषण गर्ने प्रयत्न हो ।

### १.१. अध्ययन्का उद्देश्यहरू

१. पत्रपत्रिकाहरूमा प्रकाशित समाचार र लेखहरूको कभरेज पहिचान तथा विश्लेषण गर्ने
२. पत्रपत्रिकाहरूमा प्रकाशित समाचार र लेखहरूको प्रकाशन प्राथमिकता पहिचान तथा विश्लेषण गर्ने
३. पत्रपत्रिकाहरूमा प्रकाशित समाचार र लेखहरूमा गोपनीयता कायमको स्थिति पहिचान तथा विश्लेषण गर्ने
४. पत्रपत्रिकाहरूमा प्रकाशित समाचार र लेखहरूमा मानव बेचबिखनका अन्य पक्षहरू जस्तै मानव बेचबिखनका पीडित/प्रभावितहरू, मानव बेचबिखनको स्थान, पीडित/प्रभावितहरूको जातीयता, उमेर र लैङ्गिकता, बेचबिखनको प्रकार, बेचबिखन गर्ने व्यक्तिको प्रकार, बेचबिखनको कारण तथा उद्देश्य आदि पहिचान तथा विश्लेषण गर्ने

### १.२. क्षेत्र तथा सीमाहरू

यस अध्ययनले काठमाडौँबाट प्रकाशित हुने ७ प्रमुख पत्रिकाहरूमा प्रकाशित समाचार तथा लेखहरूलाई समेटेको छ । विगत एक वर्षको समयावधिमा (बैसाख २०७२ देखि चैत्र २०७२) प्रकाशित समाचार तथा लेखहरूलाई विश्लेषण गरिएको छ । मानव बेचबिखन सम्बन्धी समाचार तथा लेखहरूलाई मात्र विश्लेषण गरिएको छ । कुनै न कुनै किसिमले बेचबिखनसँग गाँसिएका ओसारपसार तथा आप्रवासन सम्बन्धी समाचार हरूपनि यस अध्ययनमा विश्लेषण गरिएका छन् ।

### २. अनुसन्धान विधी

यो अध्ययन पूर्ण रूपमा एटविनमा संग्रह गरिएका मानव बेचबिखन सम्बन्धी समाचार तथा लेखहरूक क्लिपहरूमा आधारित छ । यस अध्ययनकालागि बैसाख २०७२ देखि चैत्र २०७२ को समयावधिमा काठमाडौँबाट प्रकाशित हुने ७ प्रमुख पक्रिकाहरूमा प्रकाशित समाचार तथा लेखहरूलाई समावेश गरिएको छ। अध्ययनकालागि समाचार तथा लेखहरूका क्लिपहरू संग्रह गरिएको थियो, समाचार तथा लेखहरूको विषयवस्तु विश्लेषणका लाीग एक चेकलिष्ट तयार गरिएको थियो । चेकलिष्टको प्रयोग मार्फत प्राप्त तथ्यांकलाई विश्लेषण गरी निश्कर्ष निकालिएको थियो ।

### ३. विश्लेषण तथा प्रमुख निश्कर्षहरू

तथ्यांकको विश्लेषणले नेपालमा मानव बेचबिखनको अवस्था भयावह भएता पनि त्यस सम्बन्धी समाचार तथा लेखहरूको पत्र-पत्रिकाहरूमा प्रकाशनको स्थिति सन्तोषजनक नरहेको जनाएको छ । सात प्रमुखप त्रिकाहरूमा १ वर्षको अवधिमा मानव बेचबिखन सम्बन्धी केवल ३७६ समाचार तथा लेखहरू प्रकाशित भएका छन् । सबै ७ पत्रिकाहरूले समेटेका समाचारहरूको संख्या नगन्य छ भने ३०% समाचारहरू केवल एकमात्र

पत्रिकामा स्थान पाएका थिए र ५२% समाचारहरू कुनै दुई पत्रिकाहरूमा प्रकाशित भएका थिए । यस अध्ययनले मानव बेचबिखन सम्बन्धी समाचारहरू प्रकाशनको प्राथमिकतामा नपरेको जनाएको छ किनभने अधिकांश समाचारहरू पत्रिकाको प्रथम वा सम्पादकीय पृष्ठबाहेका पृष्ठहरूमा प्रकाशित भएका थिए ।

पत्रिकाहरूले मुख्य रूपमा घटनामा आधारित समाचारहरू प्रकाशित गरेको पाइयो भने केवल ३% मात्र सम्पादकीय वा विचार लेखहरू प्रकाशित भएको पाइयो । मानव बेचबिखनका समाचार हरूमा गोपनियताको सवाल सदैव रहँदै आएको छ । यस अध्ययनमा केवल १७% समाचारहरूमा मात्र प्रमावितहरूको परिचय पूर्णरूपमा सुरक्षित गरिएको पाइयो। अर्को तर्फ ६% समाचारहरूमा प्रभावितका नाम खुलाइएको पाइयो भने ३६% समाचार हरूमा प्रभावितहरूको नाम उल्लेख नगरी गोपनियता कायम गर्ने प्रयास गरिएको छ तर ४०% समाचार हरूमा नाम नखुलाइए पनि ठेगाना, अभिभावकका नाम जस्ता प्रभावितका सहायक परिचय खुलाइएको पाइयो ।

बेचबिखनका घटनाहरू केवल केही जिल्लाहरूमा मात्र सीमित नभई देशभर – कन्चनपुरदेखि झापा, नुवाकोट देखि रूपन्देहीसम्म घटेको पाइयो । ३७ जिल्लाहरूमा घटेका बेचबिखनका घटनाहरू समाचारमा प्रकाशित भएको पाइयो ।

समाचारहरूमा उल्लेख भएका प्रभावितहरूका थर तथा जातहरू अन्य अध्ययनहरू भन्दा फरक नभएको पाइयो । यस अध्ययनमा अधिकांश प्रभावितहरू तामाङ समुदायको भएको पाइयो भने दोस्रो नम्बरमा ब्राह्मण तथा क्षेत्री थर भएका प्रभावितहरू भएको पाइयो। उमेर सम्बन्धी निश्कर्ष निकै भयावह छ किनभने ८१% प्रभावितहरू बालबालिका भएको पाइयो । अन्य अनुमानहरूझै यस अध्ययनबाट पनि प्रायः सबै प्रभावितहरू महिलाभएको पाइयो भने पुरूषहरू पनि बेचबिखनको सिकार हुनथालेको कुरा केही समाचारमा उल्लेख तथ्यांकले जनाएको छ ।

यस अध्ययनको नतिजाले मानव बेचबिखनको स्वरूप बदलिँदै गएको जनाएको छ । अध्ययनमा भारतीय सहरहरूमा हुने सीमापार बेचबिखन जस्तै वैदेशिक रोजगारका नाममा खाडी तथा अन्य मुलुकहरूमा हुने मानव बेचबिखनले पनि भयावह रूप लिइसकेको पाइएको छ । प्रकाशित समाचारहरूमा उल्लेख भए अनुसार धेरैजसो बेचबिखन गर्ने व्यक्ति दलाल थिए भने ठूलो संख्यामा बेचबिखन गर्ने व्यक्ति प्रभावितका छिमेकी वा आफन्त रहेका छन् ।

नेपालमा गरिबी मानव बेचबिखनको प्रमुख कारण रहँदै आएको छ । तर यस अध्ययनले सन् २०१५मा बेचबिखनको प्रमुख कारण दैवीप्रकोप वा भुकम्प भएको देखाएको छ । अन्य कारणहरूमा पारिवारिक बिखण्डन देखिन्छ । यस अघिका अध्ययनहरूले यौन शोषण नै बेचबिखनको प्रमुख उद्देश्य भएको जनाउँदै आएको थियो तर यस अध्ययनका अनुसार यौन शोषणका अलावा श्रम शोषण पनि मानव बेचबिखनको प्रमुख उद्देश्य रहेको बताएको छ । रोकथाम, संरक्षण तथा सजायँ मानव बेचबिखन नियन्त्रण गर्न, प्रभावितहरूलाई पुनर्स्थापित गर्न र न्याय दिलाउन प्रमुख रहेका छन् । यस अध्ययनका अुनसार यी तीनै पक्षहरू समेटेर करिब समान संख्यामा समाचारहरू प्रकाशित भएका छन् ।

**४. सुझावहरू**

**४.१. संचारकर्मीहरूका लागि**

१. मानव बेचबिखनका विषयहरूलाई प्राथमिकता
२. प्रभावितहरूको गोपनियता कायम
३. समाचार प्रकाशनको प्रचलनमा परिवर्तन
४. फलोअफ समाचार

**४.२. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्था, सरकार तथा अन्य सरोकारवालाहरूका लागि**

१. संचार जागरूकता अभियान
२. मानव बेचबिखन विरूद्धका कार्यक्रमहरूको बिस्तार
   २.१. क्षेत्रगत बिस्तार
   २.२. जातीगत बिस्तार
   २.३. भुकम्प प्रभावित क्षेत्रगत बिस्तार
३. बाल बेचबिखनविरुद्ध थप कार्यक्रम
४. बेचबिखन रोकथामका लागि वैदेशिक रोजगारमा जान लागेकाहरूका लागि सचेतना कार्यक्रम
५. प्रभावित तथा सम्भााव्य प्रभावितहरूकालागि जीविकोपार्जन सहयोग कार्यक्रम

# मानव बेचबिखन तथा ओसारपसार विरुद्धको उजुरी प्रक्रियाका समस्या र चुनौतीहरू



दिलिप कोइराला

मानव बेचबिखन तथा ओसारपसार अपराधको स्वरुप हिजोभन्दा आज झनै परिवर्तन भइरहेको कुरा त जग जाएर नै छ र प्रत्येक दिन बेचबिखनका समाचारहरू विभिन्न सञ्चार माध्यमहरूमा प्रकासन हुने गरेको छ। सरोकारवाला संघसंथाहरूले विभिन्न कार्यक्रमहरू मार्फत पनि यस बिषयमा जानकारी गराउने एवं बेचबिखन र ओसारपसारका घटनाहरूलाई उजागर गर्दै आइरहेका पनि छन् ।

नेपालमा मानव बेचबिखनको समस्याको बिकराल रूप रहेको कुरामा दुइ मत छैन । तर घटनाको परिमाणको अनुपात मुद्दाको अवस्था हेर्ने हो भने नेपालमा बेचबिखनको अपराध न्यून छ भने आभास हुन्छ ।

नेपाल प्रहरीको अभिलेख अनुसार वि.सं. २०७०/०७१, २०७१/०७२ र २०७२/०७३ को अभिलेख हेर्दा क्रमश: १८५, १८१ र २१२ मुद्दाहरूमा मात्र अनुसन्धान भएको देखिन्छ र देश भरिमा २५० मुद्दा पनि दर्ता नभई रहेको अवस्था छ र जति मात्रामा मानव बेचबिखन अपराध भइ रहेको छ सो अनुसार उजुरी पर्ने गरेको नै छैन। तर यसो भन्दैमा न्यायिक निकायले प्रयास नगरेको भने हैन। महान्यायाधिवक्ताको कार्यालयले देशभरिका २४० जना सरकारी वकिलहरूलाई बेचबिखनका विषयमा सचेतना दिने उद्देश्यले प्रशिक्षण दिएको छ। जसबाट यो मुद्दाहरूमा सरकारी निकाय संवेदनशिल भएको कुराको पुष्टि गर्दछ र साथै, सर्वोच्च अदालतबाट पनि प्रभावितहरूको पक्षमा केही महत्वपूर्ण निर्णयहरू भएको पाइन्छ र क्षतिपूर्तिको लागि छुट्टै कोष् खडा गरी सो कोषको लागि बजेटमा अनिवार्य रूपमा विनियोजन गर्नुका साथै सम्बन्धित प्रहरी कार्यालयले समेत सक्रिय पहल गरी पीडित लाई क्षतिपूर्ति भराई दिने व्यवस्था गर्नु गराउनु भन्ने आदेश २०७० साल दिएको देखिन्छ। त्यस्तै, नेपाल प्रहरीले पनि मानव बेचबिखन अपराध हेर्न छुटै युनिट नै खडा गरेर ११७७ न. को हट लाइन नै सुरू गरेको छ र विभिन्न संघसस्थाहरूले मानव बेचबिखन सम्बन्धी विभिन्न अनुसन्धान प्रतिवेदन प्रकाशमा ल्याइसक्नु भएको छ। तर पनि कानुन कार्यन्वयनको अवस्था सन्तोषजनक देखिन्न। यसै सन्दर्भमा मैले आफ्नो अनुभव यहाँ राख्ने कोशिश गरेको छु।

हाल नेपालमा मानव बेचबिखन तथा ओसार नियन्त्रण ऐन २०६४ र नियमावली २०६५ कार्यन्वयनमा रहेको छ। हुनत यसमा केही संसोधन र परिमार्जनको आवश्यकता छ तर भएकै व्यवस्था अनुसार कार्यान्वयन हुन् नि गाह्रो भइरहेको अवस्था छ र हाल चलिरहेको मुद्दाको अवस्था हेर्ने हो भने संघसंस्थाहरूको सहयोगमा दर्ता भएका मुद्दाहरू पनि छन् र प्राय:जसायौन व्यवसायका लागि गरिने बेचबिखनका मुद्दाहरू नै पर्ने गरेको देखिन्छ र अझै पनि यौन कार्यको लागि हुने मात्रै बेचबिखन हो भन्ने कुराले जरो गाढेको देखिन्छ । काठमाडौं जिल्ला अदालतमै पनि बहसको क्रममा विद्धान वकिलहरूले पीडितलाई यौन दुर्व्यवहार भएको कहिँ कतैबाट पुस्टि नभएको अवस्थामा बेचबिखन भएको मान्न कसरी मिल्छ भनेर बहस गर्नु भएको अनुभव म स्वयंको रहेको छ र अदालतकै कर्मचारीहरू पनि सोहि सोंच र मानसिकताबाट ग्रसित देखिन्छन् भने गाउँ स्तरमा त बेचबिखनको कुरो सिधै कोठीमा लगेर जोडेर हेर्ने गरेको पाइन्छ । अझै पनि बेचबिखनका पीडित र प्रभावितहरूमा सामाजिक लान्छना कायमै छ र भारतबाटै उद्धार गरेर नेपाल आएका पीडित र प्रभावित संघसंस्थाहरूमा हुने भएतापनि निजहरूको परिवारमा र आफन्तलाई पीडक र निजका आफन्तले डरत्रासमा पारेर दबाब दिने र परिवार र आफन्तले पीडितलाई मुद्दा दर्ता नगर्न दबाब दिने गरेको पाइन्छ। नेपाल भित्रै भैरहेको बेचबिखनलाई खासै ध्यान पुराउन

सकेको देखिन्न । खासगरी मनोरन्जन क्षेत्रमा हुने बेचबिखनको कुरालाई बाहिर ल्याउन सकिरहेको स्थिति छैन र मनोरन्जन क्षेत्रमा काम गर्ने महिलाहरूलाई बेचबिखमको जोखिम र अपराधको बारेमा बुझाउन सकेको अवस्था कमै छ ।

कानुनमा रहेको बेश्यवृत्ति शब्दले पनि प्रभावितहरूमा त्रासको मनोविज्ञान सिर्जना गरेको देखिन्छ । उजुरी गर्न जाँदा मलाई बेश्यावृत्तिको ट्याग लाग्छ कि भन्ने एक खालको डर रहेको छ । यसका अलावा कसरी जाने ? धेरै भइसक्यो अब दर्ता गर्न मिल्दैन, प्रमाण पुग्दैन, पैसा खर्च हुन्छ, धेरै समय लाग्छ, दलालसँग पैसा र पावर दुबै छ, घुस खुवाएर पीडकले नै मुद्दा जित्छ, मुद्दा दर्ता प्रक्रिया झन्झटिलो हुन्छ भन्ने जस्ता मानसिकता रहेको पाइन्छ ।

दर्ता भएका मुद्दा हरूमा गोपनियता कायम नभइ दिनाले गर्दा पनि मुद्दामा आउन चाहने निरूत्साहित हुने गरेको देखिन्छ । विकट ठाउँबाट सदरमुकामसम्म आउने काम पनि त्यति सहज देखिदैन जसले गर्दा नि समस्या देखिन्छ भने कतिपय उजुरी लिने स्थान पीडित प्रभावितमैत्री नभएको कारणले पनि समस्या छ । साथै सबै अदालतमा पीडित संरक्षण कक्ष समेत छैन जसले गर्दा पनि समस्या छ । प्रहरी कार्यालय र सरकारी वकिलको कार्यालय बीचको समन्वयको पनि अभाव देखिन्छ । अहिले प्रहरीमा बेचबिखनको मुद्दामा संवेदनशीलता बढेको देखिन्छ अझै यसलाई संस्थागत गर्दै लानु पर्ने जरूरी छ । तर जति सरकारी वकिल कार्यालयबाट संवेदनशीलता अपनाउनु पर्ने हो सो भने भएको पाइन्न । साक्षी परिक्षणको बेलामा खासै ध्यान नपुऱ्याएको र प्रक्रिया पुराउन मात्रै उपस्थिति जनाउने गरेको अनुभव मैले गरेको छु । आफ्नो प्रश्न गरेर हिंडिहाल्ने तर विपक्षीको जिरहको बेलामा नबसी दिने, कहिले प्रश्न चिटमा लेखेर पठाउने गरेको पाइन्छ जसले गर्दा साक्षी परिक्षणमा सबैभन्दा पीडा भोग्नु परेको कुरा पीडित हरूले गुनासो पाइन्छ । बचाउ पक्षका विद्वान मित्रहरू पनि पीडित लाई नै पीडा हुने गरी प्रश्न गरेर आफ्नो सक्षमता पुष्टि गर्न लागि परेको देखिन्छ जसले गर्दा अदालत परिसर उपस्थित हुने पीडितहरूले अन्य पीडित हरूलाई मुद्दामा जान प्रेरित गर्न सकिरहेको अवस्था छैन ।

कतिपय अवस्थामा मानव बेचबिखन र मानव तस्करीबीचको भिन्नता छुट्याउन सम्बन्धित सरोकारवालाहरू नै रूमलिएको पनि पाइन्छ । कतिपय अवस्थामा महिला तथा बालबालिका बेचबिखन तथा ओसारपसारमा अभिभावकहरूलाई नै झुक्याएर प्रयोग गर्ने र पछि उजुरी गर्ने कुरा हुँदा दलालले स्वयं अभिभावक नै पर्छन् भनेर तर्क गरेर तर्साएर पनि उजुरी गर्न नआएको थुप्रै उदारहणहरू छन् । जिल्ला अदालतले छिटो फैसला गरे पनि पुनरावेदन हुँदै सर्वोच्चसम्म पुग्दा प्रायसः ५ देखि ६ बर्ष नै लाग्ने हुँदा पनि समस्या रहेको पाइन्छ । साथै म्याद तामेली प्रक्रिया साह्रै नै पटरचार लाग्दो छ । जिल्ला अदालतहरूबाट मुद्दाहरू अहिले छिटो फैसला भैरहेको छ जुन सह्रानिय त छ तर माथिल्लो अदालतसम्म आउँदा समय साह्रै लम्बिने अवस्था छ । अहिलेसम्म कानुनले तोकेको क्षतिपूर्ति कुनै पीडित र प्रभावितले पाएको जानकारीमा आएको छैन र यस्तै कुराको फाइदा दलालहरूले उठाइरहेका छन् र पीडित र प्रभावितहरूलाइ पैसाको प्रभावमा पारी मुद्दा दर्ता नै हुन नदिने कुरामा दलालहरू सफल भइरहेको देखिन्छ जसले गर्दा पीडितको न्यायमा पहुँच बढाउने हो भने मानव बेचबिखन विरूद्ध कार्यरत सबै सरोकारवाला निकाय एवं व्यक्तिहरूमा जिम्मेवारी र जवाफदेहिता हुनु जरूरी छ । एक अर्काको सहयोगीको रूपमा उनीहरू आउनै पर्छ । स्थानीय स्तरसम्म मानव बेचबिखन विरूद्धको कानुनी सचेतना व्यापक रूपमा फैलाउनु जरूरी छ । यसका अलावा सम्बन्धित सरोकारवालाहरूमा मानव तस्करी, मानव बेचबिखन र आप्रवासन सम्बन्धमा स्पष्टता हुन् अत्यन्त जरूरी छ । त्यस्तै, सरकारी निकाय खासगरी प्रहरी, सरकारी वकिल तथा अदालत बीच समन्वय र सहकार्य हुन् जरूरी छ र सरकारी निकाय र नागरिक समाजबीच पनि उचित तालमेल हुनु पर्दछ । नागरिक समाज मै पनि आपसी समन्वय र सहकार्य हुन् जरूरी छ ।

अन्तमा, पीडित र प्रभावितहरूलाई न्याय पाउने कुरामा विश्वस्त पार्दै न्यायको लागि उजुरी प्रक्रियामा जाने बातावरण मिलाउने जिम्मेवारी हामी सबैको हो भन्ने मलाई लाग्दछ ।

*लेखक शक्ति समुहमा कानुन तथा तालिम संयोजक हुनुहुन्छ ।*






# परिवर्तनका लागि कार्यरत महिला समूह (वाच) चिनारी

**परिचय**

परिवर्तनका लागि कार्यरत महिला समूह (वाच) अधिकार एवम् सामाजिक न्यायका निम्ती सङ्घर्षरत एक राष्ट्रिय गैरसरकारी एवम् गैरराजनितिक संस्था हो । इस्वी सन् १९९२ मार्च ८ मा स्थापित यो संस्थाले आफ्नो स्थापनाकाल देखि नै सामाजिक न्याय र स्थानीय समुदायमा विशेष गरी महिला र पिछडिएका वर्ग समुदायको अधिकार र विकासमा जोड दिदै आएको छ । यति मात्र नभई वाचले महिलाहरूलाई स्वावलम्बी, आत्मविश्वासी, क्षमतावान, सशक्त तुल्याउँदै उनीहरूको आत्मसम्मान वृद्धि गर्न र हिंसा मुक्त समाज निर्माण गर्न लक्षित समुदायरूकै योजना कार्यान्वयन गर्दै प्राकृतिक स्रोत सम्पदाको अधिकार सुनिश्चित गर्ने र सो को समुचित सदुपयोग र व्यवस्थापन गर्ने कार्यहरूमा अनवरत रूपमा सहयोग गर्दै आएको छ । वाचको अवधारणागत उत्पति र विकास समुदायिक वनको सिद्धान्त र प्रकृयामा आधारित भएकोले यसले विकासका उपभोक्ताहरूलाई नै संगठित गरेर आफै निर्णय गरेर आत्मनिर्भर बनाउन तर्फ जोड दिंदै आएको छ । आफ्नो कार्यक्षेत्रमा वाचले महिला समूहहरू, अपाङ्ग, यौनकर्मी, कुष्ठरोग प्रभावित एवं एच.आई भि. प्रभावितहरूका समूहहरू र उनीहरूको संस्था, संगठन र महासंघहरूको गठन र सुदृढिकरणहरूमा जोड दिदै आएको छ । साथै, प्राकृतिक श्रोत साधनहरूमा उपभोक्ताहरूको अधिकार स्थापनाको लागि समूहहरूको गठन र उनीहरूको संगठन निर्माणमा समेत वाचले सहयोग उपलब्ध गर्दै आइरहेको छ ।

वाच Let Go Approach मा विश्वास गर्ने भएकोले आफ्नो संस्थाको बिस्तार भन्दा नयाँ नयाँ सवालहरूमा काम गर्न रूचाउने संस्था हो । हाल वाचले बन्दी सहायता नियोग (PAM) को व्यवस्थापन गर्दै आएको छ र यहाँ ३० जना कैदी बन्दीहरूका छोरा छोरीहरूलाई पठन पाठन र बसोबासको व्यवस्था मिलाएको छ । यहाँका बच्चाहरूको आत्मसम्मान र आत्म विश्वास जगाउन जुडो खेल सञ्चालन गर्ने एवं आय आर्जन वृद्धिका लागि कार्यक्रमहरू संचालन गरिएको छ । हाल PAM अन्तर्गतका केटाकेटीहरू राष्ट्रिय स्तरका जुडो खेलमा च्याम्पियन हुँदै आएका छन् । हालै सम्पन्न दक्षिण एशियाली खेलकुदमा पनि Silver र Bronze मेडल जित्न सफल भएको छ ।

**लक्ष्य**

परिवर्तनका लागि कार्यरत महिला समूह (वाच) को लक्ष्य भनेको महिला सशक्तिकरणको माध्यमबाट महिला विरूद्ध हुने हिंसा न्यूनिरण गर्दै न्यायिक तथा समतामुलक समाजको निर्माण गर्ने जहां महिला तथा पिछाडिएको समुदायले आफ्नो पहिचान सहितको स्वशासित, सम्मानित र प्रतिष्ठित जिवन जिउन सकुन भन्ने यस संस्थाको लक्ष्य रहेको छ ।

**उद्देश्य**

- समाजमा तिरस्कृत एवम् पिछाएिको महिला, वर्गहरूको समस्या समाधानको लागि सहजिकरणको भूमिका निर्वाह गर्ने तथा लक्षित वर्गलाई आत्मावल बढाउन र विकासमा सहयोग गर्ने ।
- समुदायमा महिलाहरूको अवस्था र महिला माथी

हुने हिंसाको अवस्था बारेमा जानकारी गराउदैं आफू विरूद्ध हुने हिंसा अन्त्यको लागि आवाज उठाउन संगठित तथा परिचालन गर्ने ।

- समान उद्देश्य भएका स्थानिय स्तर देखी राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका गैरसरकारी संघसंस्थाहरू संग सूचना जानकारीहरूको आदान प्रदान गरि सहकार्य गर्ने ।
- समाजबाट अपहेलित महिला (जस्तैः एड्स लागेका, जबरजस्ती देहव्यापारमा फसाईएका बलात्कृत र तिरस्कृत) दैवी प्रकोप पिडित, हरूवा चरूवा तथा असहाय अपाङ्गहरू सम्मानपूर्वक सामाजिक र मानसिक रूपले समूदायमा नै पुनर्स्थापित भई आत्मनिर्भर भएर बाँच्न सक्नेछन् ।
- लक्षित समुहहरू तथा वाचले मानव अधिकार हननका सवालमा स्थानीय, राष्ट्रिय क्षेत्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा संयुक्त आवाजहरू उठाउने र मानव अधिकार हननको विरूद्धमा भएका कृयाकलापहरूमा ऐक्यवद्धता जनाउनेछन् ।

**कार्यक्रम**

वाचले गर्दै आएका मुख्य कार्यक्रमहरू वाचले महिलाहरूको समस्या महिलाहरूबाट नै समाधान गर्न सक्षम होउन् भन्ने उद्देश्यले महिलाहरूको संगठन विकास तथा सञ्चालन गर्नमा सहयोग गर्दै आइरहेको छ । वाचले संचालन गरेका केही मुख्य कार्यहरू यस प्रकार रहेका छन् ।

- एच.आई.भी एड्स तथा यौन रोग नियन्त्रण र रोकथाम सम्बन्धी सचेतना कार्यक्रम ।
- चेलिबेटी बेचबिखन एवं महिला हिंसा सम्बन्धी क्रियाकलाप रोकथामका लागि विभिन्न सचेतना कार्यक्रमहरू ।
- प्राकृतिक श्रोत व्यवस्थापन सम्बन्धी कार्यक्रम ।
- महिलाहरूको संजाल तथा संघ संस्था निर्माण सम्बन्धी कार्यक्रम ।
- गाउँले महिला कृषक सल्लाहकार कार्यक्रम ।
- गरिबी देखी सम्बृद्धिको कार्यक्रम ।
- आर्थिक स्थिति कमजोर भएका छात्राहरूलाई छात्रावृति कार्यक्रम ।

**अपाङ्गता निदान तथा व्यवस्थापन कार्यक्रम पनि एक मुख्य कार्यक्रम हो जस अन्तरगत गरिएका कामहरू**

- लुम्बिनी अंचलको ३ वटा जिल्लामा अपाङ्गताको रोकथाम र अपाङ्ग भएका मानिसहरूलाई स्याहार, सहयोग र सेवाहरू प्रदान
- गर्भावास्था देखि नै र बच्चा जन्मि सकेपछि ध्यान दिनुपर्ने अपाङ्गता रोकथाम,निदान तथा व्यवस्थापन गर्नको लागि गर्नुपर्ने कार्य र अपनाउनु पर्ने साबधानी सम्बन्धी चेतनाको विकास ।
- अपाङ्गता रोकथामका लागि बच्चा जन्माइसकेपछि महिलाहरूको लागि गुणात्मक सेवाको पहुच अभिवृद्धि ।
- वेलविइङ्ग सेन्टर (Well Being Center) संचालन
- गाउँले महिलाहरूको नेतृत्वमा पर्यावरणीय व्यवस्थापन र गरिबी सम्बृद्धि कार्यक्रम

**सम्पर्क ठेगाना**

५७२/४५ राम मन्दिर मार्ग, धोबीखोला,
बत्तिसपुतली
पो.ब.नं. ११३२१, काठमाण्डौं नेपाल
टेलिफोन नं. : ०१ ४४९२६४४, ४४९४६५३
मोबाईल नं. ९८५१०८६६१६
ई.मेल : watchftp@wlink.com.np.
वेवसाइट :http ://www.watch.org.np

# लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्ने सम्बन्न्धमा केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२ मा "मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४", "वैदेशिक रोजगार ऐन, २०६४" र "घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६" मा भएका संशोधनहरू:

**मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ मा संशोधन : मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को,–**

**(१) दफा ८ को सट्टा देहायको दफा ८ राखिएको छ :-**

"८. अभियुक्तलाई थुनामा राखी कारबाही गर्नु पर्ने : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ४ को उपदफा (१) को खण्ड (घ) को कसूरमा बाहेक यस ऐन अन्तर्गतको अन्य कसूर सम्बन्धी मुद्दामा कारबाही गर्दा तत्काल प्राप्त प्रमाणबाट अभियुक्तले कसूर गरेको हो भन्ने विश्वास गर्ने मनासिव आधार भएमा अदालतले त्यस्तो अभियुक्तलाई थुनामा राखी कारबाही गर्नु पर्नेछ ।"

**(२) दफा १० को सट्टा देहायको दफा १० राखिएको छ :-**

"१०. कानून व्यवसायी राख्न सक्ने : यस ऐन अन्तर्गतको कसूर सम्बन्धी मुद्दाको कारबाहीको सिलसिलामा पीडितले चाहेमा अन्य कानून व्यवसायी राख्न सक्नेछ ।"

**(३) दफा ११ को सट्टा देहायको दफा ११ राखिएकोछ :-**

"११. दोभाषे, सांकेतिक भाषा विज्ञ वा अनुवादक राख्न सक्ने : यस ऐन अन्तर्गतको कसूर सम्बन्धी मुद्दाको काम कारबाहीमा प्रयोग हुने भाषा पीडितले नबुझ्ने भएमा सम्बन्धित अड्डा अदालतको अनुमति लिई निजले दोभाषे, सांकेतिक भाषा विज्ञ वा अनुवादक राख्न सक्नेछ । त्यसरी दोभाषे, सांकेतिक भाषा विज्ञ वा अनुवादक राख्दा लागेको रकम मध्ये तोकिए बमोजिमको रकम सम्बन्धित व्यक्तिको अनुरोधमा नेपाल सरकारले व्यहोर्नेछ ।"

**(४) दफा १२ पछि देहायको दफा १२क. थपिएको छ :-**

"१२क. पारस्परिक कानूनी सहायता आदान प्रदान गर्न आवश्यक व्यवस्था गर्न सक्ने : दफा १२ बमोजिम उद्धार गर्दा वा विदेशी मुलुकमा रहेको यस ऐन अन्तर्गत सजाय हुने कसूर सम्बन्धी मुद्दाको न्यायिक कारबाहीमा नेपाल सरकारले प्रचलित कानून बमोजिम पारस्परिक कानूनी सहायता प्राप्त गर्नको लागि आवश्यक व्यवस्था गर्न सक्नेछ ।"

**(५) दफा १४ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-**

"(१) दफा १३ को उपदफा (१) बमोजिम स्थापना भएका पुनर्स्थापना केन्द्र सञ्चालन गर्न तथा पीडितलाई कसूरदारबाट ऐनको दफा १७ को उपदफा (१क) बमोजिम पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउनको लागि नेपाल सरकारले एक पुनर्स्थापन कोष स्थापना गर्नेछ ।"

**(६) दफा १५ को उपदफा (६) को सट्टा देहायको उपदफा (६) राखिएको छ :-**

"(६) दफा ५ बमोजिम उजूर गर्ने व्यक्तिले आफूले एकपटक दिएको बयान विपरीत हुने गरी मुद्दाको पुर्पक्षको सिलसिलामा कुनै बयान दिएमा, पहिले आफूले दिएको बयान वा सूचनाका आधारमा कसैका विरुद्ध कारबाही चलिसकेपछि सो सम्बन्धी सत्य तथ्य ढाँटेमा, नियतवस बयान परिवर्तन गरेमा, अदालतले बोलाएको समयमा उपस्थित नभएमा वा अदालतलाई सहयोग नगरेमा निजलाई तीन महिनादेखि एक वर्षसम्म कैद हुनेछ ।"

**(७) दफा १६ को सट्टा देहायको दफा १६ राखिएको छ :-**

"१६ सजाय नहुने : आफूलाई किन्न, बेच्न वा वेश्यावृत्तिमा लगाउन लागेको, लगेको, किनेको, बेचेको वा वेश्यावृत्तिमा लगाएको थाहा पाई वा विश्वास गर्नु

पर्ने मनासिब आधार भई निजले कुनै ठाउँबाट उम्कन वा भाग्न मद्दत खोज्दा कसैले बाधा विरोध गरेमा, रोकेमा, पक्रेमा, जोर जुलुम गरेमा, ज्यान लिन लागेमा वा जबरजस्ती करणी गर्न खोजेकोमा बल प्रयोग नगरे त्यस्तो बाधा, विरोध वा जोर जुलुमबाट वा पक्राउबाट भाग्न, उम्कन, ज्यान जोगाउन वा आफूलाई जबर जस्ती करणीबाट बचाउन नसक्ने कुरामा विश्वस्त भई निजले कुनै कार्य गर्दा त्यस्तो बाधा विरोध गर्ने, पक्रने, जोर जुलुम गर्ने, ज्यान लिन खोज्ने वा जबरजस्ती करणी गर्न खोज्ने व्यक्तिको ज्यान गएमा वा निजलाई कुनै प्रकारको चोटपटक लाग्न गएमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो व्यक्तिलाई कुनै प्रकारको सजाय हुने छैन ।"

**(८) दफा १७ को,- (क) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छ :-**

"(१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसूरदारको न्यून आर्थिक हैसियत भएको वा अन्य कुनै कारणले कसूरदारबाट पीडितले क्षतिपूर्ति पाउन नसक्ने अवस्था देखिएमा अदालतले दफा १४ बमोजिमको पुनर्स्थापना कोषबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराई दिने आदेश गर्न सक्नेछ।" (ख) उपदफा (२) मा रहेका "उपदफा (१) बमोजिमको" भन्ने शब्दहरुको सट्टा "उपदफा (१) वा (१क) बमोजिमको" भन्ने शब्दहरु राखिएका छन् ।

**(९) दफा २६ मा रहेका "बकपत्रको आधारमा"** भन्ने शब्दहरुको सट्टा "वकपत्र वा महिला मानव अधिकारको रक्षाको लागि खटिएका अधिकारकर्मीले पीडितलाई कुनै सहयोग उपलब्ध गराएको आधारमा" भन्ने शब्दहरु राखिएका छन् ।

**(१०) दफा २६ पछि देहायको दफा २६क. थपिएको छ :-**

"२६क. साक्षीलाई दैनिक तथा भ्रमण भत्ता दिनु पर्ने : (१) यस ऐन अन्तर्गतको मुद्दामा नेपाल सरकारका तर्फबाट अदालतमा उपस्थित भएका साक्षीलाई राजपत्र अनंकित प्रथम श्रेणीका सरकारी कर्मचारीले प्रचलित कानून बमोजिम पाए सरहको दैनिक तथा भ्रमण भत्ता सम्बन्धित सरकारी वकील कार्यालयले उपलब्ध गराउनु पर्नेछ ।

(२) कुनै सरकारी कर्मचारी साक्षी वा विशेषज्ञको हैसियतले उपदफा (१) अन्तर्गतको मुद्दामा अदालतमा उपस्थित भएमा निजलाई प्रचलित कानून बमोजिम निजले पाउने दैनिक तथा भ्रमण भत्ता निज वहाल रहेको कार्यालयले उपलब्ध गराउनु पर्नेछ ।"

**वैदेशिक रोजगार ऐन, २०६४ मा संशोधन : वैदेशिक रोजगार ऐन, २०६४ को,-**

**(१) दफा ५ को,-**

(क) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छ :- "(१क) उपदफा (१) बमोजिम इजाजतपत्रवाला संस्था छनौट गर्दा त्यस्तो संस्था मार्फत वैदेशिक रोजगारमा गएका महिला कामदारलाई यातना दिएको सम्बन्धमा सो संस्था विरुद्ध कुनै उजूरी परे नपरेको र त्यस्तो इजाजतपत्रवाला संस्थाले कामदारको सुरक्षा सम्बन्धमा विशेष व्यवस्था गरे नगरेको विषयमा समेत विचार गर्नु पर्नेछ।" (ख) उपदफा (३) मा रहेका "छनौट गर्ने" भन्ने शब्दहरु पछि "अन्य" भन्ने शब्द थपिएको छ ।

**(२) दफा २५ को** उपदफा (१) मा रहेका "प्रस्थान गर्नु अघि" भन्ने शब्दहरु पछि "सम्बन्धित मुलुकमा कामदारको सुरक्षाको स्थिति," भन्ने शब्दहरु थपिएका छन् ।

**(३) दफा २८ को** उपदफा (६) मा रहेका "नवीकरण र नवीकरण दस्तुर" भन्ने शब्दहरुको सट्टा "नवीकरण, नवीकरण दस्तुर र अनुमतिपत्र रद्द" भन्ने शब्दहरु राखिएका छन् ।

**(४) दफा २९ को सट्टा देहायको दफा २९ राखिएको छ :-**

"२९. अभिमुखिकरण तालीमको पाठ्यक्रम तथा स्तर निर्धारण :

(१) दफा २८ बमोजिम अनुमतिपत्र प्राप्त अभिमुखिकरण तालीम सञ्चालन गर्ने संस्थाबाट दिइने अभिमुखिकरण तालीमको पाठ्यक्रम तथा स्तर निर्धारण बोर्डले गर्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्धारण गरिएको पाठ्यक्रममा अन्य कुराका अतिरिक्त लैङ्गिक हिंसा हुने अवस्था र त्यसको समाधानका उपाय सम्बन्धी विषयहरु समेत समावेश गर्नु पर्नेछ ।"

**(५) दफा ३३ को,-**

(क) खण्ड (ख) मा रहेका "उपदफा (१) को" भन्ने शब्दहरु झिकिएका छन् ।

(ख) खण्ड (ख) पछि देहायका खण्ड (ख१) र (ख२) थपिएका छन् :-

"(ख१) वैदेशिक रोजगारको लागि विदेश गएकोअवस्थामा गम्भीर प्रकृतिको फौज्दारी कसूरको अभियोग लागेका कसूरदारको प्रतिरक्षा तथा बहस पैरवी गर्न,

(ख२) वैदेशिक रोजगारमा जाने कामदारको अधिकार र सम्भावित जोखिमका बारेमा प्रचार प्रसार गर्न,"

**(६) दफा ६८ को उपदफा (२) को खण्ड (ग) पछि देहायको खण्ड (ग१) थपिएको छ :-**

"(ग१) वैदेशिक रोजगारको क्रममा लैङ्गिक हिंसाबाट पीडित कामदारलाई तत्काल उद्धार गरी आवश्यकतानुसार सम्बन्धित मुलुकको कानून बमोजिम कानूनी उपचार प्राप्त गर्न कारबाही चलाउने र अवस्था अनुसार पीडितलाई सम्बन्धित वैदेशिक रोजगार व्यवसायी मार्फत नेपाल फर्काउने व्यवस्था गर्ने"

## घरेलु हिंसा (कसूर र सजायँ ऐन, २०६६ मा संशोधनः

**घरेलु हिंसा (कसूर र सजायँ ऐन, २०६६ को,–**

**(१) दफा २ को,-**

(क) खण्ड (क) मा रहेका "र सो शब्दले गाली गर्ने वा भावनात्मक चोट पुऱ्याउने अन्य कुनै कार्यलाई समेत जनाउँछ" भन्ने वाक्यांश झिकिएको छ ।

(ख) खण्ड (ख) को अन्त्यमा देहायको वाक्यांश थपिएको छः- "र सो शब्दले सँगै बसेका जोडी वा अंश लिई वा नलिई भिन्न बसेका पति वा पत्नीको सम्बन्ध समेतलाई जनाउँछ"

(ग) खण्ड (ग) र (घ) को सट्टा देहायका खण्ड (ग) र (घ) राखिएका छन्ः-

"(ग) "शारीरिक यातना" भन्नाले कुटपिट गर्ने, गैर कानूनी थुनामा राख्ने, शारीरिक चोट पुऱ्याउने, तेजाव वा यस्तै प्रकारका अन्य पदार्थ छर्किइ वा सो पदार्थले पोली, डामी, दली, घसी जीउमा पीडा गराउने वा अनुहार वा शरीरको कुनै अंग कुरुप पारिदिने वा यस्तै अन्य कुनै काम गर्ने वा गराउने कार्य सम्झनु पर्छ ।

"(घ) "मानसिक यातना" भन्नाले शारीरिक यातनाको डर धाक देखाउने वा धम्की दिने, त्रासपूर्ण व्यवहार गर्ने, गालीगलौज गर्ने, झुट्टा बात लगाउने, घरबाट निकाला गर्ने, वैचारिक, धार्मिक, साँस्कृतिक, प्रथा, परम्पराका आधारमा भेदभाव गर्ने, रुप, रंग, शारीरिक बनावट तथा कुनै रोग लागेको आधारमा अपमानित गर्ने, मानसिक सन्तुलन गुमाउने, आत्महत्या गर्न दुरुत्साहन दिने वा आत्महत्या गर्ने परिस्थिति खडा गर्ने हदसम्मको कार्य सम्झनु पर्छ र सो शब्दले मानसिक तथा भावनात्मक चोट पुग्न सक्ने अन्य कुनै काम समेतलाई जनाउँछ ।"

(घ) खण्ड (च) को अन्त्यमा देहायको वाक्यांश थपिएको छः-

"र सो शब्दले महिलाको हकमा दाइजो माग गर्ने, दाइजो ल्याउन दबाव दिने वा दाइजो नल्याएको कारणबाट गरिने घृणा, हेला वा तिरस्कार समेतलाई जनाउँछ ।"

(ङ) खण्ड (ट) पछि देहायको खण्ड (ट१) थपिएकोछः-

"(ट१) "उजूरी" भन्नाले दफा ४ वा ५ बमोजिम दिइने उजूरी सम्झनु पर्छ र सो शब्दले दफा ५क. बमोजिम दिइने जाहेरी दरखास्त समेतलाई जनाउँछ।"

**(२) दफा ४ को,-**

क) उपदफा (७) मा रहेका "उपदफा (१) बमोजिम प्राप्त भएको उजूरी" भन्ने शब्दहरुको सट्टा "उजूरीको" भन्ने शब्द राखिएको छ।

(ख) उपदफा (८) मा देहायको प्रतिवन्धात्मक वाक्यांश थपिएकोछः-"तर दफा ५क. बमोजिम परेको जाहेरीको सम्बन्धमा प्रचलित कानून बमोजिम हुनेछ।"

**(३) दफा ५ पछि देहायको दफा ५क. थपिएको छ :-**

"५क. जाहेरी दिन सक्ने : (१) दफा ४ र ५ मा जुनसुकै कुरा लेखिएको भए तापनि अङ्ग भङ्ग गरेको वा तेजाव वा यस्तै प्रकारका अन्य पदार्थ छर्किइ वा सो पदार्थले पोली, डामी, दली, घसी जीउमा पीडा गराउने वा अनुहार वा शरीरको कुनै अंग कुरुप पारिदिने गरी भएको शारीरिक यातना वा यौनजन्य यातना सम्बन्धी घरेलु हिंसाको कसूर भएको, भइरहेको वा हुन लागेको थाहा पाउने जुनसुकै व्यक्तिले प्रचलित कानून बमोजिम नजिकको प्रहरी कार्यालयमा जाहेरी दरखास्त दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम जाहेरी दरखास्त परेकोमा प्रहरी कार्यालयले अनुसन्धान तहकिकात गर्ने र मुद्दा दायर गर्ने सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।"

**(४) दफा ६ पछि देहायको दफा ६क. थपिएकोछः-**

"६क. कानून व्यवसायी राख्न सक्ने : यस ऐन अन्तर्गतको कसूर सम्बन्धी मुद्दाको कारबाहीको सिलसिलामा पीडितले चाहेमा अन्य कानून व्यवसायी राख्न सक्नेछ।"

**(५) दफा ९ को सट्टा देहायको दफा ९ राखिएको छ :-**

"९. उपचारको रकम पीडकले व्यहोर्ने : (१) घरेलु हिंसाबाट पीडित व्यक्तिलाई दफा ४ को उपदफा (६) बमोजिम तत्काल उपचार गराउँदा लागेको खर्च पीडकले व्यहोर्नु पर्नेछ र कुनै कारणले पीडकले त्यस्तो खर्च तत्काल उपलब्ध गराउन नसक्ने भएमा सम्बन्धित महिला तथा बालबालिका कार्यालयले तत्काल त्यस्तो खर्च उपलब्ध गराई सो कार्यालयले त्यस्तो रकम पीडकबाट असूल गर्नु वा गराउनु पर्नेछ।

(२) घरेलु हिंसाबाट पीडित व्यक्ति मानसिक वा शारीरिक रुपमा अशक्त भएको कारणले अस्पतालमा उपचार गराउनु परेमा उपचार गराउँदा लागेको सम्पूर्ण खर्च पीडकले व्यहोर्नु पर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कारणले पीडकले त्यस्तो खर्च तत्काल उपलब्ध गराउन नसक्ने भएमा अदालतले सम्बन्धित महिला तथा बालबालिका कार्यालय वा दफा ११ बमोजिमको सेवा केन्द्रबाट पीडितले त्यस्तो उपचार रकम पाउने गरी आदेश गर्न सक्नेछ र त्यसरी उपलब्ध गराइएको रकम सो कार्यालयले पीडकबाट सरकारी बाँकी सरह असुल गर्नु वा गराउनु पर्नेछ।"

**(६) दफा १२ पछि देहायका दफा १२क., १२ख. र १२ ग. थपिएका छन् :-**

"१२क. संरक्षण अधिकृत नियुक्ति गर्न वा तोक्न सक्नेः (१) घरेलु हिंसा नियन्त्रण गर्न तथा घरेलु हिंसाबाट पीडित व्यक्तिलाई संरक्षण गर्न महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयले प्रत्येक जिल्लामा उपलब्ध भएसम्म महिला कर्मचारीलाई संरक्षण अधिकृत नियुक्ति गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम संरक्षण अधिकृत नियुक्ति नभएसम्म उपलब्धताको आधारमा महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयले यो दफा प्रारम्भ भएको दुई महिनाभित्र कुनै महिला अधिकृत कर्मचारीलाई संरक्षण अधिकृतको रुपमा काम गर्ने गरी तोक्नेछ।

(३) संरक्षण अधिकृतको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।"

१२ख. निःशुल्क कानूनी सहायता उपलब्ध गराउने : नेपाल सरकारले घरेलु हिंसाबाट पीडित व्यक्तिलाई

निजको अनुरोधमा जिल्ला कानूनी सहायता समिति मार्फत निःशुल्क कानूनी सहायता उपलब्ध गराउनेछ ।

१२ग. नेपाल सरकार वादी हुने : दफा ५क. मा उल्लिखित मुद्दा नेपाल सरकार वादी भई चल्नेछ र त्यस्तो मुद्दा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची-१ मा समावेश भएको मानिनेछ ।"

**(७) दफा १३ को,-**

(क) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"(१) कसैले अङ्गभङ्ग गरी वा तेजाव वा यस्तै प्रकारका अन्य पदार्थ छर्किइ वा सो पदार्थले पोली, डामी, दली, घसी जीउमा पीडा गराई वा अनुहार वा शरीरको कुनै अङ्ग कुरुप पारिदिने गरी शारीरिक यातना वा यौनजन्य यातना सम्बन्धी घरेलु हिंसाको कसूर गरेमा त्यस्तो व्यक्तिलाई प्रचलित कानून बमोजिम सजाय हुनेछ ।"

(ख) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छ :-

"(१क) कसैले उपदफा (१) मा लेखिए देखि बाहेकको अन्य घरेलु हिंसा गरेमा त्यस्तो व्यक्तिलाई तीन हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।"

(ग) उपदफा (४) मा रहेका "कुनै व्यक्तिले" भन्ने शब्दहरु पछि "आफ्नो पत्नी, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, नाबालक वा गर्भवती महिला विरुद्ध" भन्ने शब्दहरु थपिएका छन् ।

स्रोत : लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्ने सम्बन्धमा केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२





# महिला तथा बालबालिका बेचबिखन विरुद्ध सहकर्मी समूह नेपाल (एटविन)को संक्षिप्त प्रगति प्रतिवेदन

**(२०७३ साउन १ देखि २०७३ कार्तिक ३० सम्म) (१६ जुलाई देखि १५ नोभेम्बर २०१६ सम्म)**

**पृष्ठभुमिः**

महिला तथा बालबालिका बेचबिखन विरूद्ध सहकर्मी समूह, नेपाल (एटविन)को स्थापना सन् १९९७ मा भएको हो। महिला अधिकार, बाल अधिकार तथा मानव अधिकारको क्षेत्रमा काम गर्ने नेपाल भरिका ३६ वटा संघ संस्थाहरू यसमा संलग्न छन्। यो बेचबिखन विरूद्ध अधिकारमूखी दृष्टिकोणबाट नीतिगत तहमा वकालत गर्दै सक्रिय र क्रियाशील छ। एटविनले स्थापनाकाल देखिनै निरन्तर रुपमा मानव बेचबिखन विरूद्धमा विभिन्न अभियानहरु संचालन गर्दै आएको छ।

यस संजालको मुख्य उद्देश्यहरू महिला तथा बालबालिकाको बेचबिखन विरूद्ध सामाजिक चेतनाका निम्ति काम गर्ने, बेचविखन विरूद्ध भएका नीति नियम एवं कानुनको प्रभावकारी कार्यान्वयन एवं आवश्यकता अनुसार तिनीहरूको परिमार्जन र निर्माणका लागि सम्बन्धित निकायहरूलाई सघाउने तथा दबाव दिने, महिला तथा बालबालिका बेचबिखनको सवालमा क्षमता अभिवृद्धि गर्दै धारणागत स्पष्टता ल्याउने, बेचबिखन विरूद्धको संजाल बिस्तार गर्ने, जन वकालत तथा पैरवी गर्ने, महिला र बालबालिका बेचबिखनको मुद्दालाई जनस्तरदेखि नीति निर्माण तहसम्म र आवश्यकता अनुसार अन्तराष्ट्रिय स्तरसम्म पुऱ्याउने रहेका छन्। यस प्रतिवेदनमा २०७३ साउन १ देखि २०७३ कार्तिक ३० सम्म, चार महिनाको संक्षिप्त गतिविधि र उपलब्धिहरुलाई समेटिएको छ।

| क्र.स. | मिति | क्रियाकलाप | स्थान |
|---|---|---|---|
| १ | २०७३ भदौ ३ | **मानव बेचबिखन विरुद्ध कार्यरत संस्था/निकायहरु बिच समन्वय बैठक**<br>कार्यक्रममा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयका उपसचिव सुनिता नेपाल र GMSP बाट नानीमाया थापाले प्रस्तुति गर्नु भएको थियो। मानव बेचबिखन विरुद्ध कार्यरत संस्थाहरु बीच प्रभावकारी सहकार्य तथा समन्वय बढाउने यस कार्यक्रमको मुख्य उदेश्य रहेको थियो। कार्यक्रम विभिन्न संघसंस्था तथा सरकारी निकायबाट ४३ जनाको सहभागिता रहेको थियो। | नयाँ बानेश्वर, काठमाडौं |
| २ | २०७३ भदौ १७ | **संयुक्त राष्ट्रसंघको अन्तरदेशिय संगठित अपराध विरुद्ध महासन्धि अन्तर्गतको मानव विषेश गरि महिला तथा बालबालिकाको बेचबिखनलाई रोक्ने, दबाउने र सजाय गर्ने TIP प्रोटोकल अनुमोदनको आवश्यकता" विषयक कार्यक्रम**<br>कार्यक्रम एटविन र महिला, बालबालिका र समाजकल्याण मन्त्रालयको संयुक्त आयोजनामा दसौं मानव बेचबिखन विरुद्धको राष्ट्रिय दिवसको सन्दर्भमा भएको थियो। कार्यक्रममा गीता पाठक संग्रौलाको प्रस्तुति रहेको थियो। सो कार्यक्रमका मुख्य अतिथि महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा समाजकल्याण समिति, व्यवस्थापिका संसदका सभापतिमा. श्री रन्जु कुमारी झा हुनु हुन्थ्यो भने कार्यक्रमको अध्यक्षता MoWCSW का सचिव श्री मधु प्रसाद रेग्मीले गर्नुभएको थियो। कार्यक्रममा ५ जना सभासदहरु सहित ९५ जनाको सहभागीहरु सहभागिता रहेको थियो। कार्यक्रमाको उद्देश्य यस प्रोटोकोलको अनुमोदन रहेको थियो। | अनामनगर, काठमाडौं |

| | | | |
|---|---|---|---|
| ३ | २०७३ भदौ २७ | **मानव बेचबिखन विरुद्धको राष्ट्रिय कार्ययोजना सम्बन्धी कार्यक्रम**<br>मानव बेचबिखन बिरुद्धको जिल्ला समितिसँगको संयुक्त आयोजनामा एटविन सदस्य संस्था नारी शीप सिर्जना केन्द्रले मानव बेचबिखन विरुद्धको राष्ट्रिय कार्ययोजना सम्बन्धी आयोजना गरेको थियो। कार्यक्रममा एटविनको उपस्थिती रहेको थियो । बैठकको अध्यक्षता प्रमुख जिल्ला अधिकारीज्यूले गर्नु भएको थियो । | हेटौडा, मकवानपुर |
| ४ | २०७३ कार्तिक २६ | **ज्ञापनपत्र हस्तान्तरण**<br>मानव बेचबिखन तथा ओसारपसार न्यूनीकरणका लागि आवश्यक पहलहरुका लागि नीतिगत तथा कार्यान्वयन तहमा विभिन्न मुद्दाहरुलाई समेटेर महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय अन्तर्गतको मानव बेचबिखन नियन्त्रण शाखा तथा बालबालिका संरक्षण तथा विकास शाखाका प्रमुखज्यूहरुलाई ज्ञापन पत्र हस्तान्तरण गरियो । | सिंहदरबार, काठमाडौं |
| ५ | २०७३ भदौ २३ | **"आन्तरिक बेचबिखन, व्यवसायिक बाल यौन शोषण तथा मनोरञ्जन क्षेत्रका सेवा प्रदायकहरुलाई मार्ग निर्देशिकाको मस्यौदा सम्बन्धी कार्यशाला गोष्ठी"**<br>आन्तरिक बेचबिखन तथा व्यवसायिक बाल यौन शोषणको न्यूनीकरण तथा यसबाट प्रभावितहरुका लागि विभिन्न गैरसरकारी संस्थाहरुले विभिन्न सेवाहरु प्रदान गर्दै आएका छन् । उक्त सेवाहरुलाई थप प्रभावकारी बनाउन तथा एकरुपता ल्याउनका लागि एटविनले मार्ग निर्देशिकाको मस्यौदा तयार गरेको छ। उक्त मार्ग निर्देशिकामा सुझावका लागि कार्यशालाको आयोजना गरिएको थियो। मस्यौदा स्रोत व्यक्ति श्री मुना बस्नेतले गर्नु भएको थियो। कार्यक्रममा ५० जनाको सहभागिता रहेको थियो । | बुद्धनगर, काठमाडौं |
| ६ | २०७३ असोज १९ | **"व्यवसायिक बाल यौन शोषण तथा मनोरञ्जन क्षेत्रमा रहेको आन्तरिक बेचबिखनको समस्या तथा समाधानका उपायहरु" विषयक कार्यशाला गोष्ठी"**<br>आन्तरिक बेचबिखन तथा व्यवसायिक बाल यौन शोषण, मानव बेचबिखनको एक गम्भीर समस्याको रुपमा रहदै आएको छ । यस क्षेत्रमा कार्यरत महिलाहरुको अवस्था, समस्या तथा चुनौतीका बारेमा एटविनले यस क्षेत्रमा कार्यरत महिला तथा किशोरीहरुसँग बन्द कार्यशालामा छलफल गरेको थियो। उक्त कार्यशालाबाट आएका विषयवस्तुको प्रस्तुति सहित यस क्षेत्रलाई शोषण रहित र व्यवस्थित बनाउनका लागि सरोकारवालाहरुसँग कार्यशाला गोष्ठिको आयोजना गरिएको थियो। गोष्ठिमा ५६ जनाको सहभागिता रहेको थियो । | बुद्धनगर, काठमाडौं |

| | | | |
|---|---|---|---|
| ७ | २०७३ कार्तिक ५ | **मानव बेचबिखन अन्त्यका लागि दिगो विकास लक्ष्य २०३० को प्रभावकारी कार्यान्वयन- अभिमुखिकरण गोष्ठी**<br>एटविनले दिगो विकासको निर्माण क्रममा मानव बेचबिखनको मुद्दालाई लिएर राष्ट्रिय स्तरमा वकालत गरेको थियो। दिगो विकास लक्ष्य आईसकेको सन्दर्भमा यसमा भएको मानव बेचबिखन लगायतका महिला तथा बाल अधिकारको विषयवस्तु र दिगो विकास लक्ष्य २०३० भनेको के हो र यसको प्रभावकारी कार्यान्वयनको आवश्यकता सम्बन्धी एटविन सदस्य संस्थाहरुलाई अभिमुखीकरण गोष्ठिको आयोजना गरियो । कार्यक्रमका स्रोत व्यक्ति गैसस महासंघका कार्यकारी निर्देशक श्री दया सागर श्रेष्ठ हुनुहुन्थयो । कार्यक्रममा ३३ जनाको सहभागीता थियो । | नयाँ बानेश्वर, काठमाडौं |
| ८ | २०७३ कार्तिक २४ | **संचारमा (छापा) मानव बेचबिखन तथा ओसारपोसार सम्बन्धमा प्रकाशन सामाग्रीहरुको विश्लेषण**<br>एटविनले कार्यालयमा आउने गरेका दैनिक पत्रपत्रिकाहरुमा आएका मानव बेचबिखन तथा ओसारपसारका मुद्दाहरुलाई विश्लेषण गरेको थियो र सो अनुसन्धानबाट आएका तथ्यहरुको संकलन गरी सरोकारवालाहरु माझ जानकारी गराइएको थियो। सो का विश्लेषण, विश्लेषक श्री प्रवास पोखेलले गर्नु भएको थियो । कार्यक्रममा महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयका प्रतिनिधि लगायत विभिन्न सरकारी तथा गैर सरकारी संघसंस्थाहरुको सहभागिता रहेको थियो। कार्यक्रममा जम्मा ४० जनाको सहभागिता रहेको थियो। | नयाँ बानेश्वर, काठमाडौं |
| | **"भूकम्प प्रभावित समुदायको पुनलाभ तथा पुनस्थापनाको लागि सञ्चार तथा सामाजिक परिचालन"** | | |
| ९ | निरन्तर | **दस्तावेजीकरण र प्रतिवेदन**<br>परियोजना अन्तर्गतका मुख्य गतिविधिहरुलाई अडियो तथा भिडियो दुवै रुपमा दस्तावेजीकरण भएको छ। | काठमाडौं, काभ्रे, धादिङ्ग, मकवानपुर, दोलखा तथा सिन्धुपालचोक |
| १० | भाद्र २४ २०७३ | **मानव बेचबिखन तथा असुरक्षित स्थानागमन विरुद्ध राष्ट्रिय स्तरमा सञ्चारकर्मीसँग अन्तरक्रिया कार्यक्रम**<br>विभिन्न सञ्चार माध्यममा आवद्ध सञ्चारकर्मीसँग मानव बेचबिखन विरुद्ध तथा असुरक्षित स्थानागमन विषयमा समाज तथा राष्ट्रिय स्तरमा के कस्तो भूमिका खेलेको छ र आगामी दिनका कसरी थप प्रभावकारी बनाउन सकिन्छ भन्ने विषयमा राष्ट्रिय स्तरमा सञ्चारकर्मीसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ। कार्यक्रममा संचारकर्मी विजय पौडेलले कार्यपत्र प्रस्तुतका साथै घनिभूत रुपमा सञ्चारकर्मीसँगको अन्तरक्रिया भएको थियो। उक्त कार्यक्रममा जम्मा ५१ जनाको सहभागिता रहेको थियो। | बुद्धनगर, काठमाडौं |

| | | | |
|---|---|---|---|
| ११ | २०७३ असोज १४ | **साझेदार संस्थाहरुसँग प्रथम त्रैमासिक पुनरावलोकन बैठक**<br>परियोजनाका ५ वटा जिल्लाहरु सिन्धुपाल्चोक, दोलखा, काभ्रे, धादिङ्ग तथा मकवानपुरका साझेदार संस्थाहरुसंग प्रथम त्रैमासिका गतिविधिहरुको प्रगति, चूनौति, समस्या तथा आगामी योजनामाथि छलपल गरियो । कार्यक्रममा युनिसेफका प्रतिनिधि सहित २५ जनाको सहभागिता रहेको थियो । | नयाँ बानेश्वर, काठमाडौं |
| | **सिन्धुपालचोक, दोलखा, काभ्रे, धादिङ्ग तथा मकवानपुरमा सम्पन्न गतिविधिहरु** | | |
| १२ | २०७३ असार र साउन | **जिल्लास्तरका सरोकारवालाको अभिमूखीकरण**<br>जिल्ला स्तरका परियोजनासँग सम्बधित सरोकारवालाई कार्यक्रमको बारेमा जानकारी दिने र त्यसको प्रभावकारी कार्यान्वयनको लागि सहयोगी वातावरण सिर्जना गर्ने साथै समन्वयलाई शसक्त गरी परियोजना गतिविधिलाई प्रभावकारी बनाउने उद्देश्यका साथ ५ वटा जिल्लामा सरोकारवालाको अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ । जसमा मकवानपुर तथा धादिङ्गमा प्रमुख जिल्ला अधिकारी तथा सिन्धुपाल्चोक तथा काभ्रेका स्थानीय विकास अधिकारीको अध्यक्षतामा तथा विभिन्न सरकारी तथा गैर सरकारी संघसस्थाको प्रतिनिधिको उपस्थिति रहेको थियो । उक्त कार्यक्रममा युनिसेफ तथा एटविनको पनि उपस्थित रहेको थियो । | काभ्रे, धादिङ्ग, मकवानपुर, दोलखा तथा सिन्धुपालचोक |
| १३ | २०७३ असोज देखि सञ्चालित | **सामुदायिक अन्तरक्रिया सत्र :**<br>५ वटा जिल्लाका युवा परिचालकद्वारा विभिन्न समूहहरु जस्तै : बाल क्लब, युवा क्लब तथा किशोर किशोरी समुहसँग विपद्, मानव बेचविखन, सुरक्षित स्थानागमन, लैगिंक हिंसाका बारेमा सत्रहरु सञ्चालन भईरहेको छ । जसले गर्दा समुदायमा विपद पछिको मानव बेचबिखन तथा असुरक्षित स्थानागमनको सम्भावित जोखिमको कसरी सचेत हुन सकिन्छ भन्ने बारेमा सुसूचित भएका छन् । | |
| १४ | २०७३ भदौ र असोज | **जिल्लास्तरीय प्रशिक्षक प्रशिक्षण तालिम (६ दिने)**<br>मानव बेचबिखन तथा असुरक्षित स्थानागमन विरुद्ध सामुदायिक आउटरिच कार्यकर्ता र युवा परिचालकका लागि ६ दिने प्रशिक्षकका लागि प्रशिक्षण जिल्लामा सम्पन्न भएको छ । ५ वटा जिल्लाका ६ वटा साझेदार संस्थाहरुले आयोजना गरेका उक्त ६ दिने कार्यक्रममा एटविनका अध्यक्ष तथा उपाध्यक्ष लगायत अन्य कार्यकारी सदस्यहरु तथा सम्बन्धित कर्मचारीबाट अनुगमन तथा सहयोग भएको छ । | |
| **सह आयोजक** | | | |
| | २०७३ भदौ २० | **दसौं मानव बेचबिखन विरुद्धको राष्ट्रिय दिवस– भदौ २०**<br>संयुक्त आयोजक- सम्बन्धित संघ संस्था, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | काठमाडौं |
| | २०७३ असोज ७ | विद्यालयमा भएको बमकाण्डको विरोधमा धर्ना प्रदर्शन<br>संयुक्त आयोजक- CZOPP | काठमाडौं |

| एटविन सुचना तथा स्रोत केन्द्र | | | |
|---|---|---|---|
| | २०७३ साउन १ देखि २०७३ कार्तिक ३० सम्म | प्रयोगकर्ता - २० जना | काठमाडौं |
| | | विविध प्रकाशनहरु प्राप्त - ५१५ | |
| | | विविध प्रकाशनहरु वितरण - ५९२७ | |
| **विभिन्न संस्थागत बैठकहरू :** | | | |
| १ | २०७३ साउन १ देखि २०७३ कार्तिक ३० सम्म | साधारण सभा - १ पटक | काठमाडौं |
| २ | | त्रैमासिक नियमित बैठक - १ पटक | |
| ३ | | कार्य समिति बैठक - २ पटक | |
| ४ | | प्रकाशन समितिको बैठक - ३ पटक | |
| ५ | | नयाँ सदस्यता सिफारिश समिति - १ पटक | |
| ६ | | विविध बैठक - ४१ पटक | |

**विभिन्न निकाय तथा विषय वस्तुमा संयोजन तथा सहकार्य :**

- मानव तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समिति/बालबालिका तथा समाज कल्याण मन्त्रालय
- राष्ट्रिय मानव अधिकार आयोग
- राष्ट्रिय महिला आयोग
- महिला तथा बालबालिका कार्यालय
- महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धिको वैकल्पिक प्रतिवेदन २०१६
- दिगो विकास लक्ष्य/Sustainable Development Goal (SDG)
- मेन इन्गेज अलायन्स नेपाल (Men Engage Alliance Nepal)
- EU Working Group on HR Defenders/German Embassy
- National Action and Coordination Group (NACG), supporting body to South Asia Initiative to End Violence Against Children [SAIEVAC]: SAARC Apex Body
- Regional CSO Engagement Mechanism (RCEM)

# 'महिला र बालबालिका बेचबिखनको उच्च जोखिममा'



बितिसकेको र महिला मन्त्री नहुनुमा प्रमुख दल जिम्मेवार नरहेको बुझ्न सकिने झाले औंल्याइन्।

एमाले संसद् पेम्बा लामाले मानव बेचबिखनको रूप परिवर्तन हुनु समाज दासता उन्मुख भएको धारणा राखिन्।

मानव बेचबिखन, महिला

# मानव बेचबिखनविरुद्ध संगठित हुन जोड

नेपाल समाचारपत्र

काठमाडौं

मानव बेचविखन तथा ओसारपसार गम्भीर अपराध भएकाले त्यसलाई न्यूनीकरण गर्न देशभरका महिला अधिकार, मानव अधिकार र बाल अधिकारमा काम गर्ने संघ-संस्थालाई संगठित गर्नुपर्नेमा जोड दिइएको छ।

संयुक्त राष्ट्र संघीय बाल विकास कोष (युनिसेफ) र महिला तथा बालबालिका बेचविखनविरुद्ध सहकर्मी समूह (एटविन) द्वारा संयुक्तरूपमा आयोजित कार्यक्रममा ...

सरोकारवालासँग अन्तर्क्रिया गरी सचेतना फैलाउनुपर्ने बताउँदै त्यस्ता घटनामा संलग्नलाई कडा कारबाही गर्नुपर्नेमा जोड दिनुभयो।

नेपाल पत्रकार महासंघ ... उपाध्यक्ष अनिता बिन्दुले सो वि... निकै संवेदनशील भएको भए ... समाचार सम्प्रेषणमा प्राथमि... पर्न नसकेकामा चिन्ता व्य... सञ्चारमाध्यम तथा पत्रका... किसिमका समाचारमा निरन्... गर्नुपर्ने बताउनुभयो।

पत्रकार विजय ... भूकम्पपछि राहत बा... अस्थायी शिविर ... दलालले ढेढ दर्जन य...

# मानव बेचविखनको अवस्था भयावह

नेपाल समाचारपत्र

काठमाडौं

महिला तथा बालबालिका बेचविखनविरुद्ध सहकर्मी ... (एटविन) ...

तथा ओसारपसारसम्बन्धी समाचारको समीक्षा गरी तयार पारिएको सो प्रतिवेदन एक कार्यक्रमका बीच ... गरिएको ...

बताउँदै ...

... महिला तथा ... समस्याका ... समावेश ... पत्रकार ... सम्बन्धी ... चालन ... कलन ... उने

# Campaign against human trafficking begins

Himalayan News Service

*Kathmandu, September 2*

To mark the 10th Nationa... against Human Traffickin... Smuggling, a week-long ca... with the slogan 'Ending ... Trafficking is our concern... gun from today. The cam... last until September 6.

"The government dec... serve National Day aga... Trafficking and Smugg... to combat the issue o... ficking," said Secreta...

...try for Women, Children, and Social Welfare Madhu Prasad Regmi, adding, "This year, we intend to involve ...udents in the rally. We are also or... ...n interaction programme ...nd honouring four ... for their ...

below 18 years of age were trafficked in the fiscal 2014/15. Seven times more females were trafficked than males.

"Incidents of human trafficking have increased by 15 per cent after the earthquake last year," said advocate Anjan Kumar Dahal.

As per different NGOs and police ...9,500 people were attempt... ...ked, and 8,500 were ... of 2014/15.

# मानव बेचबिखनविरुद्ध सङ्गठित हुन जोड

गोरखापत्र समाचारदाता

काठमाडौँ, भदौ २४ गते। मानव बेचबिखन तथा ओसारपसार गम्भीर अपराध भएकाले त्यसलाई न्यूनीकरण गर्न देशभरका महिला अधिकार, मानव अधिकार, बाल अधिकारका क्षेत्रमा काम गर्ने सङ्घसंस्था सङ्गठित हुनुपर्नेमा जोड दिइएको छ।

संयुक्त राष्ट्रसङ्घीय बालविकास कोष (युनिसेफ) र महिला तथा बालबालिका बेचबिखनविरुद्ध सहकर्मी समूह (एटविन)द्वारा संयुक्त रूपमा शुक्रबार राजधानीमा आयोजित सञ्चारकर्मीसँगको अन्तर्क्रियामा सहभागीले अशिक्षा, बेरोजगारी तथा वैदेशिक रोजगारीका नाममा मानव ओसारपसार तथा बेचबिखनसमेत हुनेगरेको बताएका हुन्।

युनिसेफका प्रतिनिधि रुद्रजित दासले बेचबिखनसम्बन्धी ऐन/कानुन, बेचबिखन अन्त्यका उपाय, बेचबिखनको अवस्थाबारेमा सरोकारवालासँग अन्तर्क्रिया गरी सचेतना फैलाउनुपर्ने बताउँदै त्यस्ता घटनामा संलग्नलाई कडा कारबाही गर्नुपर्नेमा जोड दिनुभयो।

नेपाल पत्रकार महासङ्घका उपाध्यक्ष अनिता विन्दूले यो विषय निकै संवेदनशील रहे पनि समाचार सम्प्रेषण गर्दा प्राथमिकतामा पर्न नसकेकोमा चिन्ता व्यक्त गर्दै सञ्चारमाध्यम तथा पत्रकारले यस किसिमका समाचारमा निरन्तर खोजी गर्नुपर्ने बताउनुभयो।

पत्रकार विजय पौडेलले कार्यपत्र प्रस्तुत गर्दै भूकम्पपछि राहत बाँड्ने नाममा अस्थायी शिविर पुगेका केही दलालले डेढ दर्जन युवतीलाई यौन बजारमा बेचेको समाचार आएकाले यस क्षेत्रमा जोखिम रहेको विचार व्यक्त गर्नुभयो।

दिगो विकासका लागि सञ्चारमाध्यमको परिचालन नेपालका अध्यक्ष रूपा शर्मा (नेहा) ले मानव बेचबिखनसम्बन्धी समाचारको खोजी गर्दा आफूलाई पटकपटक ज्यान मार्ने धम्कीसमेत आएको बताउँदै यस्ता समाचारको खोजमा संलग्न सञ्चारकर्मीलाई सरकारले विशेष सुरक्षा प्रदान गर्नुपर्ने माग गर्नुभयो।



# भारत बेच्न लगेका आठ बालकको उद्धार, तीन पक्राउ

बारा समाचारदाता

बारा, भदौ २९ गते। भारततर्फ बालक बेच्न लैजाँदै गरेको अवस्थामा बालकको उद्धारसँगै सशस्त्र प्रहरीले तीन जनालाई पक्राउ गरेका छन्।

पक्राउ पर्नेमा मकवानपुर–६ गोगनेका ३१ वर्षीय करण सिंह वाईवा, १६ वर्षीय दोर्जे लामा र दोलखा जिल्ला गाविस मागदौव–५ का २९ वर्षीय अनिता तामाङलाई पक्राउ गरिएको सीमा सुरक्षा कार्यालय बाराका ... उपरीक्षक कुमार न्यौपानेले जानकारी दिए...

उहाँका अनुसार ...

# हराएका बालबालिका र युवती भेटिएको खबर आउँदैन

नवीनराज कुइँकेल

बेंसीसहर, साउन २७ ... बर्सेनि ...

...देखि ३० वर्षसम्मका ५ जना, ३१ देखि ...५ वर्षसम्मका २ जना, ३६ देखि ४० ...सम्मका १ जना र ४१ देखि माथिका ...ना रहेका छन्। ...हरीको तथ्याङ्कअनुसार ...नो आर्थिक वर्ष २०७१/७२ ... जना महिला र २० जना ...लिका हराएका थिए। ...ध्ये १८ महिला र ७ जना ... फेला परेको जिल्ला प्रहरी ...ताएको छ। अघिल्लो ...मा गत वर्ष महिला ...का हराउने सङ्ख्या ...नाएको छ। प्रहरी ...कअनुसार आर्थिक ...

# श्रीलंका जाने महिलामाथि दिल्लीमा कडाइ

# मानव तस्करीको नयाँ गन्तव्य चीन

जनकराज सापकोटा

# मानव तस्करीमा श्रीलंका रुटको प्रयोग बढ्यो

जनकराज सापकोटा

काठमाडौं– घरेलु कामदार (हाउसमेड) का लागि ...

सक्दैनन्। जसले गर्दा मानव तस्करीमा संलग्नको पहिचान गर्न समस्या ...

प्रहरी निरीक्षक राजेश पुरीका अनुसार यसरी अवैध रूपमा कामदार पुऱ्याएबापत दलालहरूले एजेन्सीबाट प्रतिव्यक्ति झन्डै तीन लाख रुपैयाँ बुझ्छन्। पुरीका अनुसार धेरैजसो अशिक्षित र दुर्गम ...का महिला भएका कारण उनीहरूले ...स्करीबारे विस्तृतमा बताउन सक्दैनन्। ...नीहरूलाई आफूलाई पठाउने र ...न आउने एजेन्टबारे पनि थाहा ...। भारतीय एजेन्टले श्रीलंकाका ...फूले पठाएका महिलाको ...हुन्छन्। त्यसैका भरमा ...न्टले पहिचान गर्छन्। ...ल थापाका अनुसार ...र् हुने क्रम पछिल्लो ... जसले श्रीलंका रुट ... निम्ति चल्तीको ...

# पाँच सय महिला सम्पर्कविहीन

नेपाल समाचारपत्र

बाँके

रोजगारीका लागि भारत तथा भारत हुँदै तेस्रो मुलुक पुगेका ५ सय बढी महिला सम्पर्कविहीन भएका छन्। कामका लागि गएका आफन्तीहरू सम्पर्कविहीन भएपछि परिवारजनले सङ्घसंस्थाहरूमा खोजतलासका लागि निवेदन दिएका ...

माइती इन्डियाको रूपमा काम गर्न थालेपछि खोजतलास र उद्धारको संख्या बढेको नेपालगन्जका संयोजक केशव कोइरालाले बताउनुभयो।

विभिन्न प्रलोभन दिएर दलालले भारतीय बाटो हुँदै नेपाली महिलालाई तेस्रो मुलुकमा पुऱ्याउने गर्दछ। भाषा, सीप मात्रै होइन, आफू कुन देशमा कुन कामका लागि जाँदै छु भन्नेसम्म हेक्का नगरी दलालको पछि लाग्दा ...

यात्रामा रहेको पत्ता लागेपछि उनीहरूलाई अवधिक गृहमा राखेर काउन्सिलिङ गरिएको थियो। गत वर्ष ५ सय ९ जनालाई यसरी नाकाबाट फिर्ता गरिएको थियो। माइती नेपालले यो वर्ष श्रम तथा ...

महिलाको यसरी जीवन नै बर्बाद गराउनेविरुद्ध कारबाही भने न्यून हुने गरेको पाइन्छ। यो वर्ष ४ जनालाई मानव बेचबिखन तथा ओसारपसारमा मुद्दा चलाइएको छ। गत वर्ष ७ जनाविरुद्ध मुद्दा ...

आर्थिक प्रलोभनमा पार्ने गर्दछ। पीडितको सुरक्षाको चुनौती पनि रहने गर्दछ। बाँकेमा बयान बदल्नेलाई कारबाहीको व्यवस्था गरिएपछि यस्तो घटनामा कमी आएको अधिवक्ताहरू ...

# यस्तो छ अमेरिकामा मानव तस्करीको धन्दा

## बैंकक, सिंगापुर, जापान र ...

...टपेन्द्र कार्की/राजधानी

काठमाडौं, २३ भदौ

नेपालबाट अवैध तरिकाले अमेरिकाको टेक्सासस्थित शरणार्थी क्याम्पमा मानव बेचबिखन तथा ओसारपसार गर्ने एक समूह काठमाडौंमा पक्राउ परेको छ।

पक्राउ पर्नेमा रुकुम स्थायी घर भई ललितपुर बस्ने ३२ वर्षीय नवीन भन्ने नवराज खत्री र बाग्लुङ घर भई लैनचौर बस्ने ३७ वर्षीय सागर शिरीष छन्। महानगरीय प्रहरी अपराध महाशाखाले उनीहरूलाई पक्राउ गरेको हो।

नवलपरासी रूपौलियाका २८ वर्षीय प्रेमनारायण महतो केही डलरसहित पक्राउ ...

प्रतिव्यक्ति २० देखि ३० लाख रुपैयाँसम्म लिने गरेको अनुसन्धानबाट खुलेको छ। उनीहरूले यसका लागि काठमाडौंबाट दिल्ली, बैंकक, जापान, फ्रान्स, मेक्सीको हुँदै अमेरिकाको रुट प्रयोग गर्ने गरेको पनि पाइएको छ।

प्रहरीका अनुसार, सोही गिरोहको प्रलोभनमा परी महतोसहित अन्य तीनजना पनि अमेरिका जाने तयारीमा रहेका थिए। महाशाखाका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) सर्वेन्द्र खनालका अनुसार उनीहरूले अमेरिका पठाउन तीनवटा रुट प्रयोग गर्दै आएका थिए। उनीहरूले बेलाबेलै रुटमार्फत अमेरिकाको ...

लाख लिने गरेक... पुगेपछि कानुन... व्यक्तिलाई १०... क्याम्पमा पुगे... किस्तामा ३०... प्रहरीका अनु... पठाउन अस... प्रयोग गरेक...

# पाँच हजार चेली बेच्ने भारतीय दम्पती पक्राउ

काठमाडौं/रास– पाँच हजार नेपाली र भारतीयलगायत अन्यदेशका चेलीबेटी बेचेको आरोपमा एक दम्पतीसहित ६ सहयोगी पक्राउ परेका छन्। मानव ...

देशका युवतीहरूलाई किनेर कोठरीमा २ लाख भन्दा बढी पैसामा बेच्ने गरेको प्रहरीको दावी छ। प्रहरीले ती दम्पतिलाई पक्राउ गरे पनि ...